आज मिति २०८२ साल असार १० गते मंगलबार बिहान १० बजे देखि यस घ्याङलेख गाउँपालिकाका अध्यक्ष श्री जगत बहादुर भोलनज्यूको अध्यक्षतामा निम्न पदाधिकारी, गाउँ सभा सदस्यहरु तथा कर्मचारीहरुको उपस्थितिमा घ्याङलेख गाउँपालिकाको गाउँ सभाको १७औं अधिवेशनको पहिलो बैठक प्रारम्भ भई तपसिल अनुसारका कार्यसूची(प्रस्ताव) मा छलफल भई निम्नानुसारका निर्णय गरियो।

## उपस्थिती

| क्र.स. | नाम, थर | पद | हस्ताक्षर | कै. |
|---|---|---|---|---|
| १. | श्री जगत बहादुर भोलन | अध्यक्ष | [signature] | |
| २. | श्री शंकरमान घलान | सदस्य | [signature] | |
| ३. | श्री सोम बहादुर भोलन | सदस्य | [signature] | |
| ४. | श्री शान्ति कुमारी स्याङ्तान | सदस्य | [signature] | |
| ५. | श्री गंगा माया कामी | सदस्य | [signature] | |
| ६. | श्री राम कुमार थिङ | सदस्य | [signature] | |
| ७. | श्री ज्ञान बहादुर थिङ | सदस्य | | |
| ८. | श्री रोशन कुमार भोलन | सदस्य | [signature] | |
| ९. | श्री धनमाया थोकर | सदस्य | | |
| १०. | श्री सान्नानी नेपाली | सदस्य | सान्नानी | |
| ११. | श्री तेजलाल थिङ | सदस्य | [signature] | |
| १२. | श्री टिका नारायण थामी | सदस्य | टिका | |
| १३. | श्री निश्चल सुनुवार | सदस्य | | |
| १४. | श्री सरिना धोङ | सदस्य | सरिना | |
| १५. | श्री बेलीमाया कामी | सदस्य | बेली | |
| १६. | श्री धन कुमार घोले | सदस्य | [signature] | |

| क.स. | नाम, थर | पद | हस्ताक्षर | कै. |
|---|---|---|---|---|
| १७. | श्री बुद्ध गोले | सदस्य | | |
| १८. | श्री अमृत वाईबा | सदस्य | | |
| १९. | श्री साल माया लो | सदस्य | | |
| २०. | श्री बुध माया सार्की | सदस्य | | |
| २१. | श्री जगत बहादुर मुरी मगर | सदस्य | | |
| २२. | श्री सुक लाल थोकर | सदस्य | | |
| २३. | श्री ज्ञान बहादुर सिजाली मगर | सदस्य | | |
| २४. | श्री रमा कुमारी त्याङ्मी | सदस्य | | |
| २५. | श्री गीता कुमारी कामी | सदस्य | | |
| २६. | श्री बसन्त नारायण तामाङ | सदस्य | | |
| २७. | श्री पदम बहादुर लो | सदस्य | | |
| २८. | श्री मिठु कुमारी विश्वकर्मा | सदस्य | | |
| २९. | श्री निम बहादुर थामी | सदस्य | | |
| ३०. | श्री दाताराम प्याकुरेल | सचिव | | |

## अन्य उपस्थिती

| क्र.स. | नाम, थर | पद | हस्ताक्षर | कै. |
|---|---|---|---|---|
| १. | चक्र बहादुर पाईन | नेकपा माओवादी केन्द्र गा.क. अध्यक्ष | [signature] | |
| २. | प्रदिप लामा थोकर | | [signature] | |
| ३. | इक बं आले | वि.बं. | [signature] | |
| ४. | संसार घिमिरे | का.स. | [signature] | |
| ५. | जिवन घिमिरे | सुचना प्र.अ. | [signature] | |
| ६. | सुदिप थापा | इं.अ. | [signature] | |
| ७. | मनिका घलान | का.स. | [signature] | |
| ८. | अजय कुमार काम्बा | ह.स.चा. | [signature] | |
| ९. | रवि कुमार गोर्ले | MIS अपरेटर | [signature] | |
| १०. | योगमाया श्रेष्ठ | सि.अ.अ. | [signature] | |
| ११. | दिल कुमार श्रेष्ठ | का.अ.वडा नं. ४ | [signature] | |
| १२. | छत्र बहादुर बल | वडा सचिव-३ | [signature] | |
| १३. | सन्त माया अर्गामिगार | का.स. | [signature] | |
| १४. | चाँदनी अर्गामिगार | को.ले. | [signature] | |
| १५. | चिर बहादुर स्याङ्तान | सब-इन्जिनियर | [signature] | |
| १६. | सुब्बा सिं थिङ | रोजगार सहायक | [signature] | |
| १७. | लाल ब. स्याङ्तान | वडा नं. ४ | [signature] | |
| १८. | महेन्द्र यादव | स्वा. संयोजक | [signature] | |

... गाउँपालिका कार्यपालिकाको कार्यालय
... सिन्धुली
बागमती प्रदेश, नेपाल
२०७३

| क्र.स. | नाम, थर | पद | हस्ताक्षर | कै. |
|---|---|---|---|---|
| १९. | लघुराम घोलान | का.स. | | |
| २०. | लक्ष्मी स्याङतान | कम्प्युटर अपरेटर | | |
| २१. | लाल ब० स्याङतान | [illegible] पहाडीया | | |
| २२. | राजकुमार थापा | वडासचिव | | |
| २३. | रविन्द्र कुमार श्रेष्ठ | प्र.अ. | | |
| २४. | वाङछु स्याङतान | [illegible] | | |
| २५. | भीम ब० लामिछाने | का.स. | | |
| २६. | [illegible] | हे.स. | | |
| २७. | भूमिका जोशी | म.वि.नी<br>२ नं वडा सचिव | | |
| २८. | सरस्वती सुनुवार | ना.प्रा.स. | | |
| २९. | उमा कुमारी [illegible] | फि.मु. | | |
| ३०. | [illegible] | | | |
| ३१. | [illegible] | हे.वि. सवारी चालक | | |
| ३२. | लाल ब० [illegible] | | लालबहादुर | |
| ३३. | भीम सागर घलान | कम्प्युटर सहायक | | |
| ३४. | राज कुमार [illegible] | " " | | |
| ३५. | नारायण ध्वज वाइबा | क.सं. प्राविधिक | | |
| ३६. | अर्जुन कुमार श्रेष्ठ | अ०हे०व० | | |
| ३७. | विष्णु कुमार राना | सि० अ०हे०व० | | |

| क्र.स. | नाम, थर | पद | हस्ताक्षर | कै. |
|---|---|---|---|---|
| ३८. | राम नाथ मण्डल | सि.अ.हे.व. आधिकृत | Mandal | |
| ३९. | नरहरि [illegible] | अमिन | [illegible] | |
| ४०. | विक्रम थिङ | ना. प्रा. प्रा | [illegible] | |
| ४१. | मिङमा छिरिङ घोले | गा.पा. अनुदान शिक्षक | [illegible] | |
| ४२. | अम्बिका स्याङ्तान | गा.पा. शिक्षक (अनुदान) | Damang | |
| ४३. | फुलमती सुनुवार | शिक्षक | [illegible] | |
| ४४. | कविन्ता लक्ष्मी सुनुवार | परिचालिका | [illegible] | |
| ४५. | हरि माया लो | प्रा० वि० शिक्षक | [illegible] | |
| ४६. | जनक स्याङ्तान | तं.का. प्राविधिधी | [illegible] | |
| ४७. | रामलाल मोलन | वडासचिव वडा नं. १ | [illegible] | |
| ४८. | मिन बहादुर थामी | वडा १ | [illegible] | |
| ४९. | दुर्गा धन थिङ | अमिन इटा | [illegible] | |
| ५०. | प्रकाश खातिवडा | न्यायिक सहजकर्ता | [illegible] | |
| ५१. | महन्त कुमार राईवा | रोजगार संयोजक | [illegible] | |
| ५२. | कमला गौतम | उ.शि.त. | KG | |
| ५३. | हिरा आपकोटा | उ० वि० स | HC | |
| ५४. | महेश्वर दाहाल | लो० वि० | Dahal | |
| ५५. | | | | |
| ५६. | | | | |

**घ्याङलेख गाउँपालिका**

**ཀྱང་ལེགས་ གའུ་པ་ལི་ཀ།**

**गाउँ सभाको १७औं अधिवेशनको पहिलो बैठक**

**प्रस्ताव तथा निर्णयहरु**

**(मितिः २०८२।०३।१०)**

**समयः- बिहान १०.०० बजे**

घ्याङलेख गाउँपालिका कार्यपालिकाको कार्यालय हाकुटार, सिन्धुली बागमती प्रदेश, नेपाल २०७३

**<u>प्रस्तावहरुः</u>**

१. आ.व.२०८२।०८३ का लागि तयार गरेको निति तथा कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा ।

२. घ्याङलेख गाउँपालिकाको चालु आ.व. २०८१।०८२ को कर, दस्तुर, सेवा शुल्क बारेमा समीक्षा र आगामी आ.व. २०८१।०८२ को आर्थिक विधेयक मस्यौदा पेश गर्ने सम्बन्धमा ।

३. विनियोजन विधेयक पेश गर्ने सम्बन्धमा ।

४. बजेट वक्तव्य सम्बन्धमा ।

५. कार्यसम्पादन गर्दा आईपर्ने बाधा व्यवस्थापन सम्बन्धमा ।

६. गाउँपालिकाको पदाधिकारी बैठक तथा गाउँपालिकाबाट संचालन हुने तालिम, गोष्ठी तथा सेमिनारको खर्च सम्बन्धमा ।

७. गाउँपालिकाको स्थानीय दररेट निर्धारण गरी लागु गर्न गाउँ कार्यपालिकालाई अधिकार दिने सम्बन्धमा ।

८. गाउँपालिका समुन्नत विकासका लागि देश विदेशका स्थानीय तहसँग भगिनी सम्बन्ध कायम गर्न गाउँ कार्यपालिकालाई अधिकार दिने सम्बन्धमा ।

९. स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण र अभिलेख सम्बन्धमा ।

१०. दुई वा दुई भन्दा बढी स्थानीय तहलाई जोड्ने योजना सञ्चालन गर्न गाउँ कार्यपालिकालाई अधिकार दिने सम्बन्धमा।

११. गाउँपालिकालाई बुझाउन बाँकी कर, पेश्की, बेरुजु, ऋण तथा अन्य बक्यौता सम्बन्धमा।

१२. विभिन्न विषयगत तथा अन्य समितिहरु गठन सम्बन्धमा।

१३. सार्वजनिक, ऐलानी र पर्ति जग्गा सम्बन्धमा।

१४. म्याद थप गर्ने सम्बन्धमा।

१५. गाउँपालिका वातावरणमैत्री, अपाङ्गमैत्री सम्बन्धमा।

१६. न्यायीक समितिले पेश गरेको प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा।

१७. उपभोक्ता समितिको १० प्रतिशत लागत सहभागिता सम्बन्धमा।

१८. प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता सम्बन्धमा।

१९. कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धमा।

२०. कार्यालयको दरवन्दीमा कार्यरत स्थायी कर्मचारीहरुको साविक खाईपाई आएको सुविधा सम्बन्धमा।

२१. विभिन्न मितिमा गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतको तोक आदेशमा भएका निर्णय तथा कार्यलाई अनुमोदन गर्ने सम्बन्धमा।

शंकरमान घलान
उपाध्यक्ष

दाताराम प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर मोलन

२२. महशुल सम्बन्धमा।

२३. सवारी साधन दर्ता, नवीकरण, बीमा र जिम्मेवारी सम्बन्धमा।

२४. योजना तथा कार्यक्रम वडा कार्यालयबाट सञ्चालन गर्ने सम्बन्धमा।

२५. दरबन्दी सिर्जना तथा कर्मचारी भर्ना र गाउँपालिकाबाट अनुदान तर्फ तलब भत्ता भुक्तान गर्ने शिक्षक/कर्मचारी नियुक्ति सम्बन्धमा।

२६. सेवा करार म्याद थप सम्बन्धमा ।

२७. उत्कृष्ट कर्मचारी, प्रधानाध्यापक, शिक्षक, कृषक, उपभोक्तालाई सम्मानित गर्ने सम्बन्धमा।

२८. गाउँसभाको अधिवेशन नबसेको समयाम हुने अत्यावश्यक विषयको निर्णय सम्बन्धमा।

२९. करार, ज्यालादारी कर्मचारी र शिक्षक तथा विद्यालयमा कार्यरत कर्मचारीहरुको तलब भत्ता निर्धारण सम्बन्धमा।

३०. कर्मचारीको कार्यसम्पादन सम्बन्धमा।

३१. गाउँपालिकालाई अति आवश्यक पर्ने पदमा कर्मचारी भर्ना सम्बन्धमा।

दाताराम प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

शंकरमान घलान
उपाध्यक्ष

जगत बहादुर भोलन
अध्यक्ष

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिकाको गत विगतको दिर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, अपेक्षित उपलब्धि, नीति कार्यक्रमका प्राथमिकता आधारहरु समेतलाइ मुख्य आधार लिई लेखन तथा प्रस्तुत भएको तपसिल अनुसारको नीति तथा कार्यक्रम माथि बुँदागत रुपमा छलफल तथा संसोधन समेत गरी स्वीकृत गरियो ।

**घ्याङलेख गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**हायुटार, सिन्धुली**

**आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम**

**"स्वास्थ्य, शिक्षा, कृषि र दिगो पूर्वाधार ! घ्याङलेखको समृद्धिको आधार !!"**

**यस गरिमामय सभाका माननीय सदस्यज्यूहरु,**

घ्याङलेख गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँ सभाको बैठकमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ। यस गाउँपालिकाको विकास र समृद्धिको लागी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा साथ सहयोग र हौसला प्रदान गर्नुहुने घ्याङलेख बासी आदरणीय आमा, बुवा, दाजुभाई तथा दिदिबहिनीहरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। यस अवसरमा म नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र सुशासनको लागि नेपाली जनताले गर्दै आएका जनआन्दोलनहरुमा सहादत प्राप्त गर्नुहुने सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु।

यस घ्याङलेख गाउँपालिकाको विकास र समृद्धिका लागि नेपालको संविधान तथा संघीय, प्रदेश र स्थानीय कानुनद्धारा प्रदत्त हक अधिकारको प्रचलन गर्न तथा कानूनतः निर्देशित काम, कर्तव्य र दायित्व निर्वाह गर्न हामी प्रतिबद्ध छौं। घ्याङलेख गाउँपालिकाका सम्पूर्ण नागरिकहरुको शिक्षा र स्वास्थ्यमा सहज पहूँच र पर्याप्तता तथा सामाजिक क्षेत्रको स्तर वृद्धिसँगै स्थानीय भाषा, संस्कृतिको संरक्षण, सम्बर्धन र प्रबर्धन गर्नु हाम्रो पहिलो कर्तव्य हुन आएको छ। कृषि, वन पैदावार र प्राकृतिक सम्पदामा आधारित पर्यटन घ्याङलेखको सम्भावनाको पहिलो क्षेत्र हो। दिगो पूर्वाधार विकाससँगै वातावरण संरक्षण र विपद उत्थानसिल संरचना निर्माण हाम्रो लागि अर्को सुधार गर्नुपर्ने क्षेत्र देखिएको छ। यसका साथै सेवाग्राहीले सरल र सहज तरिकाले सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न सूचना र प्रविधिको उच्चतम प्रयोग गर्न अनिवार्य छ। विद्युत र बाटोघाटोहरुको विस्तार र स्तरवृद्धिसँगै स्वच्छ, सफा, हरियालीयुक्त पर्यावरण संरक्षण गरी घ्याङलेख गाउँपालिकालाई बस्न योग्य ठाउँ बनाउने हाम्रो ध्येय रहेको छ। आन्तरिक सुशासन र सवल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी

जगत बहादुर भोलन

दाताराम प्याकुरेल

कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम विषयतर्फ नै निर्देशित रहेको छ। जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्न प्रस्ताव गरिएको छ। शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सामाजिक बिकास, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, खानेपानी तथा सरसफाई, विपद ब्यवस्थापन, न्याय निरुपण, मानव अधिकार प्रबर्धन जस्ता विषयगत क्षेत्रहरुका लागि विशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु।

आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभाकारी कार्यान्वयन गर्न आम गाउँपालिकाबासी तथा सबै पेशा, व्यवसायमा आवद्ध महानुभावहरुको सहयोग, समन्वय र सहकार्य रहने कुरामा विश्वस्त रहेको छु।

**आर्थिक बर्ष २०८१/०८२ को नीतिको समीक्षा :**

१) घ्याङलेख गाउँपालिकाको प्रथम आवधिक योजना तर्जुमा भई कार्यान्वयनको चौथौ वर्ष पुरा गरेको छ।

२) गाउँपालिकाको खेलकुद क्षेत्रको विकासको लागी वडा/पालिका स्तरीय खेल मैदान निर्माण भएको छ।

३) गाउँपालिका क्षेत्रभित्रका सबै विद्यालयहरुमा कार्यरत शिक्षकहरुको क्षमता विकास गर्न तालिमहरु संचालन गर्नुका साथै समय समयमा विद्यालयहरुको अनुगमन कार्यलाई निरन्तरता दिंदै आइरहेको छ।

४) विभिन्न किसिमका विपद् र सरुवा रोगका विरामीको स्वास्थ्य अवस्थाको निरन्तर निगरानी, परामर्श तथा उपचारको लागि स्वास्थ्य परीक्षण, एम्बुलेन्स संचालन, अस्पताल सेवा लगायतका सेवाहरु निःशुल्क उपलब्ध गराइएको छ।

५) समूहमा आबद्ध महिलाहरुलाई सीपमूलक तालिम दिई आय आर्जनका क्रियाकलापमा सहभागी गराई आत्मनिर्भर गराउन लघुउद्यम विकास कार्यक्रम मार्फत चालु आ.व मा उद्यमशिलता तालिम प्रदान गरिएको छ।

६) घ्याङलेख गाउँपालिका क्षेत्र भित्रका मुख्य सडकहरुमा थप क्षती हुन नदिन तथा तत्काल मर्मत सम्भारका लागि आवश्यक उपकरण, निर्माण सामग्री र जनशक्ति परिचालन गरिएको छ।

७) चालु आर्थिक वर्षमा ४७३.५ मिटर सडक ढलान, १.६ कि.मि. ढुंगा छाप्रे कार्य, १७ कि.मी. मर्मत कार्य, ६ कि.मि कच्चि सडक निर्माण कार्य सम्पन्न भएको छ।

८) चालु आ.व.को जेठ मसान्त सम्ममा ३२४२.३ घनमीटर तारजाली लगाउने कार्य तथा तटबन्धन निर्माण गरिएको छ।

शंकरमान घलान
उपाध्यक्ष

जेगत बहादुर भोलन

नातराम प्याकुरेल

९) चालु आ.व.को जेठ मसान्त सम्ममा १८०० घर परिवारमा विद्युत सेवाको पहूँच पुगेको छ।

१०) गाउँपालिकाको प्रशासकीय भवन निर्माणाधिन रहेकोले पनि आफ्नै वडा भवनबाट सेवा प्रवाह गर्ने उद्धेश्यले सबै वडा कार्यालयहरुको भवन निर्माण कार्य गत आर्थिक वर्षमा सम्पन्न भई सेवा निरन्तरता भएका छन्।

११) चालु आ.व.मा घ्याङलेख गाउँपालिकाको वडा नं.२ को चन्दनपुर, वडा नं.३ को सोलाभन्ज्याङ्ग र वडा नं.५ को सिङ्पालमा गुम्बा निर्माण कार्य भइरहेको छ।

१२) स्थानीय कानुनका रुपमा गाउँपालिकाले हालसम्म जारी गरेका २३ वटा ऐन, ४५ वटा कार्यविधि, ११ वटा नियमावली, ७ वटा निर्देशिका, २ वटा नीति मध्ये चालु आर्थिक वर्षमा २ वटा ऐन र २ वटा कार्यविधि जारी गरिएको छ।

१३) सबै वडा कार्यालय, स्वास्थ्य संस्थाहरु र सामुदायिक विद्यालयहरुमा सूचना अधिकारी तोकी सूचना प्रवाह भइरहेको छ।

१४) करदाताहरुबाट कर संकलन गर्न क्यू.आर कोड र राजस्व सफ्टवेयरको प्रयोग गरिएको छ। यस प्रणालीमा करिब २१२० जना करदाताहरुको विवरण सुरक्षित गरिएको छ। सम्पत्ती कर, व्यवसाय कर, बहाल कर जस्ता करहरु अनलाइन प्रणालीबाट संकलन गर्न सकिने व्यवस्था मिलाइएको छ।

१५) विकास निर्माणका योजनाहरु समयमै तोकिएको गुणस्तरमा सम्पन्न भएको छ।

शंकरमान थलान
उपाध्यक्ष

दाताराम प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर भोलन
अध्यक्ष

सभा सदस्यज्यूहरु,

अब म घ्याङलेख गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को नीति र कार्यक्रम यस गाउँ सभाको बैठकमा प्रस्तुत गर्दछु। ।

घ्याङलेख गाउँपालिकाको दीर्घकालिन सोचलाई कार्यान्वयन गर्न देहायका रणनीतिहरु अबलम्बन गरिनेछन्।

(क) सामाजिक विकास क्षेत्र

**स्वास्थ्य तथा पोषण**

१. आधारभूत स्वास्थ्य सेवालाई गाउँपालिकाबासीको मौलिक हकको रुपमा स्थापित गर्न गाउँपालिकास्तरीय स्वास्थ्य नीति निर्माण गरिनेछ।

२. नेपाल सरकारको आ.व. २०८७/०८८ सम्म सबै स्थानीय तहहरुलाई पोषणमैत्री स्थानीय शासन घोषणा गर्ने लक्ष्य अनुसार यस गाउँपालिकामा पनि आवश्यक कार्यक्रम तर्जुमा गरी अगाडी बढाइने छ।

४. उत्कृष्ट सेवा प्रदान गर्ने स्वास्थ्य संस्थालाई स्रोत, साधन र सेवाको मूल्यांकनको आधारमा पुरस्कृत गर्ने व्यवस्था मिलाईनेछ।

६. आर्थिक रुपमा विपन्न तथा जेष्ठ नागरिकहरुको स्वास्थ्य उपचारका लागी संचालित स्वास्थ्य विमा कार्यक्रमलाई विस्तार गरी स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गरिनेछ।

७. गाउँपालिका भित्र रहेका स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य इकाईको भौतिक पूर्वाधार र जनशक्तिको व्यवस्थापन गर्दै औषधी लगायत स्वास्थ्य तथा सुरक्षा सामाग्रीहरुको पर्याप्त व्यवस्था गरी स्वास्थ्य सेवालाई सुदृढ गरी बस्ती स्तरमा निःशुल्क स्वास्थ्य जाँच तथा औषधी वितरणको व्यवस्था मिलाईने छ।

८. **"स्वस्थ जीवन स्वच्छ आहार, हरेकबार खाना चार"** को अभियान मार्फत पोषण सचेतना अभिबृद्धि कार्यक्रमलाई सबै वडाहरुमा संचालन र विस्तार गरिनेछ।

९. विभिन्न अस्पताल तथा स्वास्थ्यसँग सम्बन्धित संघ संस्थासँग समन्वय गरि स्वास्थ्य सेवालाई सुदृढिकरण गरिनेछ।

१०. विद्यालय दिवा खाजामा जंगफुड निषेधित गरी स्थानीय कृषि उपजहरुको प्रयोगलाई अनिवार्य गरिने छ।

शंकरमान घलान
उपाध्यक्ष

दाताराम प्याकुरेल
... अधिकृत

जगत बहादुर मोलन
अध्यक्ष

११. आयुर्वेद चिकित्साको लागि गाउँपालिका भित्र रहेका नागरिक आरोग्य केन्द्रलाई थप सुदृढिकरण गरिनेछ।

१२. सुनौलो हजार दिनको अवधारणा अनुरुप गर्भवती तथा सुत्केरी आमाहरुको पोषणको अवस्था सुधार ल्याउन नेपाल सरकारले विनियोजन गरेको बहुक्षेत्रीय पोषण कार्यक्रमको आधारमा गाउँपालिकाबाट समेत थप बजेट विनियोजन गरी कार्यक्रमलाई प्रभावकारी बनाई संचालन गरिनेछ।

१३. त्रैमासिक रुपमा एक पटक पालिका भित्र विभिन्न स्वास्थ्य संस्थाहरुसंगको सहकार्यमा विशेषज्ञ चिकित्सक सहितको एकीकृत घुम्ती शिविर संचालन गरिने व्यवस्था मिलाईनेछ।

१४. आ.व.०८२/०८३ मा नेपाल सरकारको सहयोगमा यस गाँउपालिका भित्र १० शैयाको अस्पताल निर्माण कार्यका लागि पहल गरिनेछ। साथै, अमले र वस्तीपुरमा रहेको स्वास्थ्य चौकि भवन निर्माण कार्य सम्पन्न गरिनेछ।

१५. वस्तीपुर स्वास्थ्य चौकीमा ५ वेड सहितको २४ सै घण्टा उपचार सेवा प्रदान गर्ने गरी विशेष व्यवस्था मिलाइनेछ।

१६. पालिका भित्र रहेको ल्यावलाई स्तरोन्नती सँगै जनशक्ति व्यवस्थापन गरी डिजिटल एक्सरे मेशिन संचालनमा ल्याइनेछ।

१७. जटिल प्रकृतिका स्वास्थ्य समस्या भई बाहिर उपचारका लागि लैजानुपर्ने बिरामीको हकमा गाउँपालिकाले सम्बन्धित निकायहरुमा सहजीकरण गरिनेछ।

१८. स्वास्थ्य संस्थामा रहेका बर्थिङ सेन्टरहरुको भौतिक तथा जनशक्ति व्यवस्थापनलाई प्रभावकारी बनाईने छ।

१९. गाउँपालिकामा एम.बि.बि.एस. डाक्टर सहितको सेवालाई निरन्तरता दिईनेछ।

**शिक्षा, भाषा, कला तथा साहित्य**

२०. स्थानीय भाषा, कला,ललितकलाको संरक्षणकोका लागि तथ्याङ्क संकलन इतिहासलाई केन्द्र विन्दुमा राखी स्थानीय संस्कृति सम्बर्द्धनका कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गरिनेछ। जसका लागि कला तथा संङ्गीत प्रशिक्षकको बिस्तार र बिकासमा थप जोड दिईनेछ ।

२१. गाउँपालिका भित्र साहित्य उत्थानको लागि साहित्यकारहरुको पहिचान गरी प्रोत्साहन गरिनेछ । यसको लागि गाउँपालिकास्तरीय साहित्यिक गतिविधि संचालनमा ल्याइनेछ। कला संग्राहलयको रुपमा पूर्वाधार तयार गरिनेछ।

जगत बहादुर भोलन
अध्यक्ष

दाताराम प्याकुरेल

शंकरमान घलान
उपाध्यक्ष

२२. "**घ्याङ्लेखको चिनारी स्थानीय पाठ्यक्रम**" को आधारमा कक्षागत पाठ्यपुस्तक निर्माण गरी स्थानीय पाठ्यक्रम कार्यान्वयन गरिनेछ । कक्षा १-५ सम्म तामाङ भाषामा पठनपाठन गरिने कार्यलाई निरन्तरता सहित माथिल्लो कक्षामा बिस्तार गरिदै लगिनेछ ।

२३. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तरमा सुधार गर्ने नीतिलाई निरन्तरता दिँदै शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र अभिभावकको क्षमता अभिवृद्धि गरिनेछ ।

२४. बाल विकास केन्द्रका सहजकर्ता, सहायक कर्मचारी र विद्यालय सहयोगीलाई नेपाल सरकारले तोकेको न्यूनतम मासिक पारिश्रमिक पुग्ने गरी निरन्तरता दिईनेछ ।

२५. गरीब, जेहेन्दार, दलित, पिछडिएका वर्ग, अपाङ्ग आदिलाई छात्रवृत्ति प्रदान कार्य छात्रवृत्ति तथा प्रोत्साहन अनुदान वितरण कार्यविधि अनुरुप शैक्षिक सत्रको अन्यमा लागत संकलन र विस्तार गरिदै लगिनेछ ।

२६. वैकल्पिक सिकाई अवस्थाको सिर्जनाका विद्यालय सुधार योजना र पालिका स्तरीय सुत्केरी विदामा जनशक्ति व्यवस्थापन गरिदै लगिनेछ। पठनपाठनमा बढीभन्दा बढी प्रविधिको प्रयोग र NCD Virtual कक्षालाइ विकल्पको रुपमा प्रचारप्रसार नियमन गरिनेछ ।

२७. दिवा खाजा कार्यक्रम, छात्राहरुलाई सेनेटरी प्याड, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, सिकाइ सामाग्रीको प्रयोग जस्ता शैक्षिक समता विकास कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा निरन्तरता दिईनेछ। भने प्राविधिक धार तर्फको विद्यार्थीको ऐ विषयको पाठ्यपुस्तक निशुल्क उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

२८. विद्यार्थीको प्रतिभा विकासका वडास्तरमा वडास्तरीय पालिकामा पालिकास्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ । यसका लागि सामुदायिक सिकाइ केन्द्रको सहयोग लिइनेछ ।

२९. "**घ्याङ्लेखको छहारी ! शिक्षित छोरी, बुहारी !!**" कार्यक्रमलाई निरन्तरता दिई स्नातक तह र स्नातकोत्तर तह अध्ययनरत पालिका भित्रका छोरी बुहारीलाई प्रोत्साहन गरिनेछ ।

३०. आधारभूत विद्यालय उमेर समूहका सम्पूर्ण बालबालिकाहरुलाई विद्यालय भर्ना अभियानलाई निरन्तरता र अनिबार्य बनाइनेछ । त्यसको लागि दिगोपनाका कार्यक्रममा लागनी गरिनेछ ।

३१. सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान गरिनेछ ।

३२. किशोर-किशोरी शिक्षा तथा जीवन उपयोगी सीप विकासको माध्यमले विद्यालय बाहिर रहेका बालबालिकालाई शिक्षाको मुलधारमा ल्याउन अनौपचारिक शिक्षा कार्यक्रम संचालनलाई निरन्तरता दिईनेछ ।

शंकरमान घलान
उपाध्यक्ष

दाताराम प्याकुरेल
... अधिकृत

जगत बहादुर मोलन
अध्यक्ष

३३. विद्यार्थी संख्या र भौगोलिक दुरी समेत अध्ययन गरी शिक्षक विद्यार्थी अनुपात कम भएका, बढी आर्थिक बोझ भएका विद्यालयहरुलाई गाभ्ने (Merge) र आबासमा राख्ने कार्यलाई निरन्तरता दिईने छ ।

३४. आधारभूत तहको परीक्षा सञ्चालन तथा व्यवस्थापन र प्रमाणिकरणलाई स्तरीय बनाइने छ।

३५. विद्यालय बाहिर रहेका कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने दर घटाउन कार्यक्रम संचालन गरिनेछ।

३६. पालिका भित्र नमूना विद्यालय सुधार कार्यविधि लाइ कार्यान्वयन गरिनेछ। यसलाइ प्रोत्साहन गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ ।

३७. घ्याङलेख गाउँपालिका अर्न्तगतका सबै सामुदायिक विद्यालयहरुको उत्कृष्ट वि.व्य.स., प्रधानाध्यापक, विषयगत शिक्षकहरुलाई पुरष्कृत गरिने छ ।

३८. शिक्षक विद्यार्थी अनुपात मिलान गर्न तिनै तहको सरकारी अनुदान वितरण प्रणाली न्यायोचित गर्दै लगिनेछ ।

३९. प्रधानाध्यापकको कार्यगत मनोवृत्तिलाई उच्च राख्न नियमित प्र. अ. बैठक तथा थप प्रोत्साहन कार्यलाई निरन्तरता दिईनेछ ।

४०. अंग्रेजी माध्यमबाट अध्ययन अध्यापन गराउने विद्यालयलाई थप अनुदान एवं अन्य सहयोगका क्षेत्र पहिचान गरी सहजीकरण गरिनेछ ।

४१. शिक्षकहरुको क्षमता बढाई गुणस्तरमा सुधार गर्न बहुपक्षिय तालिमलाई निरन्तरता दिईनेछ।

४२. विद्यालय लेखाङ्कन प्रणालीलाई व्यवस्थित गर्न SAS (School Accounting System) थप पेशागत समस्या समधानमा आधारित तालिमको व्यवस्था मिलाइने छ ।

४३. सामुदायिक सिकाई केन्द्रहरुको नवीकरण तथा व्यवस्थापन गरिनेछ । कार्ययोजनामा पालिकास्तरीय सिकाइ केन्द्रको सामुहिक कार्यक्रमको सुरुवात गरिनेछ।

४४. गत आ.व.बाट प्राविधिक शिक्षा (कृषि) को पठनपाठन सुरु भई विद्यार्थीहरुको प्राविधिक शिक्षा प्रतिको आकर्षण बढाउन थप कार्यक्रमहरु तर्जुमा तथा कार्यान्वयनलाई निरन्तरता दिईनेछ ।

४५. Green and Clean र Paper less office को अवधारणालाई मुर्त रुप दिईनेछ ।

४६. अभिभावक शिक्षालाई विस्तार गरिदै लगिनेछ।

४७. विद्यालयहरु बिच आन्तरिक सकारात्मक प्रतिस्पर्धाका लागि मुकर्रर, विद्यालयगत वेवसाइटमा हरेक शुक्रबार Book Free day को रुपमा आन्तरिक मूल्याङ्कन दिवसको

शंकरमान घलान
उपाध्यक्ष

दाताराम ... खकुरेल
प्र... ...कृत

जगत बहादुर भोलन

रुपमा विद्यार्थीको Soft Skill मूल्याङ्कन, सञ्जालिकरणलाई जोड्दै विद्यालय भित्र र वाहिरको गतिविधिको अभिलेखिकरण गर्दै लगिनेछ ।

४८. सिकाई उपलब्धी विश्लेषणलाइ जोड दिइनेछ ।

**खानेपानी, सरसफाई र स्वच्छता**

४९. खानेपानी मुहान दर्ता कार्यलाई निरन्तरता दिईनेछ।

५०. दिगो विकासको लक्ष्य नं. ६ अन्तर्गत **"एक घर एक धारा"** को नीतिमा प्रत्येक वडामा सबै घरपरिवारलाई सुरक्षित खानेपानी सेवा उपलब्ध गराईनेछ।

५१. खानेपानी योजनाको दिगो व्यवस्थापनका लागि प्रावधिक तथा वित्तीय सहयोगसहित मर्मत संभारको व्यवस्था गरिनेछ ।

५२. घ्याङलेख गाउँपालिकालाई आ.व. २०८६।०८७ सम्म पूर्ण सरसफाई घोषणा गर्न आवश्यक कार्यक्रम गरिनेछ । पूर्ण सरसफाई घोषणा निर्देशिका २०७० र संशोधनहरु अनुसार ७ सूचक (खुल्ला दिशामुक्त अवस्था, सफासुग्घर शौचालय प्रयोगको सुनिश्चितता, सफा पानीको पहुँच र प्रयोग, साबुन पानीले नियमित हात धुने अभ्यास, फोहरमैला व्यवस्थापन, फोहोर पानीको सुरक्षित व्यवस्थापन, व्यक्तिगत र वातावरणीय सरसफाई) ।

५३. पालिकाको मुख्य चोक तथा सार्वजनिक स्थानमा सार्वजनिक शौचालय निर्माण गरिदै लगिनेछ ।

५४. फोहरलाई उचित स्थान (land field Side) पहिचान गरी व्यवस्थापन गर्ने कार्य शुरुवात गरिनेछ ।

**सामाजिक सुरक्षा/समाबेशिकरण/गरिबी निवारण**

५५. लक्षित वर्ग (सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य व्यक्तिहरु) को सम्बन्धित वडा कार्यालय/पायक पर्ने स्थानमा गएर बैंकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

५६. छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास र लैंगिक हिंसाका घटनाहरु न्यूनीकरणका लागि टोल विकास संस्था, सामाजिक संघ संस्था मार्फत कार्यक्रम संचालन गरिनेछ।

५७. लक्षित समूहलाई योजना प्रकृयामा अर्थपूर्ण सहभागी गराई क्षमता तथा आर्थिक विकास गर्दै सशक्तीकरणमा जोड दिइनेछ।

५८. उत्पीडित, दलित र सीमान्तकृत वर्ग समुदायलाई विकासको मूलधारमा ल्याउन उपयुक्त कार्यक्रम तर्जुमा गरिनेछ।

५९. लैंगिक विभेदमा परेका र पारिएका वर्गको उत्थानको लागि भाषिक, साँस्कृतिक, आर्थिक, सामाजिक समुन्नतिका लागी विशेष प्राथमिकता दिईनेछ।

शंकरमान घलान
उपाध्यक्ष

दाताराम प्याकुरेल

जगत बहादुर भोलन

६०. सबै वर्गहरुलाई समेट्दै लैंगिक उत्तरदायी बजेट बनाईनेछ।

६१. बाल विवाह, सामाजिक कुरीति तथा विभेदलाई न्युनीकरण गर्न विद्यालय स्तर र वडा स्तरबाट नै सचेतनामुलक कार्यक्रम गरिने छ।

६२. सबै वडामा बाल क्लब, बाल अधिकार समिति गठन तथा सबलीकरण गरी परिचालन गरिने छ।

६३. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन गरी महिला तथा युवाहरुलाई प्रारम्भिक र एडभान्स जस्ता सीपमूलक व्यवसायिक तालिम प्रदान गरी उद्यमी सिर्जना गर्दै स्वरोजार बन्न अभिप्रेरित गरिने छ।

रोजगारी तथा मानव संशाधन विकास

६४. गाउँपालिका क्षेत्र भित्र रहेका बेरोजगारहरुको सूची बनाई सामाजिक निर्माण कार्यमा परिचालन गर्ने गरी कार्य गरिने छ।

६५. राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह्र सरकारी संस्थाहरुको साझेदारीमा विविध जनचेतनामुलक, विकास निर्माण, कृषि, पशुपालन जस्ता कार्यमा सहकार्य गरी स्थानीयबासीलाई संलग्न गराई परिचालन गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

६६. Safer Migration Project (SaMi) कार्यक्रम मार्फत घ्याङलेख गाँउपालिका भित्र वैदेशिक रोजगारीको सिलसिलामा गई अलपत्र परेका नागरिकहरुको उद्धार गर्न सम्बन्धित निकायहरुमा पहल गरिनुका साथै मृत्यु भएका गाँउपालिकाभित्रका नागरिकहरुको शव घर ल्याउन विषेश पहल गरिनेछ।

६७. वैदेशिक रोजगारीको लागि पुनः श्रम स्वीकृति गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

६८. बैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन सूचनामा पहुँच, न्यायमा पहुंच, सीप तथा क्षमता अभिवृद्धि, मनोसामाजिक परामर्श सेवा र वित्तिय साक्षरता सम्बन्धी गतिविधिहरुलाई थप प्रभावकारी बनाउन संघिय सरकार र प्रदेश सरकार संग समन्वय र साझेदारीका लागि आवश्यक बजेट विनियोजन गरि कर्मचारी तथा रिटर्नी स्वयम्सेवक परिचालन गरिने छ ।

खेलकुद

६९. वडा नं. २ डुम्रे स्थित पालिका स्तरीय खेल मैदानको निर्माण तथा स्तरोन्नती गर्न आवश्यक बजेटको व्यवस्थापन गरी पालिका स्तरीय खेलकुदजन्य कार्यक्रमहरु संचालन गरिने छ ।

७०. युवाहरुलाई खेलकुदमा आकर्षित गर्न गाउँपालिका कप र राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिताहरुलाई निरन्तरता दिइनेछ।

शंकरमान घलान
उपाध्यक्ष

दाताराम प्याकुरेल
... अधिकृत

जगत बहादुर भोलन
अध्यक्ष

७१. विद्यालय तथा समुदायबाट खेलाडी पहिचान, सम्मान तथा क्लब दर्ता कार्यलाई निरन्तरता दिई अन्तर वडा स्तरीय प्रतियोगिता सञ्चालन गरिनेछ। खेलकुद प्रतियोगिताका माध्यमबाट घ्याङलेखलाई राष्ट्रिय अन्तराष्ट्रिय क्षेत्रमा पहिचान गराउने प्रयास गरिनेछ।

**सामाजिक परिचालन**

७२. लैंगिक तथा घरेलु हिंसा न्यूनिकरण गर्दै हिंसा रहित परिवार/समाज निर्माणका लागि मनोसामाजिक परामर्शकर्ताहरुको प्रभावकारी परिचालन गरिनेछ।

७३. राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था र सहयोगी निकायहरुलाई गाउँपालिकाको प्राथमिकता प्राप्त क्षेत्रमा सामाजिक परिचालनको माध्यमबाट सामाजिक विकासमा संलग्न गराउने नीति अवलम्बन गरिनेछ।

न्यायीक नीति

७४. न्यायिक समितिलाई सवल र सक्षम बनाउँदै न्यायीक सम्पादनलाई प्रभावकारी बनाईनेछ।

७५. मेलमिलापलाई प्रभावकारी बनाउँदै लगिनेछ।

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक नीति**

७६. महिला र पुरुषको समान कामको लागि समान ज्यालाको व्यवस्था गरिनेछ।

७७. महिलाहरुको नाममा व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुरमा २५ प्रतिशत छुट गरिनेछ।

७८. महिलाहरुको सशक्तिकरणका लागि आवश्यकता अनुसारका वृत्ति विकास, सीप विकास, क्षमता विकास लगायत रोजगार सिर्जना गर्ने क्षेत्रहरुमा विभिन्न कार्यक्रम आयोजना गरिनेछ।

७९. बाल विवाह, बाल दुर्व्यसनी र बालश्रम विरुद्ध जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनुका साथै बालबालिकाको हक, अधिकारका विषयमा विद्यालय स्तरमा श्रव्यदृश्य सामाग्रीहरुको माध्यमबाट जनचेतना अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिईनेछ।

८०. गाउँपालिकामा ७५ वर्ष उमेर पुराभएका वृद्धवृद्धाहरुलाई साहराको लागि लठ्ठी वितरण गर्ने कार्यक्रम संचालन गरिने छ।

**(ख) आर्थिक विकास नीति**

**कृषि तथा पशुपालन:**

८१. कृषि क्षेत्रमा युवाहरुलाई आकर्षित र सम्मानित पेशाको रुपमा परिभाषित गर्न युवा लक्षित स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।

८२. माटोको अवस्था पहिचान गरी गुणस्तर सुधार गर्न वडा नं २ डुम्रेमा रहेको कार्यालयमा पालिका स्तरीय माटो ल्यावको व्यवस्था गरिनेछ ।

शंकरमान घिसिङ
उपाध्यक्ष

दाताराम प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर भोलन
अध्यक्ष

८३. सार्वजानिक, बाँझो र ऐलानी जग्गाहरुको प्रहिचान गरी वडा कार्यालय र पालिकाको मातहतमा रहने गरी भौगोलिक समभाव्यताको आधारमा उत्पादन र उत्पादकत्व बृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८४. बजारीकरणको समस्यालाई न्यूनिकरण गरी किसानहरुलाई प्रोत्साहनको लागि कृषि एम्बुलेन्स सेवाको व्यवस्था गरिनेछ ।

८५. प्राकृतिक प्रकोप जस्तै बाढी, पहिरो, खडेरी र डुवान आदि विपदहरुमा किसानहरुलाइ क्षति पुर्ती राहतको लागि किसान विपद कोषको व्यवस्था गरिनेछ ।

८६. कृषि पेशालाई सम्मानित र प्रमुख पेशाको रुपमा अँगाल्दै कम्तीमा २० वर्ष खेती व्यवसाय गरेका किसानहरुलाई किसान पेन्सन कोषको व्यवस्थाको लागि पहल गरिनेछ ।

८७. किसानले उत्पादन गरेका उपजहरुको उत्पादनोपरान्त क्षतिलाई न्यूनिकरण गर्न र बजारीकरणलाई व्यवस्थित गर्न कृषि उपज संकलन केन्द्रको निर्माण र निर्माण भई सकेका वडा नं ४ को चौकीडाँडा र गोपे,वडा नं १ को सिम्ले खोलामा रहेको लघु उद्यम भवन,वडा नं २ डुम्रेमा रहेको उद्यम भवनलाई कृषि उपज संकलन केन्द्रको रुपमा सञ्चालन र व्यवस्थापन गरिनेछ ।

८८. उत्कृष्ट कार्य गर्ने सहकारी, कृषक र कृषि समूहहरुलाई सम्मान र प्रोत्साहन पुरष्कार प्रदान गरिनेछ ।

८९. कृषि व्यावसाय गर्न इच्छुक किसानहरुलाई कर्जा प्रवाह गर्न बैंक र लघुवित्त सँग सहकार्य र समन्वय गरी सहुलियत ब्याज अनुदान प्रदान गरिनेछ ।

९०. कृषि सेवा वा अनुदान प्राप्त गर्न किसानहरुलाई किसान परिचय पत्रलाई अनिवार्यता गरिनेछ ।

९१. कृषिलाई आधुनिकिकरण र व्यवसायीकरण गर्न कृषि सामाग्री र यन्त्र उपकरणहरु उपलब्ध गराईनेछ ।

९२. कृषि सेवालाई किसान मैत्री बनाउन प्रत्येक वडा कार्यालयहरुमा कृषि सेवा केन्द्रको विकास गरिनेछ ।

९३. भौगोलिक सम्भाव्यताको आधारमा विशेष बाली पकेट क्षेत्रहरु घोषणा गरी पकेट क्षेत्र विकास कार्यकमहरु सञ्चालन गरिनेछ ।

**सहकारी नीति**

९४. सहकारीका सञ्चालक र सदस्यहरुलाई तालिम र क्षमता विकास गरिनेछ ।

९५. सहकारीहरुलाई बाँझो जग्गाहरु उपलब्ध गराउन भाडामा सहुलियत प्रदान गरिनेछ ।

शंकरमान घलान
उपाध्यक्ष

दाताराम प्याकुरेल
... अधिकृत

जगत बहादुर भोलन
अध्यक्ष

९६. उत्पादन र रोजगारी सिर्जना गर्ने सहकारीहरुलाई ब्याज छुट वा सहुलियत ऋणका लागि सिफारिस गरिनेछ ।

९७. सहकारी मार्फत सामुहिक खेती कार्यक्रम सञ्चालन गरिनेछ ।

**उद्योग तथा गरिबी निवारण नीतिः**

९८. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत वातावरणमैत्री फाईबर झोला उत्पादन गरी प्लाष्टिक झोला मुक्त गाउँपालिका घोषणा गरिनेछ । साथै स्कुल झोला उत्पादनलाई जोड दिई बजारीकरणको व्यवस्था गरिनेछ ।

९९. दालमोठ, निम्की, दुनोट र स्थानीय ठाउँबाट उत्पादन भएका आलुबाट आलु चिप्स सम्बन्धि तालिम सञ्चालन गरी प्याकेजिङ गरी विक्री वितरण गर्ने व्यवस्था गरिनेछ ।

१००. स्थानीय उत्पादन कोदो र फापरको पिठो बनाई प्याकेजिङ गरी विक्री वितरण गरिनेछ ।

१०१. एक वडा एक उत्पादनको अवधारणा विकास गरी एक घर एक उद्यम कार्यक्रम सञ्चालन गरिनेछ ।

१०२. स्थापना भइसकेका उद्यमी व्यवसायहरुलाई थप क्षमता विकास गरी सुदृढीकारण गरिनेछ।

१०३. उद्यमी व्यवसायहरुको ज्ञान,सीप र क्षमता विकासको लागि अन्तरपालिका भ्रमणको व्यवस्था गरिनेछ ।

१०४. स्थानीय स्तरका सीपयुक्त उद्यमी जनशक्तीहरुलाई पालिका भित्रका सार्वजनिक संघ संस्था लगाएत अन्य कार्यालयहरुमा बिधुत जडान लगाएत अन्य कार्यहरुमा काम गर्ने व्यवस्था गरिनेछ।

**पशुपन्छी तथा मत्स्य विकास नीति**

**क) पशु स्वास्थ्य सेवा**

१०५. पशुपन्छीलाइ स्वस्थ्य राख्न पशुपन्छीका रोगहरुको नियमित औषधी उपचार गरिने छ ।

१०६. पशुपन्छीमा देखिने संक्रामक रोगहरु फैलिएको वा पशु पालक कृषकहरुले माग गरेको स्थानमा एक दिने पशु स्वास्थ्य शिविर संचालन गरिने छ ।

१०७. गाँपालिकामा पशुपन्छीको आधारभूत प्रयोगशालाको स्थापना गरि सेवा प्रवाह गरिने छ ।

१०८. पशुपन्छी रोगको डिजिज सर्भिलेन्स तथ्याङ संकलन व्यवस्थापन र सम्प्रेषण गरिने छ ।

१०९. महामारी बिपद् व्यवस्थापन र रोग नियन्त्रणका लागि आवश्यक औषधी तथा खोपको वफर व्यवस्थापन गरिने छ ।

११०. संघीय सरकार, प्रदेश सरकार तथा पशुपन्छी, वन्यजन्तु र माछा समेतको रोगको सम्बन्धित निर्दिष्ट ढाँचाको फर्मेटमा रिपोर्टिङ गरिने छ ।

शंकरमान घलान
उपाध्यक्ष

दाताराम प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर मोलन
अध्यक्ष

१११. कुकुर बिरालोमा नियमित रेविज खोप सञ्चालन तथा सामुदायिक कुकुरहरुको जनसंख्या कम गर्न भाले कुकुरहरुलाइ बन्ध्याकरण शिविर सञ्चालन गरिने छ ।

११२. विभिन्न रोगहरुको खोप कार्यक्रम सञ्चालन गर्न पशु सेवा कार्यालय संग सहकार्य गरि खोपको भण्डारण तथा व्यवस्थापन गरिने छ ।

११३. गाउँपालिका भित्र समय आवश्यकता अनुसार पशुपन्छीको गणना तथा पशुपन्छी तथा मत्स्य संग सम्बन्धित उत्पादन र पशु आहाराको तथ्याङ संकलन र अध्यावधिक एवम सम्प्रेसन गरिने छ ।

११४. पशु विमा कार्यक्रम सञ्चालन गरिने छ ।

११५. दुध, अण्डा, मासुको उत्पादन उत्पादकत्व वृद्धि गर्न पशुपन्छीहरुमा नश्ल सुधार गरिने छ ।

११६. नयाँ नयाँ प्रविधिहरुको आदान प्रदानको लागि उत्कृष्ट अगुवा कृषक, कृषक व्यवसायी, उद्यमी तथा कर्मचारी, प्राविधिकहरुको अन्तरपालिका तथा अन्तरजिल्ला भ्रमणका कार्यक्रमलाई कार्यक्रममा समावेश गरिने छ ।

११७. पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धी जनचेतना मूलक कार्यक्रम सञ्चालन गरिने छ ।

११८. पशुपन्छी शाखाले अन्य नगर, गाँउपालिका, पशु सेवा कार्यालय, प्रदेश प्रयोगशाला, निर्देशनालय, प्रदेश तालिम केन्द्र, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, केन्द्रीय प्रयोगशाला लगाएतका सम्बन्धित निकायहरुमा आवश्यक समन्वय गरि पशुपन्छी पालनका विभिन्न कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार समन्वय गरिने छ।

११९. पशु जन्य उत्पादकत्व बढाउन दानामा भएको उत्पादन लागत कम गर्न पोषिलो भुँइ तथा डाले घाँसको बिउ बिरुवाहरु कृषकको मागमा अनुदानमा उपलब्ध गराइने छ ।

१२०. व्यवसायिक पशुपालक किसानहरुमा ८० प्रतिशत अनुदानमा च्यापकटर वितरण गरिने छ।

पर्यटन

१२१. पर्यटनको सम्भावना बोकेका क्षेत्रहरुको पहिचान गरी पर्यटन प्रवर्द्धन गर्ने कार्यको थालनी गरिनेछ।

१२२. लाखाङ गुम्बा, सातदोबाटो र फापरचुलीमा पर्यटन गतिविधि आकर्षित गर्ने कार्य प्रारम्भ गरिनेछ। पर्यटन संगै मनोरम चिया बगान स्थापनार्थ सम्भावना बोकेको क्षेत्रको पहिचान गरी अन्य निकायहरुको सहयोगमा शुरुवात गर्ने प्रयास गरिनेछ।

१२३. आन्तरिक पर्यटन प्रवद्र्धन गर्ने कार्यका लागि आवश्यक सूचना, पम्प्लेट, होर्डिङ बोर्ड निर्माण गरिनेछ। साथै सामाजिक सञ्जाल मार्फत व्यापक प्रचार प्रसार गरिनेछ।

शंकरमान घलान
उपाध्यक्ष

दाताराम प्याकुरेल

जगत बहादुर भोलन

**उद्योग तथा बाणिज्य**

१२४. सिस्नुको पाउडर बनाउने उद्योगको स्थापना गर्न पहल गरिने छ।

१२५. उद्योग सम्बन्धी प्रशिक्षण तालिम प्राप्त व्यक्तिहरुको सूची तयार गरी अव उपरान्त हुने तालिममा सहभागी हुनेहरुलाई तालिम पश्चात उत्पादन गर्नै पर्ने शर्त राखी तालिममा सहभागी गराइनेछ।

१२६. उपभोक्ता हित संरक्षणको लागि विद्यालय स्तरमा सचेतना कार्यक्रम संचालन गरिनेछ। साथै बजार अनुगमन कार्यलाई प्राथमिकताका साथ कार्यान्वयनमा लगिनेछ।

१२७. व्यापार व्यवसाय दर्ता गर्ने, कर तिर्ने, जनताको कर जनताकै लागि हो भन्ने भावनालाई अभियानको रुपमा संचालन गरिनेछ।

१२८. करदातालाई सहजरुपमा कर भुक्तानी गर्न प्रविधि मैत्री कर प्राणालीको अवलम्बन गरिनेछ।

१२९. घरजग्गा बहाल कर लिदा क्षेत्र निर्धारण र प्रयोजन हेरि करको दरमा हेरफेर गरिनेछ।

**(ग) वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धि नीति**

**वन वातावरण तथा जलवायु परिवर्तन**

१३०. "सफा, सुन्दर, हरियालीयुक्त घ्याङलेख" को अवधारणा अनुरुप यस क्षेत्रमा रहेका मुख्य मार्ग र अन्य सडकको दायाँ वायाँ बृक्षारोपण गरी हरित सडकको रुपमा विकास गरिने छ।

१३१. बालमैत्री, अपांंगमैत्री, वातावरणमैत्री पूर्वाधार निर्माणमा जोड दिइनेछ, हरित पालिकाको अवधारणा अनुरुप पार्क निर्माण, विकास र प्रवद्र्धनमा जोड दिईनेछ।

१३२. अन्य सरकारी तथा गैह्र सरकारी संघ संस्थासंग सहयोग तथा समन्वय गरी वन, वातावरण, भू–संरक्षण तथा जलवायू परिवर्तन सम्वन्धमा जनचेतनामूलक तथा संरक्षणमुखी विविध कार्यक्रम संचालन गरिनेछ।

**विपद् व्यवस्थापन**

१३३. विपदपूर्व तयारी कार्यको लागि प्रतिकार्य योजनाको पूर्ण कार्यान्वयन गरिनेछ।

१३४. विपदबाट हुने धनजनको क्षतिलाई उचित राहतको व्यवस्था तत्कालै मिलाईनेछ।

१३५. स्थानीय विपद व्यवस्थापन, जिल्ला विपद व्यवस्थापन, प्रदेश विपद व्यवस्थापन, संघीय विपद व्यवस्थापन र राष्ट्रिय विपद जोखिम न्यूनिकरण प्राधिकरणसँग समन्वय गरी विपदलाई न्यूनिकरण गर्न प्राथमिकता दिईनेछ।

शंकरमान चलान
उपाध्यक्ष

दाताराम प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

जगत वहादुर भोलन
अध्यक्ष

## घ) पूर्वाधार विकास नीति

### सडक

१३६. सोलाभञ्ज्याङ चौकीटार बेलबोट हुँदै रामपुरसम्म जाने सडकलाई बाह्रै महिना संचालन गर्नको लागि प्रदेश सरकारको सहकार्यमा स्तर उन्नति गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१३७. सिम्लेपुल देखि सोलाभञ्ज्याङ हुँदै रामपुरसम्म कालोपत्रे सडक निर्माण गर्ने कार्य समयमा नै सम्पन्न गर्न/गराउन विशेष जोड दिईने छ । यसरी घ्याङलेखलाई वि.पि राजमार्गसंग जोड्दा यस क्षेत्रको उत्पादन, व्यवसाय तथा जनताको जिवनस्तरमा ठुलो परिवर्तन आउने अपेक्षा लिइएको छ।

१३८. रामपुर रामभैंडे हुँदै वि.पि राजमार्ग जोड्ने सडकलाई वाह्रै महिना संचालन हुने गरी स्तरउन्नति गरिनेछ साथै संघ र प्रदेश सरकारको सहयोगमा कालोपत्रे गर्न सहकार्य गरिनेछ। साथै रामपुरबाट मरिण जोडने मार्गको स्तरोन्नती गर्न विशेष पहल गरिनेछ।

१३९. यस गाउँपालिकाले निर्माण गरेको यातायात गुरुयोजना तथा संघ र प्रदेश सरकारको नीति अनुसार साँघुरो सडकलाई विस्तार तथा स्तरउन्नति गर्ने कार्यलाई निरन्तरता प्रदान गरिनेछ।

१४०. भौतिक पूर्वाधार खडा गर्दा बालबालिका, महिला, अपाङ्ग र वातावरणमैत्रि संरचना निर्माणमा जोड दिइनेछ।

१४१. हरेक वडामा दक्ष डकर्मी/सिकर्मी तालिम दिने तथा दक्ष डकर्मी/सिकर्मीहरुको वडास्तरीय सूचि बनाई तालिम प्राप्त डकर्मी/सिकर्मीहरुबाट सार्वजनिक निर्माण गराउने कार्यको थालनी गरिनेछ।

१४२. उपभोक्ता समितिको क्षमता अभिवृद्धि गरि वडास्तरमा नै सम्झौता गराउने, ५ लाख भन्दा मुनिका योजनाहरु वडास्तरबाटै अनुगमन मुल्याङकन तथा भुक्तानीका लागि सिफारिस गर्ने कार्यलाई निरन्तरता दिइनेछ। उपभोक्ता समिति मार्फत हुने सबै कार्य जेष्ठ मसान्त भित्रै सम्पन्न गर्नु पर्ने नीतिगत व्यवस्था मिलाईनेछ।

१४३. भौतिक पुर्वाधारका निर्माण कार्यलाई कागजात बिहिन (Online) पद्धतिबाट संचालन हुने व्यवस्था मिलाइनेछ।

१४४. भौतिक पुर्वाधारहरुको गुणस्तरीय परिक्षणको लागि हरेक योजनाको कम्तिमा २ पटक भौतिक रुपमा अनुगमन तथा प्रयोगशाला परिक्षणको लागि आवश्यक औजार उपकरणको प्रबन्ध मिलाईनेछ।

१४५. गाँउपालिकाको प्राथमिकतामा परेका सार्वजनिक निर्माणका कार्यहरुको डि.पी.आर. गर्ने कार्यलाई निरन्तरता दिई सो अनुरुप प्रदेश सरकार र संघीय सरकारको सहयोगमा सार्वजनिक निर्माण कार्यमा सहकार्य गरिनेछ ।

१४६. गाउँपालिका मुख्य बजारक्षेत्र तथा आवश्यक स्थानहरुमा प्रतिक्षालय निर्माण गरिनेछ ।

शंकरमान घलान
उपाध्यक्ष

दाताराम प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर गोलन

१४७. गाउँपालिकास्तरीय मर्मत सम्भार कोष खडा गरिनेछ।

## सिँचाई

१४८. घ्याङलेख गाउँपालिका भित्र निर्माण भएका सिंचाई आयोजनाहरुलाई मर्मत गरि संचालनमा ल्याईनेछ। साथै आवश्यकतामा आधारित सिंचाई कार्यक्रमलाई विशेष प्राथमिकता दिइनेछ।

१४९. गाउँपालिका क्षेत्रभित्र रहेका पानीका मुहानहरुको उचित संरक्षण र प्रवर्द्धन गर्नुका साथै सिंचाई र खानेपानीको लागि सम्भाव्यता अध्ययन गरी लिफ्ट प्रणाली प्रयोगको सुरुवात गरिनेछ।

१५०. गाउँपालिका भित्रका मुख्य कृषि योग्य जमिनहरुमा सम्भाव्यताका आधारमा साना सिंचाई, कुलो, सिंचाइ पोखरी आदिको निर्माण तथा मर्मत गरी सिंचाई सुविधा प्रवाह गर्न सम्बन्धित निकायमा पहल गरिनेछ।

१५१. वृहत सिंचाई योजनाका लागि सम्भाव्यता अध्ययन, डि.पि.आर. तयारी र निर्माणका लागि संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ।

## भवन तथा सहरी विकास

१५२. राष्ट्रिय भवन आचारसंहिता तथा भवन निर्माण सम्बन्धी मार्गदर्शन बमोजिम गाउँपालिका भित्र भवन निर्माणको लागि नक्सा पास अनिवार्य गरिनेछ। साथै नक्सापासको लागि निःशुल्क परामर्श सेवा उपलब्ध गराइनेछ।

१५३. गाउँपालिका भित्रको घरहरुको अभिलेखिकरण कार्यलाई निरन्तरता दिइनेछ।

१५४. गाउँपालिका भित्र निर्माण गरिने सबै प्रकारका पक्की भवनहरुलाई अनुगमन गरि सुरक्षित आवासमा जोड दिइनेछ।

१५५. गाउँपालिकाका हायुटार, रामपुर र चन्दनपुर बजारलाई व्यवस्थित नमुना शहरको रुपमा विकास गर्न प्रदेश र संघीय सरकारसँगको सहकार्यमा सम्भाव्यता अध्ययन गरिनेछ।

१५६. भु-उपयोग बमोजिम स्थानीय भु-उपयोग परिषद गठन गरि गाँउपालिका भित्र रहेका जग्गाहरुको भु-उपयोग क्षेत्र वर्गीकरण गरिने छ ।

## व्यवस्थित वस्ती विकास

१५७. समुदायको अग्रसरतामा गरिने बस्ती विकासलाई प्रोत्साहित गर्न प्राविधिक सहयोग प्रदान गरिनेछ।

१५८. व्यवस्थित बस्ती विकासका लागि छुट्टै गुरु योजना बनाई लागू गरिनेछ।

शंकरमान घलान
उपाध्यक्ष

कान्तारामा प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर भोलन
अध्यक्ष

१५९. एकिकृत जग्गा विकास योजना तयार गर्ने पहल गरी भूमिलाई आवास क्षेत्र, औधोगिक क्षेत्र, कृषि क्षेत्र, वन क्षेत्र, सिमसार क्षेत्रमा विभाजन गरी सोही अनुरुप भू–उपयोग गर्ने नीति लिईने छ।

१६०. विभिन्न धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक महत्वका स्थान तथा सम्पदाहरुको मौलिक तथा प्राचीन नामहरुको खोजी गरी तिनको पुनस्र्थापना गर्ने, आधिकारिक नामाकरण हुन बाँकी टोल, बस्ती, सडक, मार्ग, चोक, भवन, स्मारकहरुको नामाकरण गर्ने र अन्य निकायबाट नामाकरण गर्दा गाउँपालिकाको स्वीकृति लिनु पर्ने व्यवस्था मिलाईनेछ।

**विद्युत तथा वैकल्पिक उर्जाः**

१६१. गाउँपालिका क्षेत्र भित्र रहेका मुख्य मुख्य वस्तिहरुमा सडक बत्ती जडान कार्यलाई निरन्तरता दिईने छ।

१६२. गाउँपालिका भित्र विधुतीकरण हुन बाँकी रहेका क्षेत्रमा विद्युत पुऱ्याउनको लागि विशेष पहल गरिनेछ।

**(ङ) संस्थागत विकास, सेवा प्रवाह तथा वित्तीय सुशासनः**

**संस्थागत विकास र सेवा प्रवाह**

१६३. गाउँपालिकाले निर्माण गरेका कानूनहरुलाई समसामयिक परिमार्जन गरि सेवा प्रवाहमा चुस्तता ल्याइनेछ। साथै आवश्यक थप कानून निर्माण गर्नको लागि विशेष पहल गरिनेछ।

१६४. गाउँपालिकालाई गाउँपालिकाको कार्य प्रकृति, कार्यबोध र औचित्यको आधारमा आवश्यक पर्ने जनशक्ती आँकलन गरी कार्य विवरण तथा कार्य विश्लेषणका आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरि समयानुकुल बनाईनेछ।

१६५. गाउँपालिका मातहत कार्यरत कर्मचारीहरुको मनोवल उच्च राख्नका लागि सामुहिक जीवन विमा, दुर्घटना विमा तथा स्वास्थ्य विमा गर्ने गरी व्यवस्था मिलाईनेछ।

१६६. वडा कार्यालय, स्वास्थ्य चौकी र सार्वजनिक विद्यालयका शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी समेतको सहभागितामा अन्तरपालिका अवलोकन भ्रमणलाई निरन्तरता दिईने छ। यस्तो अवलोकन भ्रमणका क्रममा भ्रमणदलका सदस्यहरुले देखेका राम्रा र सकारात्मक पक्षहरु समेटिएको र तत्कालै गर्न सकिने सुधारका क्षेत्रहरुको पहिचान गरि त्यस्तो प्रतिवेदन गाँउपालिकामा बुझाउनु पर्ने अनिवार्य व्यवस्था गरिनेछ। यसरी प्राप्त सुझावहरुलाई क्रमश कार्यान्वयनमा लगिनेछ।

१६७. गाउँपालिकाको स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीहरुको उच्च मनोबल राख्नको लागि पदिय जिम्मेवारी एव तह अनुसार सञ्चार खर्च, आवास सुविधाको व्यवस्था मिलाईनेछ।

शंकरमान थलाल
उपाध्यक्ष

दाताराम प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर भोलन
अध्यक्ष

१६८. पदाधिकारी र कर्मचारीहरुको क्षमता अभिबृद्धिका लागि तालिमको आवश्यकता पहिचान (Training Needs Assessment TNA) गरी आवश्यकता र औचित्यताको आधारमा व्यवस्था मिलाईनेछ।

१६९. यस पालिकाको महत्वपूर्ण शाखाहरुमा शाखा प्रमुख स्थायी कर्मचारीको व्यवस्थापन गरी सेवा प्रवाहलई चुस्त दुरुस्त बनाईनेछ।

**आर्थिक सुशासन/वित्तीय सुशासनः**

१७०. गाउँपालिका क्षेत्रभित्र राजस्व अभिवृद्धि गर्ने कार्यका लागि विशेष कार्यदल बनाएर राजस्व प्रक्षेपण कार्यलाई सुधार गरिनेछ।

१७१. जनप्रतिनिधि, कर्मचारी समेतलाई सार्वजनिक खरिदका कानूनी प्रक्रिया, व्यवहारिक विषय लगाएतका विषयमा सघन प्रशिक्षण कार्यक्रमको व्यवस्था मिलाइनेछ।

१७२. गाउँपालिका भित्र महालेखा परिक्षकको कार्यालयले औलाएका बेरुजुमा लगत कट्टा गर्ने तथा बेरुजु फछ्र्यौट गर्न विशेष कार्यदल बनाइनेछ। साथै आगामी आर्थिक वर्षमा बेरुजु न्यूनिकरण गर्न आवश्यक प्रशिक्षण कानूनी सुझाव तथा क्षमता अभिवृद्धि कार्य गरिनेछ।

१७३. आन्तरिक नियन्त्रण प्रणाली तयार गरी अनावश्यक फजुल खर्च हटाउने, खर्चलाई नतिजा सँग आवद्धता गरिने तथा सार्वजनिकीकरण गरिने कार्यलाई विशेष प्राथमिकता दिइनेछ।

१७४. गाउँपालिका भित्र संचालित विकास निर्माण तथा सबै कार्यक्रमको नियमित अनुगमन गर्ने, मासिक समीक्षा गर्ने, भए गरेको कार्यहरुको वडास्तर र गाउँपालिका स्तरमा आवधिक रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिने छ।

१७५. गाउँपालिका र अन्तगतका वडा र स्वास्थ्य संस्थाहरुले गरेका खर्चको विश्वसनीयता, औचित्यता र प्रभावकारीता समेतको परीक्षण गर्न तेस्रो पक्षबाट (स्वतन्त्र संस्था वा निकाय) सामाजिक परीक्षणको व्यवस्था मिलाईनेछ र त्यस्तो परीक्षण प्रतिवेदन सार्वजनिकीकरण गरिनेछ।

**सूचना, प्रविधि तथा संचारः**

१७६. आगामी आर्थिक वर्षभित्र गाउँपालिकाभित्रका सबै वडा कार्यलयहरु, सार्वजनिक विद्यालयहरु, स्वास्थ्य चौकीहरु तथा अन्य सार्वजनिक कार्यालयहरुलाई सतप्रतिशत इन्टरनेट (Optical fibre) युक्त प्रणालीमा आवद्ध गरिनेछ।

१७७. दुरसञ्चार शिक्षा, प्रविधिमैत्रि अनुगमन तथा अनलाईन मार्फत सेवा प्रवाह गरिने व्यवस्थाको सुरुवात गरिनेछ।

१७८. गाउँपालिकाको आफ्नै सरभर स्थापना गरेर तथ्याङ्क एकिकृत रुपमा राख्ने कार्यको लागि अन्य निकाय सँग सहकार्य सहयोग स्थापना गरिनेछ।

शंकरमान घलान
उपाध्यक्ष

दातारााम प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर भोलन
अध्यक्ष

१७९. नेटवर्क प्रणालीको स्थापना गरी गाउँपालिकाको कार्यालय र वडा कार्यालयहरुलाई अन्तर आबद्ध गरिनेछ।

१८०. गाउँपालिकाका मुख्य सार्वजनिक स्थलहरुमा फ्रि वाईफाइ जोनको व्यवस्थालाई निरन्तरता दिईनेछ।

१८१. गाउँपालिकाको सेवा प्रवाहलाई व्यवस्थित गर्न डिजिटल टोकन प्रणालीको व्यवस्था गरिनेछ।

१८२. कार्यालयमा Paperless, faceless र Cashless को अवधारणा साथै IT Base सेवा प्रवाहलाई सुदृढीकरण गर्न E-Governance को अवधारणालाई कार्यान्वयन गर्दै लगिनेछ।

**अन्त्यमा,**

प्रस्तुत नीति तथा कार्यक्रम निर्माणमा प्रत्यक्ष एवं परोक्ष रुपमा अमूल्य सुझाव सल्लाह दिनु हुने र सहयोग पुऱ्याउनु हुने नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, बागमती प्रदेश सरकार, संघीय एवं प्रदेश माननीय सदस्यज्यूहरु, बजेट तथा कार्यक्रम तर्जुमा समितीका पदाधिकारीहरु, सबै गाउँसभा सदस्यज्यूहरु, राजनीतिक दलका स्थानिय प्रमुख एवं प्रतिनिधीज्यूहरु, विषयगत समितिका पदाधिकारीहरु, विषयगत शाखाका कर्मचारीहरु, उद्योगी व्यवसायी, बुद्धिजिवी, नागरिक समाज, शिक्षक, अपाङ्ग, दलित, सीमान्तकृत, संचारकर्मी र सरोकारवाला लगायत सम्पूर्ण घ्याङलेखवासीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु। प्रस्तुत नीति तथा कार्यक्रम पारित गर्न सम्पूर्ण गाउँसभा सदस्यहरुसँग सहयोगको अपेक्षा गर्दछु।

**धन्यवाद ।**
**जगत बहादुर भोलन**
**गाउँपालिका अध्यक्ष**

**निर्णय नं. २**

प्रस्ताव नं २ माथि छलफल गर्दा घ्याङलेख गाउँपालिकाको आगामी आ.व. ०८१।०८२ को लागि लागु गर्नु पर्ने कर, दस्तुर, सेवा शुल्क र राजश्वका सम्भावित अन्य श्रोत सम्वन्धमा सबै तह तप्काबाट आएका राय सुझाव र स्थानीय राजश्व परामर्श समितिले प्रस्ताव भएको कर, दस्तुर, सेवा शुल्क र राजस्वका अन्य श्रोत समेतलाई समेटेको आर्थिक विधेयक उपर दफाबार छलफल गर्नका लागि पेश गर्ने निर्णय गरियो।

शंकरमान घलान
उपाध्यक्ष

दाताराम प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर भोलन
अध्यक्ष

## घ्याङलेख गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

प्रस्तावनाः घ्याङलेख गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने प्रयोजनको निमित्त स्थानीय कर, दस्तुर, शुल्क, जरिवाना समेत संकलन गर्ने प्रशासनिक गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ बमोजिम घ्याङलेख गाउँपालिकाले यो विधेयक बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस विधेयकको नाम **"आर्थिक विधेयक, २०८२"** रहेको छ ।

(२) यो विधेयक गाउँ सभाले पास गरेपछि २०८२ साल श्रावण १ गतेदेखि घ्याङलेख गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

२. **सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूची-१ बमोजिम घर र घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई असूल उपर गरिनेछ ।

३. **भूमि कर :** गाउँपालिकाका क्षेत्रभित्र अनुसूची-२ बमोजिम भूमि कर (मालपोत) घर र घरले चर्चेको जग्गा भन्दा बाहेकको जग्गामा लगाइ असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, वर्कसप, गोदाम, टहरा, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा लगाइ हुने आम्दानी र आम्दानी हुने गरी अन्य कुनै सम्पत्ति बहालमा दिएकोमा अनुसूची-३ बमोजिम बहाल कर लगाई असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र दर्ता वा इजाजत प्राप्त गरी स्थापित उद्योग, व्यापार, सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति, संङ्घसंस्था वा निकायलाई वार्षिक रुपमा अनुसूचि-४ बमोजिम व्यवसाय कर लगाई असूल उपर गरिनेछ ।

६. **जडीबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची-५ बमोजिमको कर लगाई असुल उपर गरिनेछ । तर, प्रचलित कानूनकोले निषेध गरिएको हकमा भने उल्लिखित व्यवस्था लागु हुने छैन ।

७. **सवारी साधन करः** प्रदेश सरकारको आर्थिक ऐनले तोके अनुसार अनुसूची-६ बमोजिम बाँडफाँटबाट घ्याङलेख गाउँपालिकालाइ प्राप्त हुने सवारी साधन करको आम्दानी बाँधिने छ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची-७ बमोजिमको दरमा विज्ञापन कर लगाइ असूल उपर गरिनेछ

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने र शुल्क लिइ सञ्चालन गरिने जुनसुकै प्रकारको मनोरञ्जन व्यवसायमा प्रदेश सरकारले तोकेको दरमा अनुसूची-८ मनोरञ्जन कर लगाई असुल उपर गरिने छ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चलन गरेका वा सार्वजनिक ऐलानी पर्ती जग्गा वा भवनमा हाट बजार वा पसल वा विशेष मेला पर्वमा अनुसूची-९ मा व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाई असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची-१० बमोजिम सवारी पार्किङ शुल्क लगाई असूल उपर गरिनेछ। साथै पार्किङ व्यवसाय सञ्चालन गर्ने व्यक्ति वा संस्थाले घ्याङलेख गाउँपालिकाबाट पूर्व अनुमती लिएको हुनुपर्ने छ ।

१२. **ट्रेकिङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूची-११ बमोजिमको शुल्क लगाई असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची-१२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए बमोजिम शुल्क लगाई असूल उपर गरिनेछ ।

शंकरमान घलान
उपाध्यक्ष

दाताराम प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

अगत बहादुर भोलन
अध्यक्ष

१४. **पटके जरिवाना :** घ्याङलेख गाउँपालिका क्षेत्रभित्र निषेध गरिएको क्षेत्रमा ... गर्ने वा फोहोरमैला जताभावि फालेमा अनुसूची-१३ बमोजिम जरिवाना गरने छ ।

१५. **कर छुट/जरिवाना :** यस विधेयक गाउँ सभाले पास गरेपछि ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई अनुसूचि-१४ बमोजिम लागु हुने छ ।

१६. **घर नक्सा पास दस्तुर :** घ्याङलेख गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भौतिक संरचनाको निर्माण गर्दा गाउँपालिकाले तोके बमोजिम अनुसूची-१५ बमोजिम लागु हुने छ ।

१७. **कृषी तथा पशु सेवा दस्तुर :** घ्याङलेख गाउँपालिकाको कृषी तथा पशु स्वास्थ्य सेवा प्रदान गर्दा लाग्ने दस्तुर अनुसूची-१६ बमोजिम लागु हुने छ ।

१८. **घरजग्गा रजिष्ट्रेशन शुल्क :** घ्याङलेख गाउँपालिका क्षेत्रभित्रका घर जग्गा वा अनेय सम्पतिहरुको रजिष्ट्रेशन पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क प्रदेश सरकारले तोकेबमोजिम हुने छ ।

१९. **विभाज्य कोषसम्बन्धी व्यवस्था :** घ्याङलेख गाउँपालिकाले बागमति प्रदेश आर्थिक ऐन बमोजिम सङ्कलन गरी प्रदेश सरकारलाई हस्तान्तरण गर्नुपर्ने प्रकृतिका राजश्वहरु यस कोषमा जम्मा गरी तोकिएबमोजिम बाँडफाँट गरिने छ ।

२०. **अन्य व्यवस्था :** (१) घ्याङलेख गाउँपालिकाको शाखा, वडा तथा अन्य कार्यालयहरुबाट सेवाप्रवाह गर्दा सेवाग्राहीले बुझाउनु पर्ने कर, शुल्क, दस्तुर तथा जरिवानालाई सेवासँग आवद्ध गरी अनिवार्य असुल उपर गरी सेवा प्रवाह गर्नुपर्ने छ ।

२) घ्याङलेख गाउँपालिका क्षेत्रभित्र भवन निर्माण गर्न नक्सा दस्तुर पेश गरी नक्सा पास बापत तोकिएको दस्तुर बुझाएकोमा कुनै कारणले नक्सा पास हुन नसकी सेवा प्राप्त नगरेको अवस्थामा दस्तुर बुझाएको मितिले एक वर्ष भित्र दस्तुर फिर्ता माग गर्न आएमा दस्तुर बुझाएको रकमको पन्ध्र प्रतिशत कट्टा गरी नक्सा दरखास्तवालालाई बाँकी रकम घ्याङलेख गाउँपालिकाले फिर्ता गर्न सक्ने छ ।

२१. **यसै ऐन बमोजिम भएको मानिने :** यो ऐन जारी हुनुअघि भए/गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेका मानिने छ ।

२२. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः यो विधेयकमा भएको व्यवस्था यसै बमोजिम र अन्यका हकमा यस ऐनसँग नबाझिने गरी कर तथा शुल्क सङ्कलन सम्बन्धमा घ्याङलेख गाउँपालिका गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

२३. बाधा अड्काउ फुकाउः यस ऐनको कार्यान्वियनको क्रममा कुनै बाधा आई परेमा घ्याङलेख गाउँपालिका गाउँ कार्यपालिकालाई बाधा अड्काउ फुकाउने अधिकार हुनेछ ।

**तपसिल**

**अनुसूचि -१**

**सम्पत्ति कर**

**आर्थिक वर्ष ०८२/०८३ को लागि सम्पत्ति मुल्याङ्कनका लागि जग्गाको मूल्याङ्कन दर रेटको सूची मालपोत कार्यालय सिन्धुलीले तोके बमोजिम**

**आर्थिक वर्ष ०८२/०८३ को लागि संरचना मूल्याङ्कन दर रेटको सूची**

| क्र.स. | समूह | दर प्रति वर्ग फिट रु. |
|---|---|---|
| १ | सबै प्रकारका आर सि.सि.घर पक्का जोडाई छत ढलान | ७००।०० |
| २ | सबै प्रकारका पक्की, ईटा जोडाई सिमेन्टि वा टायल | ३००।०० |
| ३ | माटोको जोडाई, सेन्टर बेराको घर, काठको घर, टिन टायल छाना | १३०।०० |

शंकरमान घलान

... प्याकुरेल

जगत बहादुर भोलन
अध्यक्ष

| क्र.स. | समुह | दर प्रति वर्ग फिट रु. |
|---|---|---|
| ४ | ढुङ्गा वा ईटाको पर्खाल, आदि | १३०।०० |
| ५ | कच्ची घर माथिका प्रकरणमा नपरेका फुसको घरहरु प्रतिघर एकमुष्ट | ५०००००। |

(सम्पत्ति करको लागि निर्धारण कर तालिका)

| क्र.स. | रु. देखि | रु सम्म | कर निर्धारण रु. |
|---|---|---|---|
| १ | ०१ | ५००,००० | ५० |
| २ | ०१ | १०,००,००० | १०० |
| ३ | ०१ | २०,००,००० | १५० |
| ४ | ०१ | ३०,००,००० | २०० |
| ५ | ०१ | ४०,००,००० | २५० |
| ६ | ०१ | ६०,००,००० | ३०० |
| ७ | ०१ | ९०,००,००० | ४०० |
| ८ | ०१ | १,४०,००,००० | ५०० |
| ९ | ०१ | १,८०,००,००० | ६०० |
| १० | ०१ | २,२०,००,००० | ७०० |
| ११ | ०१ | २,६०,००,००० | ८०० |
| १२ | ०१ | ३,००,००,००० | ९०० |
| १३ | ०१ | ४,००,००,००० | ११०० |
| १४ | ०१ | ६,००,००,००० | १५०० |
| १५ | ०१ | ८,००,००,००० | १८०० |
| १६ | ०१ | १०,००,००,००० | २००० |
| १७ | ०१ | १०,००,००,००१ माथि | २७०० |

संरचनाको ह्रास कट्टी दर

| संरचनाको किसिम /संरचनाको आयु | वार्षिक ह्रास प्रतिशतमा |
|---|---|
| १ - ३ वर्ष | ३ |
| ३- ६ वर्ष | ८ |
| ६- ९ वर्ष | १२ |
| ९- १२ वर्ष | १५ |
| १२- १५ वर्ष | २० |
| १५- १८ वर्ष | २५ |
| १८- २१ बर्ष | ३० |

दाताराम प्याकुरेल

| संरचनाको किसिम /संरचनाको आयु | वार्षिक ह्रास प्रतिशतमा |
|---|---|
| २१- २४ वर्ष | ३५ |
| २४- २७ वर्ष | ४० |
| २७- ३० वर्ष | ४५ |
| ३०- ३३ वर्ष | ५० |
| ३३- ३६ वर्ष | ५५ |
| ३६- ४० वर्ष | ६० |
| ४०- ४३ वर्ष | ६५ |
| ४३- ४६ वर्ष | ७० |
| ४६ भन्दा माथि | ७५ |

## अनुसूची - २
### भूमिकर (मालपोत)

| क.सं. | विवरण | दर रु. | |
|---|---|---|---|
| पाखो (भीठ) तर्फ | | प्रति रोपनी | प्रति कठ्ठा |
| १ | अब्बल | २५ | १५ |
| २ | दोयम | २० | ११ |
| ३ | सिम | ११ | ७ |
| ४ | चाहार | ११ | ५ |
| खेत्त (धनहर) तर्फ | | प्रति रोपनी | प्रति कठ्ठा |
| १ | अब्बल | २७ | २० |
| २ | दोयम | २४ | १६ |
| ३ | सिम | १८ | ११ |
| ४ | चाहार | ११ | ७ |

## अनुसूची - ३
### घर जग्गा बहाल कर

| क.सं. | विवरण | दर |
|---|---|---|
| १ | गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आशिंक तवरले वहालमा दिएकोमा | वहाल रकमको १० प्रतिशत |
| २ | हल भाडा प्रति दिन वा प्रति कार्यक्रम (गाउँपालिका तथा वडा कार्यालय) | रु.१०००।०० |
| ३ | गाउँपालिका भित्रको ऐलानी जग्गामा कुनै व्यक्ति/संस्थालाई व्यापार गर्ने प्रयोजनका लागि अस्थायी रुपमा उपलब्ध गराउदाँ प्रति वर्ग फुट | १५।०० |

शंकरमान घलान
उपाध्यक्ष

दाताराम प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर भोलन
अध्यक्ष

## अनुसूची -४
## व्यवसाय कर

| क्र.स. | विवरण | दर रु. |
|---|---|---|
| १ | **खाद्य किराना** | |
| १.१ | बजार क्षेत्रका थोक तथा खुद्रा दुवै बिक्रेताको लागि | २५००।०० |
| १.२ | साना किनारा तथा घुम्ती पसल | १२००।०० |
| २ | **मासु बिक्रेता** | |
| २.१ | माछा वा मासु  मध्ये कुनै एकमात्र वेचविखन गर्ने बिक्रेताको लागि | १०००।०० |
| २.२ | माछा वा मासु  दुवै वेचविखन गर्ने बिक्रेताको लागि | १५००।०० |
| ३ | **सुनचादि तथा गरगहना** | |
| ३.१ | सुनचादि तथा गहनाहरुको खरिद बिक्री गर्ने (सोरुम सजावट भएकालाई) बिक्रेताको लागि | ३०००।०० |
| ३.२ | सुनचादि तथा गहनाहरुकोल खरिद बिक्री गर्ने (सोरुम सजावट नभएकालाई) बिक्रेताको लागि | २०००।०० |
| ३.३ | ज्याला मात्र लिई सुनचादि तथा गहनाहरुको सम्वन्धी काम गर्ने (ज्यासल) को लागि | १२००।०० |
| ३.४ | नक्कली सुन जस्तो देखिने गहना पसल | १२००।०० |
| ४ | **श्रृगारका, खेलौना तथा उपहार (गिफ्ट) सामानहरु** | |
| ४.१ | थोक सहित खुद्र बिक्रेताको लागि | २०००।०० |
| ४.२ | खुद्रा बिक्रेताको लागि | १२००।०० |
| ४.३ | खेलना तथा गिफ्ट बिक्रेता | २००।०० |
| ५ | **निर्माण सामग्री, हाईवेयर (स्यानिटरी, सिसा, प्लाई, ग्रील, गीटि, ढुङ्गा, बालुवा, इटा ईत्यादि)** | |
| ५.१ | थोक बिक्रेताको लागि | ५०००।०० |
| ५.२ | खुद्रा बिक्रेताको लागि | २५००।०० |
| ५.३ | थप एक प्रति गोदाम | ३००।०० |
| ६ | **मेशिनरी तथा सवारी साधन र सो सम्बन्धी पार्टस** | |
| ६.१ | मेशिनरी तथा सवारी साधन दुवै सो सम्वन्धी पार्टस बिक्रेता तथा सर्भिसि सेन्टर | २५००।०० |
| ६.२ | लेथ मेशीन र सवारी साधन सर्भिस | १२००।०० |
| ७ | **पाठ्यपुस्तक तथा स्टेशनरी तथा खेलकुद सामाग्री** | |
| ७.१ | ठुलो स्टोर (थोक सहित खुद्र) | २५००।०० |
| ७.२ | सानो स्टोर (खुद्रा मात्र) | १२००।०० |
| ८ | **फार्मेसी, औषधि तथा आयुर्बेदिक पसल** | |
| ८.१ | थोक तथा खुद्रा बिक्री सहित क्लीनिक भएकाहरुको लागि | ३०००।०० |
| ८.२ | खुद्रा बिक्रि क्लीनिक नभएकाहरुको लागि (ग्रामिण आयूर्वेद समेत) | १२००।०० |
| ८.३ | चस्मा (अप्टीकल सेवा) मर्मत तथा बिक्रि गर्ने बिक्रेताहरुको लागि | १२००।०० |
| ९ | **कृषिजन्य औषधि, बिउ बिजन तथा मलखाद** | |
| ९.१ | कृषि तथा भेटनरी औषधी सहित मलखाद र विउ विजन समेत बिक्रेताको लागि | २५००।०० |
| ९.२ | कृषि तथा भेटनरी औषधी तथा विउ विजन बिक्रेताको लागि | १५००।०० |
| ९.३ | कृषि तथा भेटनरी औषधी तथा मलखाद बिक्रेताको लागि | १५००।०० |
| ९.४ | कृषि तथा भेटनरी औषधी मात्र बिक्रेताको लागि | १२००।०० |
| १० | **कपडा तथा फेन्सी सम्बन्धी** | |
| १०.१ | तयारी तथा थान कपडा बिक्रेताहरुको लागि | २०००।०० |
| १०.२ | सिलाई सम्बन्ध सामाग्री (टांक, धागो लगाएत अन्य) सामान बिक्रेताहरुको लागि | १२००।०० |

शंकरलाल घलान
उपाध्यक्ष

जगत बहादुर भोलन
अध्यक्ष

| क्र.स. | विवरण | दर रु. |
|---|---|---|
| ११ | **जुत्ता तथा चप्पल सम्बन्धी** | |
| ११.१ | जुत्ता चप्पल बिक्रेताहरुको लागि | २०००।०० |
| १२ | **भाडा पसलहरु** | |
| १२.१ | तामा, पित्तल, स्टिल तथा अल्मुनियमका भाडा बिक्रेताको लागि | २०००।०० |
| १२.२ | प्लास्टिक जन्य भाडा बिक्रेताको लागि | १५००।०० |
| १३ | **ईलेक्टीक एण्ड ईलेक्टोनिक्स बिक्रेताको लागि** | |
| १३.१ | ईलेक्टीक एण्ड ईलेक्टोनिक्स सम्बन्धी सामान बिक्रेताको लागि | २०००।०० |
| १३.२ | ईलेक्टोनिक्स सम्बन्धी सामान बिक्रेताहरुको लागि | १२००।०० |
| १३.३ | कम्प्युटर एवं पार्टस सम्बन्धी बिक्रेताको लागि | २०००।०० |
| १३.४ | घडि रेडियो तथा भिडियो सि.डि बिक्रेताको लागि | १२००।०० |
| १३.५ | मोबाईल एवं पार्टस बिक्रेताहरुको लागि (टि.भि., मोबाइल मर्मत समेत) | १२००।०० |
| १४ | **फर्निचर सम्बन्धी** | |
| १४.१ | काठ, स्टिल, प्लास्टिक सामान सहित कार्पेट समेत बिक्री गर्ने बिक्रेताको लागि | ३०००।०० |
| १५ | **मदिरा तथा सुर्तिजन्य सामान बिक्रेताको लागि** | |
| ५१.१ | मदिराको थोक बिक्रेताको लागि | ३०००।०० |
| १५.२ | मदिराको खुद्रा बिक्रेताको लागि | २०००।०० |
| १६ | **तरकारी तथा फलफुल** | |
| १६.१ | तरकारीका थोक बिक्रेताका लागि | २५००।०० |
| १६.२ | तरकारीका खुद्रा बिक्रेताका लागि | १२००।०० |
| १६.३ | फलफूलको थोक बिक्रेताका लागि | २५००।०० |
| १६.४ | फलफूलका खुद्रा बिक्रेताका लागि | १२००।०० |
| १७ | **हस्तकलाका सामानहरु बिक्री गर्नेलाई** | |
| १७.१ | स्थानिय कच्चा पदार्थबाट उत्पादन गरि सामानहरु बिक्री गर्नेलाई | ५००।०० |
| १७.२ | सामान आयात गरि बिक्री गर्नेहरुलाई | १२००।०० |
| १७.३ | आर्टस तथा पेन्ट कार्य | १२००।०० |
| १८ | **पेट्रोलिय पदार्थ ग्यास बिक्रेता** | |
| १८.१ | पेट्रोल वा डिजेल बिक्रेताको लागि | ३०००।०० |
| १८.२ | ग्यास डिलरहरुको लागि | २०००।०० |
| | **विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा** | |
| १९ | **चिकित्सक** | |
| १९.१ | व्यवसायिक रुपमा चिकित्सक सेवा प्रदान गर्नेहरुका लागि (दन्त सेवा समेत) | २५००।०० |
| १९.२ | व्यवसायिक रुपमा कबिराज सेवा प्रदान गर्नेहरुका लागि | १५००।०० |
| २० | **इन्जिनियर** | |
| २०.१ | इन्जिनियर कन्सल्टेण्ट दर्ता गरि सेवा प्रदान गर्नेहरुका लागि | ३०००।०० |
| २१ | **कानून व्यवसायी** | |
| २१.१ | व. अधिबक्ता | २०००।०० |
| २१.२ | अधिबक्ताहरुलाई | १०००।०० |
| २१.३ | लेखापढी | ६००।०० |
| २२ | **अनुसन्धान कर्ता तथा परामर्शदाता** | |
| २२.१ | बैदेशिक रोजगार परामर्शदाता | २०००।०० |

शंकरमान घलान
उपाध्यक्ष

ढाताराम प्याकुरेल

जगत बहादुर भोलन
अध्यक्ष

| क्र.सं. | विवरण | दर रु. |
|---|---|---|
| २२.२ | वैदेशिक अध्ययन परामर्शदाता | २०००।०० |
| २२.३ | तालिम तथा अनुसन्धान केन्द्रहरु | २०००।०० |
| २३ | **कम्प्युटर एनालिष्ट तथा प्रेगामर** | |
| २३.१ | कम्प्युटर एनालिष्ट तथा प्रेगामर | २०००।०० |
| २३.२ | बिमा कम्पनी | २०००।०० |
| २४ | **पशु चिकित्सक** | |
| २४.१ | पशु चिकित्सक तथा सहायक (निजि व्यवसायि) | १२००।०० |
| २५ | **निर्माण व्यवसाय :- गाउँपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा वा अन्यत्रबाट निर्माणको लागि गाउँपालिकामा आएको** | |
| २५.१ | क. वर्गको लागि | ५०००।०० |
| २५.२ | ख. वर्गको लागि | ४०००।०० |
| २५.३ | ग. वर्गको लागि | ३०००।०० |
| २५.४ | घ. वर्गको लागि | २०००।०० |
| २६ | **खाद्य तथा पेय सम्बन्धी** | |
| २६.१ | दुग्ध तथा दुग्धजन्य सामग्री उत्पादन गर्ने उद्योगहरु | १५००।०० |
| २६.२ | चामल, चिउरा, तेल तथा दाल मिल उद्योगहरु | २०००।०० |
| २६.३ | अन्यत्रबाट आएका धान काट्ने थेसर (प्रति सिजन) | १०००।०० |
| २७ | **साना तथा घरलु उद्योगहरु** | |
| २७.१ | धुप, अविर, मैनबत्ती, सावुन, टपरी, फाइवर व्याक, सुधारिएको चुलो, घरेलु उद्योग | १२००।०० |
| २७.२ | हस्तकला उद्योगहरु | १२००।०० |
| २८ | **निर्माण सामाग्री उद्योगहरु** | |
| २८.१ | गिट्टी, वालुवा लगाएतका उद्योगहरु | ३०००।०० |
| २८.२ | ब्लक उत्पादन उद्योगहरु | २०००।०० |
| २८.३ | फलामे औजार उत्पादन गर्ने उद्योगहरु | २०००।०० |
| २८.४ | अन्य माथी उल्लेख नभएकोहरुका लागि | १२००।०० |
| २९ | **व्यवसायिक कृषि फर्महरु** | |
| २९.१ | ग्रामिण कुखुरा पालन गर्नेहरुको लागि (५०० सम्म) | २००।०० |
| २९.२ | २००० सम्म कुखुरा पालन गर्नेहरुको लागि | ५००।०० |
| २९.३ | २००० भन्दा बढी कुखुरा पालन गर्नेहरुको लागि | १०००।०० |
| २९.४ | माछा पालन | २००।०० |
| २९.५ | वंगुर तथा रागो पालन गर्ने व्यबसायिकहरुलाई | ३००।०० |
| २९.६ | गाई, भैसी तथा बाखा पालन गर्ने व्यवसायिहरुलाई | ३००।०० |
| २९.७ | कृषि फर्म दर्ता गरि संचालन गर्नेहरुलाई | १०००।०० |
| ३० | **व्यवसायिक नर्सरी** | |
| ३०.१ | व्यवसायीक नर्सरी गर्नेहरुलाई | ५००।०० |
| ३०.२ | फूल तथा बिरुवा सम्वन्धी | ५००।०० |
| ३१ | **पर्यटन उद्योग** | |
| ३१.१ | होटल सहित लज सेवा भएकाहरुको लागि | २०००।०० |
| ३२ | **खाना तथा खाजा होटलहरु** | |
| ३२.१ | मदीरा सहितका नास्ता होटलहरु | २०००।०० |

शंकरनाथ प्रसाद
उपाध्यक्ष

दानाराम पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर भोलन
अध्यक्ष

| क.स. | विवरण | दर रु. |
|---|---|---|
| ३२.२ | चिया, नास्ता तथा खाना होटलहरु | १५००।०० |
| ३२.३ | पार्टि प्यालेस तथा क्याटरीङ | २०००।०० |
| ३३ | **निजि संचार सेवा प्रदायक संस्थाहरु** | |
| ३३.१ | निजि क्षेत्रका ईन्टरनेट प्रदायक संस्थाहरु | २५००।०० |
| ३३.२ | एफ.एम. रेडियो | १५००।०० |
| ३३.३ | पत्र पत्रिका | १००।०० |
| ३३.४ | निजी टेलिफोन प्रदायक संस्थाहरु | २०००।०० |
| ३४ | **बित्तिय सेवा** | |
| ३४.१ | सहकारी संस्थाहरु | १२००।०० |
| ३४.२ | फाइनान्स कम्पनी प्रति शाखा कार्यालय | ५०००।०० |
| ३४.३ | लघुवित्त प्रति शाखा कार्यालय | ५०००।०० |
| ३५ | **निजि कम्पनी तथा गुठी क्षेत्रका शिक्षालयहरु** | |
| ३५.१ | आधारभुत तह | १५००।०० |
| ३५.२ | माध्यामिक तह | २०००।०० |
| ३५.३ | प्राबिधिक शिक्षालय | ३०००।०० |
| ३५.४ | टयुसन तथा कोचिङ सेन्टरहरु | २५००।०० |
| ३६ | **ब्युटि पार्लर तथा हजाम सेवा** | |
| ३६.१ | श्रंगारको सामान सहित ब्युटि पार्लर गर्नेहरुलाई | २०००।०० |
| ३६.२ | ब्यूटि पार्लरमात्र गर्ने व्यवसायिहरुलाई | १२००।०० |
| ३६.३ | सैलुनहरुलाई | १२००।०० |
| ३७ | **फोटो स्टुडियो** | |
| ३७.१ | डिजिटल कलर ल्याव भएकाहरुलाई | १२००।०० |
| ३७.२ | फोटो, भिडियो मिक्सिङ गर्ने, सि.डि. तयार गर्ने | १२००।०० |
| ३८ | **सिलाई बुनाई तथा अन्य** | |
| ३८.१ | सिलाई बुनाई तथा कटाई समेत गनेहरुलाई | १२००।०० |
| ३८.२ | टेण्ट सेवा | १२००।०० |
| ३८.३ | केवल नेटवर्कि व्यवसाय | १२००।०० |
| ३८.४ | कवाडि सामान व्यवसाय (संकलन) | १२००।०० |
| ३८.५ | साउण्ड सिस्टम, ईलेक्टीक वा ईलोक्टोनिक्स सामान भाडामा दिने व्यवसायलाई | १२००।०० |
| ३८.६ | स-मिल समेतको फर्निचर उद्योग | २०००।०० |
| ३८.७ | चिरानी मात्र गर्ने | १२००।०० |
| ३९ | **निजी स्वास्थ्य सेवा** | |
| ३९.१ | गैह्र सरकारी अस्पताल (सम्पूर्ण सेवा प्रदान गर्ने) | ३०००।०० |
| ३९.२ | क्लिनिक तथा ल्याव | २०००।०० |
| ३९.३ | दन्त क्लिनिकि | १०००।०० |
| ३९.४ | अल्ट्रासाउन्ट एक्सरे | १५००।०० |
| ३९.५ | सादा एक्सरे | १०००।०० |
| ४० | **शिक्षा सेवा (निजी क्षेत्रका स्कूल, क्याम्पस, विश्वविद्यालय)** | |
| ४०.१ | आधारभूत स्तरका विद्यालय | १०००।०० |
| ४०.२ | माध्यामिक स्तरका विद्यालय | १५००।०० |

शंकरमान घलान
उपाध्यक्ष

जगत वहादुर भोलन
अध्यक्ष

| क्र.सं. | विवरण | दर रु. |
|---|---|---|
| ४०.३ | क्याम्पस स्तरका विद्यालय | २०००।०० |
| ४१ | **वर्क्सप/ग्यारेजहरु** | |
| ४१.१ | साइकल वर्क्ससप | ५००।०० |
| ४१.२ | मोटरसाइकल वर्क्ससप | १०००।०० |
| ४१.३ | गाडीहरुको वर्क्ससप | २०००।०० |
| ४२ | **डेरी उद्योग** | |
| ४२.१ | डेरी उद्योग तथा बिक्रि पसल | २०००।०० |
| ४२.२ | डेरी बिक्रि पसल | १०००।०० |
| ४४ | **बैंक कर** | |
| ४४.१ | क वर्ग | १५०००।०० |
| ४४.२ | ख वर्ग | १२०००।०० |
| ४४.३ | ग वर्ग | ९०००।०० |
| ४४.४ | घ वर्ग | ८०००।०० |
| ४५ | कुटन पिसन तथा तेल मिल | २०००।०० |
| ४६ | हाते औजार वर्कसप | १५००।०० |
| ४७ | पानी घट्टा व्यवसाय सञ्चालन गर्नेका लागि | १०००।०० |
| ४८ | जडिबुटि व्यवसाय फर्म/पसल | २०००।०० |
| ४९ | तेल मिल संचालन गर्नको लागि | १५००।०० |

## अनुसुची - ५
## जडीवुटी, कवाडी र जीवजन्तु कर

| क्र.सं. | विवरण | दर रु |
|---|---|---|
| १ | जडिबुटि (टिमुर, पखानेवेद, जेठिमधु, तेजपत्ता, काउलो, जटामसि, कुरीलो, धसिङगरे, चिराइतो, अन्य) प्रति के.जि. | १०।०० |
| २ | कवाडी माल प्रति के.जि. | १।५० |
| ३ | **जिवजन्तु** | |
| क | हाड, सिङ प्रति के.जि. | १०।०० |
| ख | छाला प्रतिगोटा | ५०।०० |
| ग | खसी बोका निकासी प्रति गोटा | ५०।०० |
| घ | राँगा, भैसि, गाई, सुँगुर प्रति गोटा | १००।०० |
| ङ | कुखुरा निकासी प्रति गोटा | २०।०० |
| ४ | **तरकारी तथा अन्य निकासी** | |
| क | तरकारी र फलफूल प्रति के.जी. | ५।०० |
| ख | अम्रीसो कुच्चो प्रति के.जी. | ५।०० |
| ग | वास प्रति ट्रक (हेवि) | २०००।०० |
| घ | बास प्रति ट्रक (मिनी) | १५००।०० |
| ङ | बुद्धचित्त मालाको निकासि कर | बिकी मूल्यको १०%, |

## अनुसुची - ६
## सवारी साधन कर
प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

शंकरलाल घलान
उपाध्यक्ष

दाताराम प्याकुरेल

जगत बहादुर भोलन

## अनुसुची - ७
### विज्ञापन कर

| क्र.सं. | विवरण | दर रु. |
|---|---|---|
| १ | होर्डिङ बोर्ड सार्वजनिक स्थानहरुमा प्रति बर्गफुट | २००।०० |
| २ | होर्डिङ बोर्ड ल्फेक्स बोर्ड निजि स्थानहरुमा प्रति बर्गफुट | ४०।०० |
| ३ | वाल पेन्टिङ गरी प्रचार प्रसारको दृष्टिकोणले घरको भित्ता, सटर वा पर्खालमा लेखिएकोमा वार्षिक प्रति वर्गफुट | ४००।०० |
| ४ | विद्युत, टेलिफोन पोलमा प्रति वर्गफुट | ५०।०० |
| ५ | कपडाको तुल र फ्रेम नगरिएको फ्लेक्स व्यानर प्रति थान प्रति हप्ता | २००।०० |
| ६ | व्यवसाय प्रबर्द्धनको लागि प्रति व्यवसायि प्रति पसल ५ वर्ग फुट सम्मको १ थान बोर्ड निःशुल्क सो भन्दा बढि गा.पा.को स्वीकृतीमा प्रति एक थान माथिको दररेटमा | |
| परिचय पाटी वाहेक विज्ञापन सामग्री राख्न गाउँपालिकाले तोकेको स्थानमा मात्र राजश्व शाखाबाट स्वीकृती दिइने छ। | | |

## अनुसुची - ९
### बहाल विटौरी कर
### मुख्य हाट बजारमा लगाईने कर

| क.स. | विवरण | दर रु. |
|---|---|---|
| १ | किराना पसल, ब्लक, छाप्रो, प्रति छाप्रो | ४०।०० |
| २ | कपडा पसल प्रति पसल | ४०।०० |
| ३ | जुत्ता चप्पल प्रति पसल | ४०।०० |
| ४ | रेडिमेड कपडा प्रति पसल | ४०।०० |
| ५ | मसला तेल प्रति पसल | ४०।०० |
| ६ | चामल, चिउरा प्रति पसल | ४०।०० |
| ७ | तरकारी, ढकी तथा छिटि २ भन्दा माथि प्रति पसल | २५।०० |
| ८ | आलु प्याज प्रति पसल | ४०।०० |
| ९ | खुर्सानी अदुवा प्रति पसल | ३०।०० |
| १० | आलु, हलुवा (सखरखण्ड) तरुल, कोवि प्रति ट्याक्टर | २००।०० |
| ११ | सिलाई दोकान प्रति पसल | १०।०० |
| १२ | प्रति होटल | ४०।०० |
| १३ | कठघेरा भएको जुनसुकै प्रति पसल | ४०।०० |
| १४ | प्रचुन प्रति पसल | ३०।०० |
| १५ | वोका, खसि काटमार प्रति गोटा | २५।०० |
| १६ | कुखुरा किन्ने  र विक्रि गर्ने संग प्रति गोटा दुवै तफैवाट रु १० | १०।०० |
| १७ | परेवा जोडी विक्रि गर्ने र खरिद गर्ने दुवै तर्फवाट ५।५ | १०।०० |
| १८ | सुंगुर/वंगुर काटमार प्रति गोटा | २००।०० |
| १९ | ठुलो रांगा काटमार प्रति गोटा | १०००।०० |
| २० | सानो रांगा काटमार प्रति गोटा | ७००।०० |
| २१ | माछा प्रति पसल | १००।०० |
| २२ | फलामको कृर्षिजन्य हतियार पसल | ४०।०० |
| २३ | छाप्रोमा माछा मासु नास्ता प्रति पसल | ४०।०० |
| २४ | चुरा प्रति पसल | ३०।०० |
| २५ | सिद्रा सुकेको माछा प्रति पसल | ५०।०० |

दाताराम प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

शंकरमान मल्ल
उपाध्यक्ष

जगत बहादुर भोलन
अध्यक्ष

| क.स. | विवरण | दर रु. |
|---|---|---|
| २६ | डोको नाम्लो कुचो प्रति पसल | ४०।०० |
| २७ | चटपटे पसल राख्ने प्रति पसल | ३५।०० |
| २८ | माटोको भाडां प्रति पसल | २५।०० |
| २९ | हजाम भूइमा वस्ने प्रति पसल | १५।०० |
| ३० | होटल प्रति पसल | ४०।०० |
| ३१ | मिठा प्रति पसल | ४०।०० |
| ३२ | घुंगी प्रति पसल | २०।०० |
| ३३ | जादु खेल खेलाउने | ५०।०० |
| ३४ | जुत्ता चप्पल सिलाउने प्रति पसल | २०।०० |
| ३५ | घडी टर्च लाईट विक्रि गर्ने प्रति पसल | ३०।०० |
| ३६ | ठेलामा आईसक्रिम, चिया नास्ता, फलफुल, चना चटपटे वेच्ने प्रति पसल | ३०।०० |
| ३७ | सांध लगाउने प्रति पसल | २०।०० |
| ३८ | सुन चांदी प्रति पसल | ४०।०० |
| ३९ | तामा, कागती, निवुवा प्रति पसल | १५।०० |
| ४० | फोटो फ्रेम प्रति पसल | ३०।०० |
| ४१ | रंग, अविर तथा माला प्रति पसल | ३०।०० |
| ४२ | भांडा वर्तन प्रति पसल | ३०।०० |
| ४३ | धोवि प्रति पसल | ३०।०० |
| ४४ | सुर्ति प्रति पसल | २०।०० |
| ४५ | विउ विजन प्रति पसल | २५।०० |
| ४६ | खसी/वोका/वाखा/पाठापाठी/ खरिद विक्रि गर्ने संग प्रति गोटा रु. १५।०० गरी दुवैको | ३०।०० |
| ४७ | कवाडी मालसामान प्रति ट्रक | २०००।०० |
| ४८ | फलफुल तथा तरकारी प्रति भांगा (५० के.जी.भन्दा माथिको) | ५०।०० |
| ४९ | फलफुल तथा तरकारी प्रति क्यारेट/झोला/डोका (५० के.जी.भन्दा मुनिको) | १०।०० |
| ५० | कस्मेटिक पसल | २०।०० |

अनुसुची - १०

पार्किङ्ग शुल्क

| क. स. | विवरण | दर रु. |
|---|---|---|
| १ | ठूला सवारी साधन (वस, ट्रक, आदि) प्रति घण्टा | २०।०० |
| २ | साना सवारी साधन (जीप, कार, भ्यान) प्रति घण्टा | १०।०० |
| ३ | मोटरसाइकल, स्कुटर प्रति घण्टा | ५।०० |
| ५ मिनेट भन्दा कम समयको पार्किङ्ग शुल्क लाग्ने छैन । | | |

अनुसुची - ११

ट्रैकिङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर शुल्क

घ्याङलेख गाउँ कार्यपालिकाको निर्णय अनुसार

दाताराम प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

शंकरमान घलान
उपाध्यक्ष

जगत वहादुर मोलन
अध्यक्ष

अनुसुची - १२
सेवा शुल्क, दस्तुर

| क्र.सं. | विवरण | दर रु. |
|---|---|---|
| १ | **जग्गा नामसारी सिफारिस** | |
| क | पैत्रीक जग्गा हकवालालाई नामसारी गर्दा | २००।०० |
| ख | अपुताली परी हकवाला सिफारिस गर्दा | ५००।०० |
| २ | **घर बाटो सिफारिस (घर, गोठ, बाटो भए नभएको)** | |
| क | बाटो भएको | ३००।०० |
| ख | बाटो नभएको जग्गा सिफारिस | २००।०० |
| ग | ढलान गरेको घर कायम रहेको सिफारिस | ३००।०० |
| ३ | ईटा सिमेन्ट जस्ता छाना घर रहेको सिफारिस | १००।०० |
| ङ | कच्ची घर कायम रहेको सिफारिस | २५।०० |
| च | चौहद्धि (चार किल्ला) प्रमाणित प्रती कित्ता | २००।०० |
| ३ | **अन्य व्यक्तिगत प्रमाणित तथा सिफारिस** | |
| क | नागरिकता नयाँ तथा प्रतिलिपि सिफारिस | २००।०० |
| ख | जन्ममिति प्रमाणित | २००।०० |
| ग | विवाह मिति प्रमाणित | २००।०० |
| ३ | चारित्रिक प्रमाणित | २००।०० |
| ङ | स्थायी बसोबास प्रमाणित | २००।०० |
| च | नामथर, जन्म मिति तथा वतन फरक फरक भएको भए सो व्यक्ति एकै हो भन्ने सिफारिस दस्तुर | २००।०० |
| ५ | अविवाहित प्रमाणित सिफारिस | २००।०० |
| ज | कोष प्रमाणित | २००।०० |
| झ | व्यक्तिगत सर्जिमन मुचुल्का दस्तुर (घटना दर्ता सम्वन्धी) | २००।०० |
| ञ | जनजाति, दलित, पिछडिएका वर्ग, मधेसी, अदालती तारिख, आदि प्रमाणित सिफारिस | २००।०० |
| ६ | अँगिकृत नागरिकता सिफारिस | ५००।०० |
| ७ | नावालक सिफारिस | २००।०० |
| ८ | नामसारी तथा दर्ता सिफारिस | २००।०० |
| ९ | नाता सम्वन्ध प्रमाणित | २००।०० |
| १० | अंग्रेजि भाषावाट दिनुपर्दा प्रति प्रमाणित सिफारिस (अंग्रेजी भाषावाट दिइने छात्र वृत्ति समेत) वापत थप लाग्ने दस्तुर | ५००।०० |
| ४ | **व्यक्तिगत घटना दर्ता दस्तुर** | |
| क | घटना दर्ता जरिवाना (३५ दिन भन्दा पछीको घट्ना दर्ता) | २००।०० |
| ख | व्यक्तिगत घटना दर्ताको प्रतिलिपि | ५००।०० |
| ग | व्यक्तिगत घटना दर्ता-वसाइसराई | २००।०० |
| ३ | व्यक्तिगत घटना दर्ता-विवाह | २००।०० |
| ङ | व्यक्तिगत घटना दर्ता-सम्वन्ध विच्छेद | २००।०० |
| च | व्यक्तिगत घटना दर्ता-मृत्यु | २००।०० |
| ५ | **अन्य सिफारिसमा** | |
| क | योजना सम्वन्धि सिफारिसहरु | २००।०० |

दाताराम प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

शंकरमान घलान
उपाध्यक्ष

जगत बहादुर मोलन
अध्यक्ष

| क.सं. | विवरण | दर रु. |
|---|---|---|
| ख | सहकारी संस्थालाई रासायनिक मल सिफारिस | ५००।०० |
| ग | गाउँपालिका भित्र उत्पादन भएका सामानहरुको निकासी सिफारिस | १५००।०० |
| ३ | धारा तथा विद्युत सिफारिस | २००।०० |
| ङ | अन्य सिफारिसमा | २००।०० |
| च | जडिबुटि निकासी सिफारिस | ५००।०० |
| ५ | श्रम स्वीकृत दस्तुर | ३००।०० |
| ६ | **आम्दानी प्रमाणित** | |
| क | सम्पत्ती मूल्यांकन (० देखी २५ लाख सम्म) | १०००।०० |
| ख | सम्पत्ती मूल्यांकन (० देखी ५० लाख सम्म) | २०००।०० |
| ग | सम्पत्ती मूल्यांकन (० देखी १ करोड सम्म) | २५००।०० |
| ३ | सम्पत्ती मूल्यांकन (१ करोड माथी) | ३०००।०० |
| ७ | **स्थानीय चलन चल्तीको मूल्य प्रमाणित** | |
| क | ० देखी २५ लाख सम्म | १०००।०० |
| ख | ० देखी ५० लाख सम्म | २०००।०० |
| ग | ० देखी १ करोड सम्म | २५००।०० |
| ३ | १ करोड माथी | ३०००।०० |
| ८ | **व्यवसाय दर्ता तथा उद्योग दर्ता सिफारिस** | |
| क | पेट्रोल, डिजेल, मट्टीतेल पम्पको लागि | ५०००।०० |
| ख | फर्निचर उद्योग दर्ता सिफारिस | ६००।०० |
| ग | सर्जमिन मुचुल्का दस्तुर | ६००।०० |
| ३ | घरेलुमा दर्ता भै प्रा.लि.को सिफारिसका लागि सर्जमिन समेत | २०००।०० |
| ङ | निजी विद्यालय अपग्रेडिङ सिफारिस | १५००।०० |
| च | गाउँपालिका, घरेलु र अन्य कार्यालयको लागि व्यवसाय दर्ता तथा खारेजि सिफारिस | ५००।०० |
| ५ | उद्योग ठाउँसारी सिफारिस | ६००।०० |
| ९ | **काठको सिफारिस दिदा** | |
| क | जर्ना प्रति चट्टा (सालको) | १०००।०० |
| ख | जर्ना प्रति चट्टा (अन्य कु काठको) | ५००।०० |
| ग | न्युनतम रु. ५०० मा नघट्ने गरी घरसारको काठ सिफारिस दिदा प्रति क्यूविक फिटमा | २।०० |
| १० | सामुदायिक बनबाट काठ सिफारिस दस्तुर | |

| | काठको ग्रेड ( सालको) | दर | **काठको ग्रेड ( अन्य)** | **दर** |
|---|---|---|---|---|
| क | ए ग्रेड | १०० | अस्ना | ३० |
| ख | बि ग्रेड | ७५ | चाप तथा सिसौ | ३० |
| ग | सि ग्रेड | ५० | अन्य | १० |
| | **काठको चिरानि अनुमती दिदा** | | | |
| | काठको ग्रेड ( सालको) | **दर** | **काठको ग्रेड ( अन्य)** | **दर** |
| क | ए ग्रेड | ११२ | अस्ना | ४० |
| ख | बि ग्रेड | १०० | चाप तथा सिसौ | ३० |
| ग | सि ग्रेड | ८० | अन्य | २० |

शंकरमान घलान
उपाध्यक्ष

दाताराम प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर भोलन
अध्यक्ष

| क.सं. | विवरण | दर रु. |
|---|---|---|
| ११ | **गैह्र नाफामुलक संघसंस्था सिफारिस** | |
| क | गैह्र नाफामुलक सामाजिक संघसंस्था दर्ता सिफारिसमा | १०००।०० |
| ख | गैह्र नाफामुलक सामाजिक संघसंस्था नविकरण सिफारिसमा | १०००।०० |
| १२ | **व्यवसाय शूल्क** | |
| क | व्यवसाय दर्ता शुल्क | १०००।०० |
| ख | व्यवसाय नविकरण सिफारिस | ५००।०० |
| ग | व्यवसाय सुचिकृत शुल्क (बैंक) | २०००।०० |
| ३ | व्यवसाय सुचिकृत शुल्क (वित्तिय संस्था) | १५००।०० |
| ङ | व्यवसाय नामसारी दस्तुर | ५००।०० |
| च | व्यवसाय नविकरण ० देखी १ लाख सम्मको स्थीर पुँजी भएको | १००।०० |
| ५ | व्यवसाय नविकरण ० लाख देखि २ लाख सम्मको स्थिर पूँजी भएको | २००।०० |
| ज | व्यवसाय नविकरण ० लाख देखि ३ लाख सम्मको स्थीर पूँजी भएको | ३००।०० |
| झ | व्यवसाय नविकरण ० लाख देखि ४ लाख सम्मको स्थीर पूँजी भएको | ४००।०० |
| ञ | व्यवसाय नविकरण ० लाख देखि ५ लाख सम्मको स्थीर पूँजी भएको | ५००।०० |
| ६ | पानीको मुहान दर्ता शुल्क | १०००।०० |
| ७ | उपभोक्ता समिति दर्ता शुल्क | १०००।०० |
| ८ | कृषक समुह दर्ता शुल्क | ५००।०० |
| ९ | महिला समुह दर्ता शुल्क | ५००।०० |
| ण | अन्य समुह दर्ता शुल्क | ५००।०० |
| त | सम्पुर्ण समुह नविकरण दस्तुर | ४००।०० |
| थ | टोल विकास संस्था दर्ता शुल्क | १०००।०० |
| द | टोल विकास संस्था नविकरण दस्तुर | ५००।०० |
| ध | सहकारी संस्था दर्ता शुल्क | २०००।०० |
| न | सहकारी संस्था नविकरण शुल्क | ५००।०० |
| प | सहकारी सूचिकृत | २०००।०० |
| १३ | **घर नक्सा सिफारिस तथा अन्य दस्तुर** | |
| क | नक्सा फारम दस्तुर | ५००।०० |
| ख | प्रमाणपत्र प्रतिलिपि | ५००।०० |
| ग | आवास निर्माण सम्पन्न प्रमाणपत्र दस्तुर | ५००।०० |
| घ | घर नक्साको प्रतिलिपि दस्तुर | १०।०० |
| ङ | कित्ता प्रमाणित दस्तुर | ४००।०० |
| च | गाउँपालिकाले जारी गरेको रसिदको प्रतिलिपि (प्रति गोडा) | ३०।०० |
| १४ | **सूचिकृत दस्तुर** | |
| क | स्काभेटर सूचिकृत | २५०००।०० |
| ख | व्याक हु.लोडक सूचिकृत | १५०००।०० |
| ग | ट्याक्टर सूचिकृत दस्तुर | २०००।०० |
| घ | निसान गाडि सूचिकृत | ३०००।०० |
| ङ | वालेरो | १५००।०० |
| च | टिफर | ५०००।०० |
| छ | ट्रक (ठूलो, सानो सबै) | ३०००।०० |
| ज | मालसामान आपुर्तिकता, वस्तु तथा सेवा प्रदायक, सेवा परामर्श दाता सूचिकृत | ५००।०० |

शंकरमान घलान
उपाध्यक्ष

दाताराम प्याकुरेल
प्रमु...

जगत बहादुर मोलन
अध्यक्ष

| क.सं. | विवरण | दर रु. |
|---|---|---|
| झ | नाक्सा बनाउने कन्सलट्रेन्सी सूचिकृत | १५००।०० |
| १५ | जग्गा रेखाङ्कन दस्तुर | |
| क | ० देखी १ रोपनी/कठ्ठा सम्म | १०००।०० |
| ख | ० देखी ५ रोपनी/कठ्ठा सम्म | २०००।०० |
| ग | ० देखी १० रोपनी/कठ्ठा सम्म | ३०००।०० |
| घ | ० देखी १५ रोपनी/कठ्ठा सम्म | ४०००।०० |
| ङ | १५ देखी माथी | ५०००।०० |
| १६ | न्यायीक दस्तुर | |
| क | न्यायीक समिति निवेदन दस्तुर | १००।०० |
| ख | न्यायीक समिति प्रतिउत्तर दस्तुर | १००।०० |
| ग | न्यायीक समिति विवाद समाधान तथा अन्य प्रतिलिपि दस्तुर (प्रति पाना) | ५।०० |
| १७ | व्याक्होलोडर भाडा | |
| क | व्याक्होलोडर भाडा तेल वाहेक | १२००।०० |
| ख | व्याक्होलोडर भाडा तेल सहित | २५००।०० |
| १८ | निशुल्क दिईने सिफारिस तथा सेवाहरु | |
| क | ३५ दिनभित्रको घटना दर्ता(जन्म, मृत्यु, विवाह, सम्वन्ध विच्छेद र वसाइसराई) | निशूल्क |
| ख | विपद, प्रकोप पिडित सिफारिस | निशूल्क |
| ग | स्वास्थ्य उपचारका लागि सिफारिस | निशूल्क |
| घ | नेपाली भाषामा दिइने छात्रवृत्ति सिफारिस | निशूल्क |
| ङ | विपन्न, गरिव, जेहन्दार सिफारिस | निशूल्क |
| च | निवेदन दस्तुर | निशूल्क |
| छ | अपाङ्गता सिफारिस | निशूल्क |

**अनुसूची - १३**
**पटके जरिवाना**

| क.स. | सामानको विवरण | जरिवाना रु. |
|---|---|---|
| १ | स्वीकृत नलिइ विज्ञापन (डिजिटल वोर्ड, अन्य विज्ञापन वोर्ड, बेलुन आदि) गरेमा | ५०००।- |
| २ | कानूनले विषेधित गरेको वस्तु वा विषयमा विज्ञापन गरेमा | ५०००।- |
| ३ | सार्वजनिक स्थलमा जथाभावी फोहोर फालेमा | ५००।- |
| ४ | गाउँपालिकामा दर्ता नगरी व्यापार व्यवसाय दर्ता गर्नेलाई | १०००।- |
| ५ | मिति गुज्रिएका सामान विक्रि वितरण गर्ने सबै प्रकारका व्यवसायीलाई | ३०००।- पहिलो पटक |
| ६ | स्वीकृत वेगर ड्रोन मार्फत फोटो, भिडियो लिएमा | ५०००।- |

शंकरमान चलाल
उपाध्यक्ष

दाताराम प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

जगत वहादुर भोलन
अध्यक्ष

## अनुसूची - १४

### कर छुट तथा जरिवाना

| क्र.स. | विवरण | छुट/जरिवाना रकम | कैफियत |
|---|---|---|---|
| १ | सम्पति कर वक्यौता बाँकी रहेमा प्रतेक वर्ष | २०% | जरिवाना |
| २ | भुमिकर माल्पोत वक्यौता बाँकी रहेमा प्रतेक वर्ष | २०% | जरिवाना |
| ३ | वार्षिक रुपमा व्यवसाय कर नतिरि वक्यौता बाँकी रहेमा प्रतेक वर्ष | ३०% | जरिवाना |
| ४ | महिलाको नाममा व्यवसाय दर्ता गर्दा दर्ता दस्तुरमा | २५% | छुट |

## अनुसुची - १५

### घर नक्सा पास दस्तुर

### पुराना भवन एवं संरचना अभिलेखीकरण प्रयोजनको लागि

| सि.नं | भवनको प्रकार | वेसमेन्ट तल्ला | भूईतल्ला (प्रति वर्ग फिट रु.) | पहिलो तल्ला (प्रति वर्ग फिट रु.) | दोस्रो तल्ला (प्रति वर्ग फिट रु.) | तेस्रो तल्ला र सो भन्दा माथि (प्रति वर्ग फिट रु.) |
|---|---|---|---|---|---|---|
| १ | आर .सि.सि.पिल्लर भएको | १।७५ | २।०० | ३।०० | ३।५० | ४।०० |
| २ | ढुंगा वा इटा वा ब्लकमा सिमेन्ट वालुवाको गारो-आर.सि.सि.को छानो भएको) | - | १।०० | २।०० | ३।०० | - |
| ३ | सिमेन्टको जोडाईमा ढुंगा वा इटा वा व्लकको गारो-जस्ता वा टायलको छानो भएको) | - | ०।७५ | १।५० | - | - |
| ४ | पटाहाको घेराबेरा लगाएतका कच्ची भवन | - | ०।५० | १।०० | - | - |

| | कम्पाउन्डवालको प्रकार | प्रति रनिङ फिट रु. |
|---|---|---|
| १ | सिमेन्ट जोडाईको कम्पाउन्डवाल | २।०० |
| २ | माटो जोडाईको कम्पाउन्डवाल | १।०० |
| ३ | तारवारको कम्पाउन्ड वाल(एकमुष्ठ) | ५०।०० |

### नयाँ भवन एवं संरचना निर्माण प्रयोजनका लागि

| सि.नं | भवनको प्रकार | राजमार्ग सडकको दायाँवायाँ वन्ने घर दर प्रति बर्ग फुट (रु.मा) | शाखा सडकको दायाँवायाँ वन्ने घर दर प्रति बर्ग फुट (रु.मा) | अन्य सडकको दायाँवायाँ वन्ने घर दर प्रति बर्ग फुट (रु.मा |
|---|---|---|---|---|
| **१** | **आर .सि.सि.पिल्लर भएको** | | | |
| १.१ | वेसमेन्ट तल्ला | ३।५० | ३।०० | २।०० |
| १.२ | भूईतल्ला | ४।५० | ४।०० | ३।०० |
| १.३ | पहिलो तल्ला | ५।५० | ५।०० | ४।०० |
| १.४ | दोस्रो तल्ला | ६।५० | ६।०० | ५।०० |
| १.५ | तेस्रो तल्ला र सो भन्दा माथि | ७।५० | ७।०० | ६।०० |
| **२** | **ढुंगा वा इटा वा ब्लकमा सिमेन्ट वालुवाको गारो (आर. सि.सि.को छानो भएको)** | | | |
| २.१ | भूईतल्ला | २।०० | १।७५ | १।५० |
| २.२ | पहिलो तल्ला | ३।०० | २।५० | २।०० |
| २.३ | दोस्रो तल्ला | ४।०० | ३।५० | ३।०० |

शंकरप्रसाद घिमिरे
सदस्य

लालगमा प्याकुरेल
सदस्य

जगत बहादुर मोलन
अध्यक्ष

| सि.नं | भवनको प्रकार | राजमार्ग सडकको दायाँबायाँ बन्ने घर दर प्रति बर्ग फुट (रु.मा) | शाखा सडकको दायाँबायाँ बन्ने घर दर प्रति बर्ग फुट (रु.मा) | अन्य सडकको दायाँबायाँ बन्ने घर दर प्रति बर्ग फुट (रु.मा |
|---|---|---|---|---|
| ३ | सिमेन्टको जोडाईमा ढुंगा वा इटा वा ब्लकको गारो (जस्ता वा टायलको छानो भएको) | | | |
| ३.१ | भूईतल्ला | २।०० | १।७५ | १।५० |
| ३.२ | पहिलो तल्ला | ३।०० | २।५० | २।०० |
| ४ | पटाहाको घेराबेरा लगाएतका कच्ची भवन | | | |
| ४.१ | भूईतल्ला | १।०० | १।०० | १।०० |
| ४.२ | पहिलो तल्ला | १।५० | १।५० | १।५० |
| | कम्पाउन्डवालको प्रका | | | |
| १ | सिमेन्ट जोडाईको कम्पाउन्डवाल | ३।०० | ३।०० | ३।०० |
| २ | माटो जोडाईको कम्पाउन्डवाल | १।०० | १।०० | १।०० |
| ३ | तारवारको कम्पाउन्ड वाल (एकमुष्ठ) | ५०।०० | ५०।०० | ५०।०० |
| अभिलेखीकरण प्रयोजनको लागि स्थानीय सरकार सन्चालन ऐनको दफा ४२ को उपदफा (घ) बमोजिम लागु हुनेछ। | | | | |

- पुर्व नक्सापास भएको प्रमाण पेश गरी मर्मत हुने क्षेत्रफल खुलाई मर्मत इजाजत माग भई आएमा हालको नक्सा पास दस्तुरको ५० प्रतिशत शूल्क लिई मर्मत सूधार इजाजत दिन सकिनेछ ।
- स्वीकृत नक्साको म्याद थप गर्दा पहिले लागेको दस्तुरको ५ प्रतिशत दस्तुर लिई पून: २ बर्षको लागि म्याद थप गरिनेछ ।
- भवन निर्माण सम्बन्धी मापदण्ड र संहिता पूरा गरेको यकिन भएमा हाल नक्सा पास गर्न वा हेराफेर गर्न लाग्ने दस्तुरको तेव्वर लाग्नेछ।
- मापदण्ड विपरित निर्माण भएका घरको घर नक्सा पास गरिने छैन तर मापदण्ड भित्र भएका भवनहरुको हकमा देहाय बमोजिम थप शुल्क लिई नक्सा पास गर्न सकिनेछ।

१. भवन निर्माण मापदण्ड २०७८ जारि भएपछि नक्सा पास प्रक्रियामा नरहेको तर एकै पटक नक्सा पेश गरी सम्पन्न प्रमाण पत्र लिन आएमा हालको नक्शा पास दस्तुरको ०.५० प्रतिशत र प्रथम चरणको निर्माण कार्यको स्वीकृत लिई एकै पटक सम्पन्न प्रमाण पत्र लिन आएमा ०.२५ प्रतिशत थप दस्तुर लिई नक्सा पास गर्न सकिनेछ।

२. गा.पा.बाट निर्माण कार्य स्वीकृत लिएका तर तोकिएको समय भित्र सम्पन्न नलिएका भवनको नक्सा पास गर्दा थप ५० प्रतिशत र नक्सा फरक भई संशोधित नक्सा पेश गर्दा क्षेत्रफल वढी हुन आएमा थप क्षेत्रफलमा हालको नक्सा पास दस्तुरको १०० प्रतिशत थप शुल्क लिई नक्सा पास गर्न सकिने छ।

३. अब नयाँ दर्ता भई निर्माण हुने भवन नक्सा पास भई तल्ला थप गर्ने भवनमा सौर्य उर्जा प्रयोग गरिएको हुनु पर्नेछ।

४. पूर्व स्वीकृति लिई नक्सा पास भएको हकमा थप संरचनाको मात्र प्रचलित नियमानूसार गरिनेछ।

५. प्रत्येक आर्थिक वर्षको मसान्त सम्म नविकरण नगरेमा प्रत्येक वर्षमा तिर्नुपर्ने रकमको ३ प्रतिशत अर्को आर्थिक वर्षमा जरिवाना लाग्नेछ।

६. यसमा छुटेका कर, दस्तुर र सेवा शुल्क गाउँपालिकाको राजश्व परामर्श समितिको सिफारिसमा अध्यक्षवाट निर्णय भए बमोजिम हुने छ।

## अनुसूची - १६
## कृषि तथा पशु स्वास्थ्य सेवा दस्तुर

| क्र.स. | विवरण | पशु | राजस्व रकम |
|---|---|---|---|
| १ | उपचार सेवा | गाईभैंसी | १० |
| | | भेडाबाखा | ५ |
| | | संगुर | १० |
| | | कुकुर, विरालो र खरायो | २० |
| | | कुखुरा, हाँस र अन्य पन्छी | ५ |
| | | अन्य जंगली जनाव | ३० |
| २ | बन्ध्याकरण सेवा | बोका | १० |

शंकरमान घलान
उपाध्यक्ष

लालाराम प्याकुरेल
अधिकृत

जगत ... मोलन
अध्यक्ष

| क्र.स. | विवरण | पशु | राजस्व रकम |
|---|---|---|---|
| | | बंगुर | ३० |
| | | कुकुर र बिरालो (भाले) | ५० |
| | | कुकुर र बिरालो (पोथी) | १०० |
| | | अन्य | ५० |
| ३ | खोप सेवा | एण्टिरेविज | ५० |
| | | एच.एस.वि.क्यू. | १० |
| | | एफ.एम.डी | १० |
| | | रानीखेत | १ |
| | | गंम्बारो | १ |
| ४ | पोष्टमार्टम सेवा | कुखुरा, हाँस, टर्कि र बट्टाई | २० |
| | | खसि, बाखा बंगुर | ५० |
| | | गाई भैंसी | १०० |
| | | अन्य जंगली जनावर | १०० |
| ५ | माईनर सर्जरी | सवै जनावरमा | ५० |
| ६ | मेजर सर्जरी | सवै जनावरमा | १५० |
| ७ | कृषी तथा पशु उपचारको औषधी तथा विषादीको विक्रि मूल्यको | | २०% |

**निर्णय नं.३**

प्रस्ताव नं ३ माथि छलफल गर्दा घ्याङलेख गाउँपालिकाको आ.व. २०८१।०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बनेको विधेयक उपर छलफल गर्नका लागि पेश गर्ने निर्णय गरियो।

**देहायः**

**घ्याङलेख गाउँपालिकाको विनियोजन विधेयक, २०८२**

प्रस्तावनाः घ्याङलेख गाउँपालिका, सिन्धुली २०८२।०८३ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम घ्याङलेख गाउँपालिका, गाउँ सभाले यो विधेयक बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "घ्याङलेख गाउँपालिका, सिन्धुलीको विनियोजन विधेयक, २०८२" रहेको छ।

(२) यो विधेयक तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः**

दाताराम घ्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

शंकरमान घलान
उपाध्यक्ष

जगत बहादुर भोलन
अध्यक्ष

क) **"गाउँ सभा"** भन्नाले घ्याङलेख गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ।

ख) **"कार्यपालिका"** भन्नाले घ्याङलेख गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

ग) **"वडा समिति"** भन्नाले घ्याङलेख गाउँपालिकाको वडा समितिलाई सम्झनु पर्दछ।

घ) **"विषयग शाखा"** भन्नाले घ्याङलेख गाउँपालिका अन्तरगतको शाखा, आयोजना, सचिवालय, ईकाइ, कार्यालय तथा अन्य प्रशासनीक ईकाइ समेतलाई सम्झनु पर्दछ।

ङ) **"सञ्चित कोष"** भन्नाले घ्याङलेख गाउँपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ।

**३. आर्थिक वर्ष २०८२।०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:**

आर्थिक वर्ष २०८२।०८३ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च र पूँजीगत खर्च गरी जम्मा रकम ४४,२६,५०,७९४।- (अक्षेरुपी: रुपैयाँ चवालिस करोड छबीस लाख पचास हजार सात सय चौरानब्बे मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**४. विनियोजन:** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२।०८३ को निमित्त घ्याङलेख गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पुँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढि शीर्षकहरूमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

**आ.व. २०८२।०८३ को लागि गाउँ सभाको १७ औं अधिवेशनमा प्रस्तावित एकीकृत आय।व्ययको विवरण**

| आय | | | व्यय | |
|---|---|---|---|---|
| क.स. | कार्यक्रम तथा बजेट | रकम रु. | कार्यक्रम तथा बजेट | रकम रु. |
| १ | संघीय सरकार, समानिकरण अनुदान, नगद अनुदान | ७,२९,१०,०००। | गाउँपालिका स्तरिय योजना र कार्यक्रमहरू | १५७५८८०७२.३ |

जगत बहादुर भोलन
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| २ | संघीय सरकार, शसर्त अनुदान चालु, नगद अनुदान | १४००२४७२२।- | महिला तथा बालबालिका | ४००००० |
| ३ | | ८६०००००।- | न्यायिक समिति | १०००००० |
| ४ | संघीय सरकार, समपुरक अनुदान पुँजीगत, नगद अनुदान | ९१०००००।- | खानेपानी तथा सरसफाइ | ५००००० |
| ५ | प्रदेश सरकार, समानिकरण अनुदान, नगद अनुदान | ६४३२०००।- | कृषि शाखा | ११०००००० |
| | | | पशु शाखा | २०००००० |
| ६ | प्रदेश सरकार, शसर्त अनुदान चालु, नगद अनुदान | १३२२८०००।- | शिक्षा शाखा | २६०००००० |
| | | | सहकारी तथा गरिवी निवारण | ४००००० |
| ७ | प्रदेश सरकार, शसर्त अनुदान पुँजीगत, नगद अनुदान | ६००००००।- | स्वास्थ्य शाखा | ५१६०००० |
| | | | कला संस्कृति | ३००००० |
| ८ | प्रदेश सरकार, विषेश अनुदान पुँजीगत, नगद अनुदान | ६५०००००।- | युवा तथा खेलकूद | १०००००० |
| | | | घ्याङलेख गाउँपालिका वडा नं. १ | ५२५०००० |
| ९ | प्रदेश सरकार, समपुरक अनुदान पुँजीगत, नगद अनुदान | २७६०००००।- | घ्याङलेख गाउँपालिका वडा नं. २ | ५२५०००० |
| १० | प्रदेश सरकार, राजस्व बाँडफाँड, नगद | ३१०४३७९६.२९ | घ्याङलेख गाउँपालिका वडा नं. ३ | ५२५०००० |
| ११ | राजस्व बाँडफाँड स्थानीय, राजस्व बाँडफाँड, नगद | ३५०००००।- | घ्याङलेख गाउँपालिका वडा नं. ४ | ५२५०००० |
| १२ | संघीय सरकार, राजस्व बाँडफाँड, नगद | ७८७२२२७६।- | घ्याङलेख गाउँपालिका वडा नं. ५ | ५२५०००० |
| १३ | अन्तरिक श्रोत | ३९००००००।- | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम | १४८६२४७२२ |
| | | | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम समपुरक अनुदान | ९१००००० |
| | | | प्रदेश सरकारबाट हस्तान्तरित ससर्त कार्यक्रम | १९२२८००० |
| | | | प्रदेश सरकारबाट हस्तान्तरित विशेष अनुदान | ६५००००० |

उपाध्यक्ष

| | | | |
|---|---|---|---|
| | | प्रदेश सरकारबाट हस्तान्तरित समपुरक अनुदान | २७६००००० |
| जम्मा | ४४२६५०७९४ | | ४४२६५०७९४ |

**निर्णय नं. ४**

प्रस्ताव नं ४ माथि छलफल गर्दा आ.व. २०८२।०८३ को तपसिल बमोजिको बजेट वक्तव्य गाउँ सभाको दोश्रो बैठकमा स्वीकृत हुने गरी छलफलका लागि पेश गर्ने निर्णय गरियो।

## आ.व. २०८२/०८३ को कार्यक्रम तथा बजेट वक्तव्य

**आदरणीय गाउँ सभा अध्यक्षज्यू,**

**गाउँ सभा सदस्यज्यूहरु,**

यस गरिमामय गाउँ सभामा घ्याङलेख गाउँपालिकाको उपाध्यक्षको हैसियतले आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट प्रस्तुत गर्न यहाँहरु समक्ष उपस्थित भएको छु ।यस अवसरमा म नेपालको राजनैतिक परिवर्तनका लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । घाईते तथा अंगभंग भएर जीवन यापनमा रहनुभएका सबै लोकतन्त्रवादी योद्धाहरुप्रति उच्च सम्मान प्रकट गर्दछु । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको दोस्रो स्थानीय तह निर्वाचनबाट हामीले यस गाउँपालिकाको जिम्मेवारी ग्रहण गरेको तीन वर्ष व्यतित भईसकेको छ । बितेको तीन वर्षमा गाउँपालिकाबासी प्रति पूर्ण उत्तरदायी बनेर हामीले कार्य गरेका छौं र सबै गाउँपालिकाबासीको न्यानो माया एवं सहयोग प्राप्त भईरहनेछ भन्ने विश्वास लिएको छु । विश्वव्यापी सृजित आर्थिक मन्दीबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय अर्थतन्त्र सङ्कुचित भएको परिप्रेक्ष्यमा स्थानीय अर्थतन्त्र पनि मन्दीको मारमा परी खुम्चिएको छ । सन्तुलित एवं समावेशी विकासका लागि उच्च, दिगो एवं फराकिलो आर्थिक वृद्धि हासिल गर्दै घ्याङलेख गाउँपालिकालाई मुलुककै स्यानीय तहहरुमा गणनामा स्थापित गर्ने दिशामा बजेट तथा कार्यक्रमलाई लक्षित गरेको छु । स्थानीय युवा जनशक्तिलाई पालिकाभित्रै रोजगारी सिर्जना गर्ने, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने प्रकृतिका उच्च प्रतिफल दिने, स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको प्रवद्र्धन गर्दै महिला, सीमान्तकृत एवं विपन्न समुदायलाई सीप तथा उद्यमशिलता विकासद्धारा उत्पादनमुखी उद्योगमा आधारित आत्मनिर्भर स्थानीय अर्थतन्त्र निर्माण गर्ने लक्ष्य लिइएको छ। नेपालको संविधान, २०७२, १७ औं योजना, दिगो विकास लक्ष्य, घ्याङलेख गाउँपालिकाको आवधिक योजना, सङ्घीय एवं प्रदेश सरकारका नीति तथा कार्यक्रमलाई यो बजेट तर्जुमाको

शंकरमान घलान
उपाध्यक्ष

दाताराम घ्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर भोलन

मार्गदर्शनको रुपमा लिएको छु।स्थानीय प्रबुद्ध वर्ग, उद्यमी व्यवसायी, राजनीतिक दल एवं सामाजिक संघ संस्थाबाट प्राप्त सुझाव समेतलाई आधार मानेको छु।

**सभाध्यक्ष महोदय,**

अब म घ्याङलेख गाउँपालिकाको विद्यमान आर्थिक अवस्था एवं चालु आ.व. २०८१/०८२ को बजेट कार्यान्वयनको संक्षिप्तमा समीक्षा प्रस्तुत गर्न चाहन्छु ।

१. भरपर्दो तथ्याङ्कीय संयन्त्रको अभावमा गाउँपालिकाले स्थानीय आर्थिक सर्वेक्षण गरी वार्षिक प्रतिवेदन तयार गर्न हालसम्म पनि नसकिएको हुँदा स्थानीय अर्थतन्त्रको कुल ग्रार्हस्थ उत्पादन, वार्षिक आर्थिक वृद्धिदर, क्षेत्रगत आर्थिक उत्पादन एवं वृद्धिदर एकीन गर्न सकिएको छैन। आगामी दिनहरुमा यसतर्फ गम्भीर प्रयास गरिनेछ।

२. चालु आर्थिक वर्ष २०८१/०८२ मा कुल रु.४४ करोड ७० लाख ४८ हजार ९ सय ६२ बजेट विनियोजन रहेकोमा विनियोजनको ७८.७% खर्च हुने संशोधित अनुमान छ। जस मध्ये चालु खर्च २४ करोड ९१ लाख ३४ हजार १ सय ३८ अर्थात ८४%, पूँजीगत खर्च रु.१० करोड २७ लाख ०९ हजार ६ सय ४७ अर्थात विनियोजनको ६८% खर्च हुने संशोधित अनुमान छ।

३. चालु आर्थिक वर्षमा संघीय समानीकरण अनुदान ८.२४% कटौती, संघीय सरकारको राजश्व बाँडफाँडको बजेट सिमामा करिब ८० प्रतिशतमात्र निकासा हुने प्रदेश सरकारबाट प्राप्त हुने सवारी साधन करको समेत करिब ८० प्रतिशत मात्र रकम निकासा हुने र आन्तरिक आयको अपेक्षित राजश्व संकलन नभएको अवस्था एवं गत विगत आर्थिक वर्षहरुको तथ्यलाई आधार मानी आ.व. २०८२/०८३ को बजेट निर्माण गर्दा कार्यक्रम तथा योजनाहरुको प्राथमिकिकरण गरी विनियोजन गर्ने व्यवस्था मिलाएको छु।

**सभाध्यक्ष महोदय,**

म अब गाउँपालिकाको स्थानीय अर्थतन्त्र र बजेट प्रणालीमा देखिएका प्रमुख चुनौती एवं अवसरहरुको संक्षिप्त प्रस्तुती गर्न चाहन्छु।

४. देशमा न्यूनीकरण हुन नसकेको आर्थिक मन्दीको कारण उत्पादनमूलक एवं निर्माणजन्य उद्योगहरुमा राष्ट्रिय आर्थिक असर देखिएको छ। भरपर्दो विद्युत आपूर्तिको अभावमा उद्योगधन्दा पूर्ण क्षमतामा चल्न नसकेको मात्र हैन वैकल्पिक विद्युत आपूर्ति लागत उच्च हुँदा उत्पादन लागत समेत बढेको छ।

५. चालु खर्च निरन्तर रुपमा वृद्धि हुँदै गएपनि पूँजीगत खर्च अपेक्षित गतिमा बढ्न सकेको छैन। गाउँपालिकाभित्र संघ र प्रदेश सरकारबाट अघि बढाईएका आयोजनाहरुमा निर्माण व्यवसायी तथा उपभोक्ता समितिले समयमै कार्य प्रगति नगरेको, गाउँपालिकाले सञ्चालन गरेका आयोजनाहरुमा समेत जग्गा सम्बन्धी विवाद, मुआब्जा सम्बन्धी विवाद, मुद्दा मामिला जस्ता अवरोधहरुले पूँजीगत खर्च लक्ष्य अनुरुप हुन सकेको छैन।

६. उच्च प्रतिफलयुक्त, पालिकाको विकासमा दुरगामी प्रभाव पार्न सक्ने, प्राथमिकतापूर्ण आयोजनाहरु पहिचान गरी "गाउँपालिका आयोजना बैंक" तर्जुमा गरी विनियोजन कुशलता कायम गर्दै सार्वजनिक खर्चको गुणस्तर सुनिश्चित गर्नुपर्ने चुनौती हामीसँग छ ।

७. सङ्घीय एवं प्रदेश सरकारबाट हुने अन्तर सरकारी वित्तीय हस्तान्तरणप्रतिको अति निर्भरताबाट मुक्त हुँदै आन्तरिक राजश्वका नयाँ स्रोतहरु पहिचान गर्नु, राजश्व चुहावट नियन्त्रण गर्नु, करको दायरामा आउन नसकेका करदाताहरुलाई दायरभित्र ल्याउनु, व्यवसाय मैत्री करको वैज्ञानिक दर निर्धारण गरी आन्तरिक राजश्वको दायरा विस्तार गर्दै जानु र कर प्रशासनलाई पूर्ण रुपमा प्रविधिमैत्री तुल्याउनु चुनौतीपूर्ण छ।

८. स्थानीय उद्योग व्यवसायीहरुलाई लगानी शान्ति र सुरक्षाप्रति पूर्ण रुपमा आश्वस्त तुल्याई लगानी मैत्री वातावरण कायम राख्ने चुनौती हाम्रो सामु छ।

९. प्रशासनिक संयन्त्रलाई चुस्त, दक्ष, उच्च उत्प्रेरणा युक्त तुल्याउँदै जनउत्तरदायी, नतिजामुखी स्थानीय सरकारको उद्देश्य प्रभावकारी तवरबाट हासिल गर्नुछ।

१०. उल्लेखित चुनौतीको बावजुद हामीले लिएका प्रयासहरुले स्थानीय अर्थतन्त्रमा केही आशाको सञ्चार गरेको छ। पालिका सौन्दर्यीकरण, पालिका सरसफाई जस्ता अभियानले पालिकाको पर्यटन क्षेत्र विकास हुने विश्वास लिइएको छ।

**सभा अध्यक्षज्यू**

**आर्थिक वर्ष २०८२/०८३ को बजेटलाई मैले निम्न उद्देश्यहरु परिपूर्ति तर्फ केन्द्रित गरेको छु ।**

क) पालिका अर्थतन्त्रलाई चलायमान बनाई उच्च एवं समावशी आर्थिक वृद्धि हासिल गर्ने,

ख) शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता सेवालाई सर्वसुलभ एवं गुणस्तरीय तुल्याउने,

ग) उत्पादनशील गतिविधि एवं उद्यमशीलता अभिवृद्धि गर्दै स्थानीय स्तरमा रोजगारी बढाउने ,

घ) सन्तुलित एवं समावेशी पूर्वाधार विकासलाई तीव्रता दिने ।

**बजेटका प्राथमिकताहरु निम्नानुसार उल्लेख गरेको छु ।**

अ) शिक्षा एवं स्वास्थ्य,

आ) खानेपानी, सरसफाई व्यवस्थापन एवं वातावरण संरक्षण

इ) पर्यटन एवं कृषि

ई) गुणस्तरीय भौतिक पूर्वाधार

उ) डिजिटल सेवा प्रवाह एवं सुशासन

**आदरणीय सभा अध्यक्षज्यू,**

अब म आगामी आ.व. २०८२/०८३ को बजेटका प्रमुख क्षेत्रगत विनियोजन एवं कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु।

**कृषि तथा पशुपालन**

शंकरमान घलान
उपाध्यक्ष

दाताराम प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर भोलन
अध्यक्ष

११. कृषि उत्पादन, प्रबर्द्धन र सामुहिक तथा व्यक्तिगत पशुपालन व्यवसायलाई प्राथमिकता दिई रोजगारी श्रृजना गर्न गैर सरकारी संस्था सम्झौता गरी साझेदारी कार्यक्रमलाई प्रभावकारी ढंगबाट अगाडि बढाउन निरन्तरता दिईएको छ।

१२. रासायनिक मलप्रतिको आकर्षण एवं निर्भरता न्यून गर्दै प्राङ्गरिक मलको प्रयोग गरी कृषकहरुलाई अर्गानिक खेतीतर्फ आकर्षित गर्दै माटोको गुणस्तर सुधारका लागि माटो परीक्षण ल्याब संचालन गरी कार्यक्रमहरु अगाडि बढाइनेछ ।

१३. गाउँपालिकाभित्र उत्पादित कृषि उपज तथा लघु उद्यमीहरुबाट तयार भएका वस्तुहरुको समुचित बजार व्यवस्थापनका लागि पालिकाको वडा नं.१, २ र ३ मा निर्माण भएको साझा सुविधा केन्द्रमा संकलन गरी बजार व्यवस्थापन गरिनेछ।

१४. सामाजिक विकास कार्यालय बागमती प्रदेश र गाउँपालिकाको साझेदारीमा गृहिणी महिला ससक्तिकरण कार्यक्रम मार्फत विभिन्न सीपमूलक तालिम प्रदान गरी गृहिणीहरुको आर्थिक जीवनस्तरमा सुधारको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**वन तथा वातावरण**

१५. जथाभावी ढलान गर्ने र जंगल फडानी गर्ने कार्यले भूमिगत जल सतह घट्दै गएको हुँदा सार्वजनिक जलश्रोतका मुहानहरुको संरक्षण गर्ने कार्यलाई प्राथमिकतामा राखिने छ।

१६. गाउँपालिकाभित्र निर्माण हुने पूर्वाधारहरुलाई वातावरणमैत्री बनाउने कार्यमा जोड दिईने छ।

१७. सडकका दायाँबाँया, सार्वजनिक खाली जग्गामा वृक्षारोपण गरी हरित पालिका अभियान सञ्चालन गरी गाउँटोलको सौन्दर्यकरणमा जोड दिईनेछ।

**भूमि व्यवस्था तथा सहकारी**

१८. पालिकामा रहेका सबै सरकारी एवं सार्वजनिक स्वामित्वका जग्गाको खोजी एवं संरक्षण गरी डिजिटल अभिलेख राखिनेछ।

१९. बचत तथा ऋण सहकारी संस्थाहरुबाट बचतकर्ताहरुको हित विरुद्ध हुनसक्ने सबै किसिमको जोखिम एवं अवैध गतिविधि नियन्त्रण गर्न कानूनी एवं प्रशासनिक संयन्त्रलाई सुदृढ तुल्याइने छ। कृषि तथा उत्पादनमुखी सहकारी स्थापना गर्न विशेष सहजीकरण गरिनेछ।

२०. भूमिहीन दलित, भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको लगत संकलन, तथ्याङ्क अद्यावधिक गरी आवश्यक जनशक्तिको उचित व्यवस्था गर्दै जग्गाधनी पूर्जा वितरण गर्ने कार्यलाई प्राथमिकता दिईने छ।

**औद्योगिक विकास**

२१. गाउँपालिकाभित्र स्थापित उद्योगहरुले उत्पादन गरेका सेवा तथा वस्तुहरुको यथोचित संकलन तथा बजार व्यवस्थापन गर्ने कार्यका लागि नीतिगत व्यवस्था गरिने छ ।

शंकरनाथ घलान
उपाध्यक्ष

दाताराम प्याकुरेल
सदस्य

जगत बहादुर मोक्तान
अध्यक्ष

२२. महिला औद्योगिक ग्राम स्थापना गरी महिला दिदीबहिनीहरुलाई संगठित तुल्याई विभिन्न किसिमका घरेलु हाते सामाग्रीहरु उत्पादन गरी यस्तो वस्तुको बजार व्यवस्थापनमा पालिकाबाटै सहजीकरण गरी प्लाष्टिकजन्य वस्तुहरुको प्रयोग न्युनिकरण गरिनेछ ।

२३. गाउँपालिकाको वडा नं. ४ चौकिडाँडामा औधोगिक ग्राम स्थापनाको लागि **DPR** कार्य सम्पन्न गरिसकेकोले औद्योगिक क्षेत्र स्थापनाको लागि सम्भाव्यता अध्ययन कार्य गर्दै निर्माणको लागि पहल गरिनेछ ।

**संस्कृति तथा पर्यटन**

२४. फापरचुली**,** लाखाङ गुम्बा**,** सातदोबाटो लगायत गाउँपालिकाभित्र रहेका विभिन्न धार्मिक एवं सांस्कृतिक सम्पदाहरुको रुपमा स्थापित गर्न संघ र प्रदेश सरकारसँग समन्वय गर्दै अगाडि बढिनेछ ।

२५. पालिकाभित्रका मठमन्दिर, गुम्बा जस्ता सांस्कृतिक एवं धार्मिक सम्पदाको अभिलेखीकरण गरी पुरातात्विक विशेषता कायमै रहने गरी पुनः निर्माण, नव निर्माण एवं मर्मत सम्भार गरिनेछ।

२६. परम्परादेखि चलिआएका जात्रा**,** पर्व मेलाहरु स्थानीय समुदायसँगको सहकार्यमा आयोजना गरी आन्तरिक पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ।

२७. उद्योग वाणिज्य संघ एवं स्थानीय संघ संस्थासँगको साझेदारीमा घ्याङलेखमा लाग्दै आएको पर्व**,** मेला**,** जात्राहरुलाई थप परिष्कृत गर्दै निरन्तरता दिइने छ।

२८. जातीय पहिचानको महत्वलाई झल्कने ऐतिहासिक संग्राहालय निर्माण गर्नका लागि जातीय पहिचान स्थापित गर्ने कार्यहरुलाई निरन्तरता दिईने छ।

**शिक्षा, विज्ञान तथा प्रविधि**

२९. गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न सामुदायिक विद्यालय शिक्षक स्वयंसेवक कार्यक्रम सञ्चालन गरिनेछ। संस्थागत विद्यालयहरुको सूचकमा आधारित वर्गीकरण गरी वैज्ञानिक शुल्क निर्धारण गरिनेछ।

३०. सबै विद्यालयहरुमा आधुनिक प्रविधिको व्यवस्था गरी सुविधा युक्त विज्ञान प्रयोगशाला निर्माण गर्दै लगिनेछ। विद्यालयहरुमा **Smart Class** को अवधारणा लागु गर्न प्रारम्भिक कार्य अघि बढाईनेछ ।

३१. संघ**,** प्रदेश तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुसँग समन्वय तथा सहकार्य गरी सामुदायिक विद्यालयहरुका लागि शिक्षा पूर्वाधार एवं शिक्षण सामाग्रीहरुको प्रबन्ध गर्न गाउँपालिकाबाट पहलकदमी गरिने छ।

३२. यस गाउँपालिकाको वडा नं. ५ मा संचालित नेत्रकाली मावि रामपुरमा कृषि धार प्राविधिक विषयको पठनपाठन कार्यको थालनी गरिएको छ। आगामी आर्थिक वर्षहरुमा

पनि नेपाल सरकार तथा प्रदेश सरकारसँगको सहकार्यमा गाउँपालिकामा संचालित अन्य सामुदायिक विद्यालयहरुमा थप प्राविधिक शिक्षालय स्थापना गर्न विशेष पहल गरिनेछ।

३३. पालिकाभित्र स्थापित पुस्तकालयहरुलाई डिजिटलाईजेशन गरी E-Library (ई–लाईब्रेरी) सेवा सञ्चालन गरी आधुनिकीकरण गरिनेछ।

३४. सामुदायिक विद्यालयहरुको पठनपाठन गराउने शैलीलाई प्रविधिमैत्री बनाउनका लागि सम्बन्धित निकायहरुसँग समन्वय गरी अगाडि बढाउने कार्यको थालनीमा जोड दिईने छ।

३५. नेपाल सरकार, प्रदेश सरकारको सहयोग र स्थानीय श्रोत परिचालन गरी नव प्रवर्तन साझेदारी विकासका कार्यक्रम संचालन गरिने छ।

३६. अनिवार्य तथा निशुल्क शिक्षा कार्यक्रम मार्फत विद्यालय छोड्ने विद्यार्थीहरु शुन्य बनाउन विभिन्न शैक्षिक प्याकेजका कार्यक्रमहरु संचालन गरिनेछ ।

**स्वास्थ्य सेवा**

३७. आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ एव विकेन्द्रित रुपबाट उपलब्ध गराउन पालिका अन्तर्गतका सबै स्वास्थ्य चौकीहरुमा विशेषज्ञ सहितको घुम्ति शिविर मार्फत निशुल्क स्वास्थ्य परीक्षण सेवा सञ्चालन गरिनेछ।

३८. प्रयोगशाला सेवालाई सुपथ र सुलभ तुल्याउन बस्तीपुर स्वास्थ्यचौकीमा निर्माण भएको प्रयोगशालाबाट सेवा सञ्चालन गरिनेछ। यसका लागि आवश्यक जनशक्ति, उपकरण एवं सामग्रीहरुको प्रबन्ध गरिनेछ।

३९. पालिकाका सबै वडाहरुमा भौगोलिक जटिलताका कारण सरल, सुलभ, सस्तो प्रसुती सेवा प्रवाह गर्नका लागि **Birthing Center** स्थापना गर्ने कार्यलाई निरन्तरता दिईने छ।

४०. निर्माण भईसकेका बर्थिङ सेन्टरहरुलाई आगामी आ.व.मा श्रोत साधन थप गर्ने कार्यमा निरन्तरता दिईने छ।

४१. गाउँपालिकाबासीहरुको स्वास्थ्य परीक्षण गरी रोग लाग्नबाट बेलैमा सचेत बनाउनका लागि निःशुल्क घुम्ती स्वास्थ्य शिविर सञ्चालन कार्यलाई निरन्तरता दिईने छ ।

४२. आर्युवेदिक चिकित्सा पद्दतिप्रति नागरिकको सहभागिता बढाउन आयुर्वेद जागरण कार्यक्रम सञ्चालन गरी विद्यालयहरु तथा सार्वजनिक स्थलहरुमा योगकक्षा तथा योग शिविर सञ्चालन गरिनेछ।

**सरसफाई तथा खानेपानी**

४३. "म सफा गर्छु मेरो घर आँगन, स्वच्छ, सुन्दर गाउँ अभियान" सञ्चालन गरी आ–आफ्नो आवास क्षेत्र सरसफाईमा सबै गाउँबासीको सक्रिय सहभागिता जुटाईनेछ। यसका लागि सफाई घरपरिवार पहिचान गरिनेछ। उत्कृष्ट सफाई घरपरिवार पहिचान गरी पुरस्कृत गरिनेछ।

शंकरमान चलाउन
उपाध्यक्ष

दाताराम प्याकुरेल
... अधिकृत

जगत बहादुर मोलन
अध्यक्ष

४४. गाउँघरलाई हरियाली, वातावरणमैत्री तथा सरसफाई युक्त बनाउनका लागि एक घर एक विरुवाको अवधारणालाई कार्यान्वयनमा ल्याउन आवश्यक नितिगत व्यवस्था गरिने छ।

४५. गाउँपालिकाको जनप्रतिनिधिसँग सरसफाई कार्यक्रमको अभियानलाई कार्यान्वयनमा ल्याउन पहल गरिने छ।

४६. आगामी आर्थिक वर्षबाट सफा गाउँ, स्वस्थ मानिस कार्यक्रम अन्तर्गत सवै नागरिकहरुले आफ्नो घर वरपरका सडक, ढल, आँगन सरसफाई गर्ने र उत्कृष्ट सरसफाई घर घोषणा गरी पुरस्कारको व्यवस्था गरिने कार्यको थालनी गरिने छ।

४७. गाउँबासीहरुलाई स्वच्छ खानेपानीको व्यवस्था गर्न सवै टोलहरुमा टोल विकास संस्था एवं खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन गरी सोही मार्फत श्रोत परिचालन गर्ने आवश्यक नीतिगत व्यवस्था गरिने छ।

४८. स्थानीयबासीहरुलाई स्वच्छ र सफा खानेपानीको व्यवस्था गर्न लागि उपयुक्त प्रविधिहरु प्रयोगमा ल्याइनेछ।

४९. सडक निर्माण भएका स्थानहरुमा ढल व्यवस्थापन कार्यलाई पूर्ण रुपमा सञ्चालनमा ल्याउन आवश्यक प्रबन्ध मिलाइनेछ।

५०. सडक स्तरोन्नति कार्यलाई अगाडि बढाउँदा ढल निर्माण अनिवार्य गर्नुपर्ने नितिको तयार गरिने छ।

५१. प्रदेश सरकारको सहयोगमा गाउँपालिकाका बासिन्दाहरुलाई स्वच्छ खानेपानी उपलब्ध गराउन र सफा गाउँपालिका निर्माण गर्नका लागि गत आर्थिक वर्षमा खानेपानी तथा सरसफाई गुरुयोजना निर्माण कार्य सम्पन्न भइसकेकाले बजार क्षेत्रको फोरमैला व्यवस्थापनका लागि डस्बिन वितरण कार्य गरिनेछ ।

**खेलकुद**

५२. बालकदेखि वृद्धसम्मलाई विभिन्न खेलकुद तर्फ आकर्षित गरी शारीरिक तथा मानसिक स्वास्थ्य प्रवर्द्धनमा जोड दिइनेछ। यसका लागि खेल प्रतियोगिताहरु आयोजना गरिनेछ।

५३. गाउँपालिका स्तरीय व्याटमिन्टन कभर्डहल निर्माण कार्य सम्पन्न भएकाले यसलाई थप सुदृढीकरणका लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।

६४. विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड संचालन गर्नका लागि आवश्यक बजेट व्यवस्थापन गरी विद्यार्थीहरुमा खेलप्रति रुचि बढाउनका लागि प्रेरित गरिनेछ ।

६५. पालिकास्तरीय खेलमैदान निर्माण कार्य सम्पन्न गरी विभिन्न खेलकूल कार्यक्रमहरु संचालन गरिनेछ ।

**महिला बालबालिका तथा जेष्ठ नागरिक**

६६. जेष्ठ नागरिकहरुको अनुभवलाई सामुदायिक हितमा लगाउन र जेष्ठ नागरिकहरुलाई मनोरञ्जनपूर्ण जीवन सहजीकरणको लागि सवैलाई सहज हुने स्थानमा मैत्री पार्कको

शंकरमान पंजान
उपाध्यक्ष

दाताराम ... ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर ... मोलन
अध्यक्ष

निर्माण गरिनेछ। जेष्ठ नागरिक समाज गठन गरी संस्थागत जेष्ठ नागरिक कार्यक्रमहरु सञ्चालन गरिने छ।

६७. महिला सशक्तिकरण एवं उद्यमशीलता वृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ। हिंसा पीडित महिलाको संरक्षणका लागि पालिकाभित्र निर्माण भएको सेफ हाउस कार्यान्वयनमा ल्याउन नितिगत व्यवस्था गरिने छ।

६८. पालिकाभित्र निर्माण हुने सबै पूर्वाधारहरु अपाङ्गमैत्री बनाइनेछ।

६९. बालमैत्री स्थानीय शासनको अवधारणा,अनुरुप गाउँपालिकाका सवै वडाहरुलाई क्रमशः बालमैत्री वडा घोषणा गर्दै लगिने कार्यको प्रारम्भ गरिने छ।

७०. शिक्षा ऐन तथा नियमावली बमोजिम सबै तहका कक्षाहरुमा विपन्न तथा जेहेन्दार लक्षित छात्रवृत्ति अनिवार्य रुपमा सामुदायिक विद्यालयहरुमा लागु गरिनेछ। सामुदायिक शिक्षा पूर्ण रुपमा निःशुल्क गरिनेछ।

**यातायात पूर्वाधार**

७१. अन्तर वडाहरु जोड्ने ग्रामीण सडकको कम्तीमा ११ फिट मापदण्ड तोकी सुरक्षित एवं गुणस्तरीय यातायात पूर्वाधार विकास गर्दै ग्रामीण वडाहरुलाई आधुनिक शहर केन्द्रसँग सञ्जालीकृत तुल्याइनेछ।

७२. गाउँपालिकाका सवै वडाहरुमा निर्माणाधिन अवस्थामा रहेका सडकहरुको स्तरोन्नति कार्यलाई प्राथमिकतामा राखी बाह्रै महिना राष्ट्रिय सडक संजालसँग जोडिने गरी यातायात सेवा संचालन गर्न वातावरण मैत्री हरित सडक सञ्जाल विकास कार्य अघि बढाईनेछ।

७३. बस्ती स्तरका भित्री गल्ली सडकहरुलाई पालिकाको मापदण्ड अनुसार वातावरण मैत्री एवं सौन्दर्यकरण बनाईने छ।

**आवास तथा शहरी विकास**

७४. भू–उपयोग नीति बमोजिम गाउँपालिका भित्र रहेका जग्गाहरुको वर्गिकरण गरी विभिन्न स्थानहरुमा सम्पूर्ण शहरी सेवा सुविधा सहितको एकीकृत शहरीकरणको सम्भाव्यता अध्ययन गरिनेछ ।

७५. भवन तथा संरचना निर्माण मापदण्डलाई समयानुकुल परिमार्जन गरी नक्शा पास गर्दा अनिवार्य रुपमा एक घर दुई विरुवा रोप्ने नीति लागु गरिनेछ ।

७६. घर नक्सा इजाजत प्रणालीलाई अनलाईन प्रणालीमा कार्यान्वयनमा ल्याई पूर्ण रुपमा डिजिटलाईजेसन गरिनेछ।

७७. पालिकाभित्र विना नक्शा बनेका संरचनाहरुको अभिलेखीकरण कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनका लागि गाउँपालिकाबाट घर नक्शा नियमित गर्ने सूचना प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिईने छ।

...मान घलान

दाताराम प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर भोलन
अध्यक्ष

**जलाधार संरक्षण र नदी नियन्त्रण**

७८. पालिकाभित्रका सिमसार तथा पानीका मुहानहरुको संरक्षण गरिनेछ।

७९. पालिकाभित्रका मुख्य नदीहरुबाट हुने बाढीजन्य प्रकोप नियन्त्रणका लागि सम्बन्धित क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी संघ संस्थाहरु सँग समन्वय गरी जोखिमयुक्त सबै नदीहरुमा तटबन्ध निर्माण कार्यलाई निरन्तरता दिईने छ।

८०. रामपुर खोला, मरिण खोला, तामाजोर खोला, सिम्ले खोला र अन्य खोलाहरु नियन्त्रण गरी बस्ती संरक्षणको कार्यलाई निरन्तरता दिईने छ।

८१. नदी नियन्त्रणबाट उकास भएको जग्गामा सामुहिक बगर खेती र करार खेती प्रवर्द्धन गरिनेछ।

८२. सौर्यबत्ती, वायोग्याँस, विद्युतीय सवारी साधन जस्ता नविकरणीय उर्जा तथा विद्युतीय उर्जा प्रविधि उपयोगमा जोड दिइनेछ।

८३. भोल्टेजको अनियमितताका कारण संचार सेवा र विद्युत सेवा अवरुद्ध भईरहेको हुँदा पालिकाको विभिन्न स्थानमा नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा ट्रान्सफर्महरु जडान साथै विस्तार गर्ने कार्यलाई निरन्तरता दिईने छ।

**विपद् व्यवस्थापन**

८४. पालिकाको विपद् जोखिम नक्साङ्कन गरी विपद् प्रतिकार्य कार्ययोजना अद्यावधिक गरी सोही अनुरुप विपद् व्यवस्थापन कार्य अघि बढाइनेछ।

८५. सुरक्षा निकायसँगको समन्वयमा उद्धार तथा प्रतिकार्यमा उपयोग हुने उपकरण एवं सामग्रीहरु खरिद गरी व्यवस्थापन गरिने कार्यलाई निरन्तरता दिईने छ।

८६. आकस्मिक रुपमा पर्न सक्ने सम्भावित विपद्हरुको आँकलन गरी तत्काल उध्दार तथा राहतका लागि पालिका स्तरीय स्थानीय आपत्कालीन कार्य संचालन केन्द्र (LEOC) स्थापना गरिएको छ। साथै ९ वटै वडाहरुमा विपद् सूचकको व्यवस्था गरिएको छ ।

८७. जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरी राहत तथा उद्धारका लागि प्रत्येक वडामा दक्ष जनशक्ति तयार गर्ने कार्यको थालनी गरिने छ।

८८. पालिकाका प्रमुख स्थानहरुमा तत्काल उद्धार तथा पुनस्थापना केन्द्र सञ्चालन गर्न उपयुक्त स्थानहरु पहिचान गरिनेछ।

**कानून तथा न्याय**

८९. न्यायिक समितिका काम कारवाही प्रभावकारी तुल्याई शीघ्र न्याय निरुपण अभियान चलाइनेछ। न्यायिक समितिको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

९०. नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनले प्रदान गरेको जिम्मेवारीलाई प्रभावकारी ढङ्गबाट कार्य सम्पादन गर्न आवश्यक ऐन, नियम, निर्देशिका र कार्यविधिहरु तर्जुमा गरिनेछ।

९१. पालिकाको स्थानीय ऐन संग्रह प्रकाशित गर्ने कार्यलाई निरन्तरता दिईने छ।

शंकरप्रसाद मल्लन
उपाध्यक्ष

तातराम प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर भोलन
अध्यक्ष

९२. विवादरहित गाउँपालिका बनाउन सामुदायिक मेलमिलाप केन्द्रहरुलाई सक्रियताका साथ संचालन गर्न यसै आ.व.मा थप मेलमिलापकर्ताहरु तयार गर्न बजेटको व्यवस्था मिलाइने छ।

**शान्तिसुरक्षा**

९३. गाउँपालिकाको केन्द्रमा तथा विभिन्न स्थानहरुमा जडान गरिएको सि.सि.टि.भी. क्यामेराहरु लाई सुविधा सम्पन्न बनाई डिजिटल सेक्युरिटी मोनिटरिङ्गमा जोड दिइनेछ ।

**आर्थिक योजना तथा तथ्याङ्क**

९४. स्थानीय योजना तर्जुमा एवं कार्यान्वयनमा तथ्याङ्कहरुको उपयोग गर्ने नीति लिई जनशक्ति एवं प्रविधियुक्त तुल्याई स्थानीय अर्थतन्त्रका सबै अवयवहरुको तथ्याङ्क प्रकाशन गरिनेछ।

९५. पालिकाको दोस्रो आवधिक योजना तर्जुमा गरिनेछ। यसको लागी विज्ञहरु सहितको गाउँ योजना सुझाव आयोग गठन गरिनेछ।

९६. घ्याङलेख पालिका आयोजना बैंक तर्जुमा गरिनेछ।

**शासकीय सुधार**

९७. कार्यालयका विभिन्न शाखाहरुमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृध्दि गर्नका लागि संघ, प्रदेश तथा अन्य निकायसँग सहकार्य गरी विषयगत क्षेत्रको तालिमको व्यवस्था मिलाइने छ।

९८. गाउँसभाबाट स्वीकृत दरबन्दीमा पदपूर्ति गर्दै कार्यालयबाट सम्पादन हुने सेवा प्रवाहलाई विशिष्टिकरण गर्दै लगिने छ।

९९. पालिकाका सबै कामलाई कागजरहित बनाई सहज, सरल र सुलभरुपमा सेवा प्रवाह गरिनेछ। राजश्व प्रणालीलाई करदाताले सबै प्रकारको राजश्व विद्युतीय माध्यमबाट भुक्तानी गर्नसक्ने गरी परिमार्जित गरिनेछ।

१००. भ्रष्टचारमा शून्य सहनशीलताको नीति लिई भ्रष्टाचारजन्य कार्यमा संलग्नलाई कानूनी कारवाहीको दायरामा ल्याइनेछ।

१०१. गाउँपालिकालाई तिर्न, बुझाउन बाँकी बक्यौता रहेका व्यक्ति वा फर्मलाई आफ्नो बक्यौता बुझाउन नआएमा त्यस्तो व्यक्तिको लागि कानूनी उपचारको विधि अवलम्बन गरिने छ।

१०२. कार्यालयमा Paperless, faceless र Cashless को अवधारणा साथै IT Base सेवा प्रवाहलाई सुदृढीकरण गर्न E-Governance को अवधारणालाई कार्यान्वयन गर्दै लगिनेछ।

शंकरलाल घलान
उपाध्यक्ष

दाताराम प्याकुरेल
प्रमुख

जगत बहादुर भोलन

**आदरणीय सभा अध्यक्ष महोदय,**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरुको कार्यान्वयनका लागी बजेट विनियोजन तथा श्रोत व्यवस्थापन अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु।

१०३. आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि कुल बजेट रु. ४४ करोड २६ लाख ५० हजार ७ सय ९४ विनियोजन गरेको छु। कुल विनियोजन मध्ये चालु तर्फ रु. २९ करोड १५ लाख २२ हजार ७ सय ९४ अर्थात विनियोजनको ६५.८ प्रतिशत, पूँजीगत तर्फ रु. १५ करोड ११ लाख २८ हजार अर्थात विनियोजनको ३४.२ प्रतिशत र वित्तीय व्यवस्थापन तर्फ कुनै दायित्व नरहेको व्यहोरा अवगत गराउँछु।

१०४. आगामी आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोतहरुमध्ये आन्तरिक राजश्वबाट रु. ५० लाख १० हजार, नेपाल सरकारको वित्तीय समानीकरणबाट रु. ७ करोड २९ लाख, सङ्घीय राजश्व बाँडफाँडबाट ७ करोड ८७ लाख २२ हजार २ सय ७६, नेपाल सरकारको शशर्त अनुदान बाट रु. १४ करोड ८६ लाख २४ हजार ७ सय २२, समपूरक अनुदान रु. ९१ लाख, प्रदेश वित्तीय समानीकरण अनुदानबाट रु. ६४ लाख ३२ हजार, प्रदेश राजश्व बाँडफाँड रु. ३ करोड १० लाख ४३ हजार ७ सय ९६, समपूरक अनुदान रु.२ करोड ७६ लाख , विशेष अनुदान रु. ६५ लाख, स्थानीय राजस्व बाडफाड रु. ३५ लाख र आन्तरिक स्रोतबाट रु. ५० लाख १० हजार समेत गरी समेत गरी रु. ४० करोड ८६ लाख ६० हजार ७ सय ९४ श्रोत एकीन भई वाँकी रु. ३ करोड ३९ लाख ९० हजार रुपैयाँ खुद घाटा रहेको छ। उक्त घाटा बजेटलाई आन्तरिक श्रोतलाई अधिकतम परिचालन, आर्थिक वर्ष २०८१/०८२ वर्षान्तमा हुने बैंक मौज्दात प्रशासनिक खर्चबाट बचत, आय ठेक्का र साझेदारी निकायको सहयोगबाट प्राप्त हुने रकमबाट व्यहोरिने जानकारी गराउँदछु।

१०५. गाउँपालिकाले योजना तथा कार्यक्रमहरुको कार्यान्वयन प्रकृया अगाडि बढाउँदा त्रैमासिक रुपमा प्राथमिकीकरण गरी तयार गरिएको खरिद योजना र विभिन्न श्रोतहरुबाट प्राप्त भएको बजेटको परिधिमा रही संचालन गर्ने नीति अवलम्बन गरिने छ।

**सभा अध्यक्षज्यू**

आगामी आर्थिक वर्ष २०८२/०८३ को राजश्व सम्बन्धी नीति तथा कार्यक्रम निम्नानुसार प्रस्तुत गरेको छु।

१०६. स्थानीय कर प्रणालीलाई उत्पादन अभिवृद्धि र सामाजिक न्याय प्रवर्द्धन गर्ने तर्फ उन्मुख गरिएको छ। आन्तरिक राजश्वलाई पालिकाको भरपर्दो एवं दिगो वित्तीय स्रोतको रुपमा स्थापित गर्न विभिन्न आम्दानीका श्रोतहरुको पहिचान गर्ने कार्यलाई राजश्व नीतिको प्रमुख उद्धेश्यको रुपमा लिएको छु।

माथि उल्लेखित उद्देश्य हासिल गर्न देहाय अनुसार राजश्व नीति अवलम्बन गरिनेछ।

जगत बहादुर मोलन

शंकरमान प्रलान
उपाध्यक्ष

दाताराम ...
प्रमुख ...

क) पालिकाभित्र संचालनमा रहेका व्यवसायहरुलाई करको दायरामा ल्याउनका लागि विभिन्न खालका अभिमुखीकरण र जनचेतनामूलक कार्यक्रमहरु गरिने छ।

ख) पालिकाभित्र रहेका खोला, नदीहरुमा भएका दोहनलाई नियन्त्रणमा ल्याउनका लागि आवश्यक नीतिको अवलम्बन गरिने छ।

ग) सार्वजनिक स्थलमा जथाभावी फोहोर फाल्नेलाई न्यूनतम रु.१०००।- सम्म जरिवानाको व्यवस्था गरेको छु।

घ) गाउँपालिकामा उत्पादन भएका सामानहरु पालिका क्षेत्र बाहिर निकासी हुँदा उचित कर असुल गर्ने कार्यको थालनी गरिने छ।

ङ) महाभारत क्षेत्रमा वातावरणीय दृष्टिकोणले मनमोहक, रमणीय दृश्यहरुको अवलोकन गरी आन्तरिक तथा बाह्य पर्यटक भित्र्याई आम्दानीको श्रोत बढाउन नेपाल सरकार र प्रदेश सरकारको सहयोगमा विभिन्न पूर्वाधारहरुको निर्माण गर्दै लगिने छ।

च) महाभारत क्षेत्रमा प्रचुरमात्रमा रहेको जडीबुटी उत्पादन तथा प्रशोधनको सम्भावनालाई व्यवसायिक रुपमा उद्योग संचालन गरी आम्दानी बढाउन पहल गरिने छ।

छ) राजश्व प्रणालीलाई प्रविधि मैत्री, करदाता मैत्री बनाई कर सहभागीता लागत घटाई कर परिपालना अभिवृद्धि गरिनेछ।

**सभा अध्यक्ष महोदय,**

१०७. आर्थिक वर्ष २०८१/०८२ को संशोधित अनुमान र आर्थिक वर्ष २०८२/०८३ को शीर्षकगत र स्रोत सहितको व्यय अनुमान अनुसूची १/२ मा उल्लेख गरेको छु।

१०८. बजेटमा प्रस्तावित वित्तीय तथा राजश्व सुधारका नीतिबाट आन्तरिक राजश्वको कर आधार फराकिलो हुने, प्रशासनिक खर्चमा मितव्ययीता कायम भई पूँजीगत खर्चको गुणस्तर एवं प्रभावकारिता बढ्ने अपेक्षा राखेको छु।

१०९. बजेट तर्जुमाको क्रममा महत्वपूर्ण सल्लाह सुझाव प्रदान गर्नुहुने कार्यपालिका एवं पालिकासभाका सम्पूर्ण सदस्यज्यूहरु, प्रबुद्ध नागरिक समाज, विज्ञ व्यक्तित्वहरु, राजनैतिक दलका प्रतिनिधिहरु एवं गाउँपालिका कर्मचारी मित्रहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। यस बजेटको नतिजामूखी र प्रभावकारी कार्यान्वयनमा सबै पक्षबाट यथेष्ट सहयोग प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु ।

**धन्यवाद।**

**शंकरमान घलान**

**उपाध्यक्ष**

**जय घ्याङलेख।**

शंकरमान घलान
उपाध्यक्ष

दाताराम घ्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर भोलन
अध्यक्ष

**विर्णय नं. ५**

प्रस्ताव नं ५ माथि छलफल गर्दा घ्याङलेख गाउँपालिका, गाउँ कार्यपालिकाबाट कार्य सम्पादन गर्ने सम्बन्धमा आईपर्ने वाधा व्यवधान समेतलाई मध्यनजर गरी आवश्यक पर्ने नीति, नियमावली, कार्यविधि तथा निर्देशिकाहरु लगाएत निर्माण गरी लागु गर्न गाउँ कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

**विर्णय नं. ६**

प्रस्ताव नं ६ माथि छलफल गर्दा आ. व. २०८२।०८३ को लागि पदाधिकारी बैठक तथा वडा समितिको बैठक भत्ता (क) तालिकामा उल्लेख भए अनुसार हुने गरी व्यवस्थापन गर्न कार्यपालिकालाइ निर्देशित गर्ने निर्णय गरियो । त्यसै गरी गाउँपालिकाबाट सञ्चालन हुने तलिम, गोष्ठी तथा सेमिनार आदिमा गरिने खर्चको नर्म्स निम्न (ख) तालिकामा भए अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।

(क) तालिका

| क्र.स. | सभा, बैठक | पदाधिकारी | बैठक भत्ता (प्रति बैठक) |
|---|---|---|---|
| १ | गाउँ सभा | सचिव (प्रमुख प्रशासकीय अधिकृत) र कर्मचारी | रु.१०००।०० |
| २ | कार्यपालिका बैठक | सचिव (प्रमुख प्रशासकीय अधिकृत) र कर्मचारी | रु.१०००।०० |
| ३ | अन्य बैठक | कर्मचारी | रु.१०००।०० |
| | | सदस्य सचिव | रु.१०००।०० |
| ४ | अन्य बैठक | अध्यक्ष | रु.१५००।०० |
| | | सदस्यहरु (उपाध्यक्ष तथा सदस्यसमेत) | रु.१५००।०० |
| | | कर्मचारी | रु.१५००।०० |
| | | सदस्य सचिव | रु.१५००।०० |
| ५ | कर्मचारी बैठक, मूल्यांकन समिति लगायत विविध बैठक | संयोजक (प्रमुख प्रशासकीय अधिकृत वा अन्य) | रु.१५००।०० |
| | | सदस्य | रु.१५००।०० |
| | | सदस्य सचिव | रु.१५००।०० |

शंकरमान [illegible]
उपाध्यक्ष

दाताराम प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर भोलन
अध्यक्ष

नोटः- पदाधिकारी बैठकमा शाखा, कार्यालयका कर्मचारी वा विज्ञ समेतलाइ आमन्त्रित गर्न सक्ने, आमन्त्रित गर्दा पदाधिकारीले पाए सरह नै बैठक भत्ता दिने ।

- अन्य आमन्त्रित सदस्य र बाह्य कार्यालयका कर्मचारीहरुलाइ रु.१८००।०० का दरले बैठक भत्ता उपलब्ध हुनेछ ।
- गाउँपालिकाबाट गठित समिति, उप समिति, कार्यदल, बोलपत्र/दरभाउपत्र खोल्दा र मूल्याङ्कन गर्दा, डाक बढाबढको कार्य गर्दा, योजना अनुगमनको लागि समेत रु.१८००।०० का दरले बैठक भत्ता उपलब्ध हुनेछ ।

(ख) तालिका

| क्र.स. | विवरण | इकाई | बढीमा खर्च सिमा |
|---|---|---|---|
| १ | कार्यक्रम संयोजक | प्रति दिन | १२००।०० |
| २ | आन्तरीक प्रस्तुतकर्ता | | |
| २.१ | मुख्य प्रशिक्षक/सहजकर्ता | प्रति कक्षा | २०००।०० |
| २.२ | सहायक प्रशिक्षक | प्रति कक्षा | १८००।०० |
| २.३ | मुख्य प्रशिक्षक/सहजकर्ता | प्रति दिन | ४०००।०० |
| २.४ | सहायक प्रशिक्षक | प्रति दिन | ४०००।०० |
| २.५ | कार्यपत्र वापत | प्रति कार्यपत्र | १०००।०० |
| ३ | बाहिरी प्रस्तुतकर्ता | | |
| ३.१ | मुख्य प्रशिक्षक/सहजकर्ता | प्रति कक्षा | २८००।०० |
| ३.२ | सहायक प्रशिक्षक/सहजकर्ता | प्रति कक्षा | २०००।०० |
| ३.३ | मुख्य प्रशिक्षक/सहजकर्ता | प्रति दिन | ५०००।०० |
| ३.४ | सहायक प्रशिक्षक/सहजकर्ता | प्रति दिन | ४०००।०० |
| ३.५ | कार्यपत्र वापत | प्रति कार्यपत्र | १०००।०० |
| ४ | खाजा खर्च | प्रति जना | २००।०० |
| ५ | खाना खर्च | प्रति जना | ४००।०० |
| ६ | सहभागी यातायात खर्च | प्रति जना | १०००।०० |
| ७ | बाहिरको प्रशिक्षक दै.भ्र.भ. | प्रति दिन | १६००।०० |
| ८ | बाहिरको प्रशिक्षक यातायात खर्च | बिल अनुसार | नियमानुसार |
| ९ | स्टेशनरी(मसलन्द) | | २००।०० |
| १० | यसमा नतोकिएका विषयहरु कार्यपालिकाको बैठकले निर्णय गरे बमोजिम हुने छ । | | |

**निर्णय नं. ७**

प्रस्ताव नं ७ माथि छलफल गर्दा गाउँपालिका क्षेत्रमा संचालित विकास आयोजनाहरु संचालन गर्नका लागि आवश्यक पर्ने बस्तु तथा सेवाको स्थानीय दररेट निर्धारण गरी लागु गर्न गाउँ कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

शंकरमान घलान
उपाध्यक्ष

दाताराम प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर मोलन
अध्यक्ष

**निर्णय नं. ८**

प्रस्ताव नं ८ माथि छलफल गर्दा नेपालको संविधान (२०७२) तथा स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी यस गाउँपालिकाको समुन्नत विकासका लागि देश विदेशका स्थानीय तहसँग भगिनी सम्बन्ध कायम गर्न गाउँ कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं ९ माथि छलफल गर्दा स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण गर्न आबश्यक अभिलेखांकन गर्ने कार्यको शुरुवातलाई निरन्तरा दिने निर्णय गरियो ।

**निर्णय नं.१०**

प्रस्ताव नं १० माथि छलफल गर्दा दुई वा दुई भन्दा वढी स्थानीय तहलाई प्रत्यक्ष फाइदा पुग्ने योजना संचालन गर्न आवश्यक समन्वय गर्न गाउँ कार्यपालिकालाई अनुमति दिने निर्णय गरियो।

**निर्णय नं. ११**

प्रस्ताव नं ११ माथि छलफल गर्दा घ्याङलेख गाउँपालिकाकालाई बुझाउनु पर्ने बाँकी वक्यौता कर, पेश्की बेरुजु, बेरुजु, ऋण तथा अन्य विविध बक्यौता रकम नवुझाउने तथा फरफारक गर्न कुनै प्रक्रिया नचालेका ब्यक्ति तथा संस्थाहरुलाई पूर्वसूचना दिई गाउँपालिकाबाट प्रवाह गरिने सेवा रोक्का राख्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं १२ माथि छलफल गर्दा घ्याङलेख गाउँपालिकाको क्षेत्र भित्र विविध विषयहरुमा समिति तथा उपसमितिहरु र अन्य आवश्यक विषयका समिति तथा उपसमिति गठन गर्ने अधिकार गाउँ कार्यपालिकालाइ प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा सार्वजनिक, ऐलानी र पर्ति जग्गा तथा व्यापार व्यवसाय एवं उद्योगको लगत संकलन गर्ने कार्यलाई निरन्तरता दिने ।

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा साविक जिल्ला विकास समितिमा विगत लामो समयदेखि करारमा कार्यरत सहायकस्तर पाँचौ तहका श्री भरतजंग थापा मिति २०७४ साल श्रावण १६ गतेबाट जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुलीबाट अस्थायी रुपमा समायोजन भई आउनु भएकोले निजलाई रमानापत्रमा उल्लेख भएका सेवा सुविधाहरु (विरामी विदा, घर विदा, पर्व क्यावि विदा आदि) दिनेगरी मिति २०८३ साल असार मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

शंकरमान घलान
उपाध्यक्ष

दाताराम प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर मोलन
अध्यक्ष

**निर्णय नं. १५**

प्रस्ताव नं. १५ माथि छलफल गर्दा गाउँपालिकालाई वातावरणमैत्री, अपाङ्गमैत्री, बालमैत्री, पोषणमैत्री निर्माण गर्न सहयोग पुऱ्याउन सवै विद्यालयहरु तथा वडा कार्यालय मार्फत कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं.१६**

प्रस्ताव नं. १६ माथि छलफल गर्दा न्यायिक समितिले आ.व. २०८१।०८२ मा सम्पादन गरेका कार्यहरुको प्रतिवेदन सभामा पेश भई छलफल गरी प्रतिवेदन सन्तोषजनक भएकोले स्वीकृत गरियो । साथै सूचिकृत मेलमिलाप कर्ताहरुलाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. १७**

प्रस्ताव नं. १७ माथि छलफल गर्दा साविकमा पूर्वाधारका विकास निर्माणका कार्य गर्दा उपभोक्ता समितिले १० प्रतिशत लागत सहभागिता वापत नगदै जम्मा गर्नु पर्ने व्यवस्था रहेकोमा सो लाई नगद जम्मा नगरी जनश्रमदानबाट व्यहोर्ने गरी योजना संचालन गर्ने व्यवस्था गर्ने निर्णयलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. १८**

प्रस्ताव नं. १९ माथि छलफल गर्दा यस गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत प्राविधक कर्मचारीहरुलाइ देहायमा उल्लेखित मासिक फिल्ड भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

क. ईन्जिनियर/स. ईन्जिनियर प्रति महिना रु. १२०००।–

ख. सव. इन्जिनियर/अ.सव.इन्जिनियर प्रति महिना रु. १००००।–

**निर्णय नं. १९**

प्रस्ताव नं. १९ माथि छलफल गर्दा यस घ्याङ्लेख गाउँपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुलाई गाउँपालिकाको कार्यविधि बमोजिम कामको आधारमा प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं.२०**

प्रस्ताव नं. २० माथि छलफल गर्दा साविकमा खाइपाइ आएको सुविधा अतिरिक्त नेपाल सरकारले निर्धारण गरेको तलव स्केल, ग्रेड र भत्ता रकम यस कार्यालयको दरबन्दीमा कार्यरत स्थायी कर्मचारीहरुलाइ दिने निर्णय गरियो ।

**निर्णय नं. २१**

प्रस्ताव नं.२१ माथि छलफल गर्दा आ.व. २०८१।०८२ को विभिन्न मिति।समयमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले कार्यालयमा गरेका निर्णय तथा कार्यहरुलाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. २२**

दाताराम प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर ओलन
अध्यक्ष

शंकरमाया थुलान
उपाध्यक्ष

प्रस्ताव नं.२२ माथि छलफल गर्दा वडा कार्यालय, स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य इकाइहरुले पानी तथा विजुली र इन्टरनेट आदिको महशुल रिडिङ बील प्राप्त भएपश्चात जरिवाना नलाग्ने गरी समयमानै भुक्तानी गरी गाउँपालिकाबाट सोधभर्ना भुक्तानी लिने र सो नगरेमा जरिवानाको रकम वडा सचिव, स्वास्थ्य चौकी, ईकाई प्रमुखले नै व्यहोर्नुपर्ने निर्णय गरियो।

**निर्णय नं. २३**

प्रस्ताव नं. २३ माथि छलफल गर्दा गाउँपालिकाबाट बुझिलिएको सवारी साधन सवारी चालक र कर्मचारी स्वयम आफैंको निगरानीमा राखी प्रत्येक वर्ष गर्नु पर्ने सवारी दर्ता, नवीकरण, सवारी साधन बीमा लगाएतका कार्य गरी पालिकाबाट सोधभर्ना लिनुपर्ने, सो नगरेमा सम्बन्धित सवारी चलाउने चालक, कर्मचारी, जनप्रतिनिधिहरु नै जिम्मेवार हुने साथै कार्यालयको कामकाज बाहेक सवारी साधन प्रयोग गरेमा स्वयम जिम्मेवार हुने तथा सवारी चालक अनुमति पत्र नभएकाहरुलाइ सवारी साधन र तेल उपलब्ध नगराउने निर्णय गरियो।

**निर्णय नं. २४**

प्रस्ताव नं.२४ माथि छलफल गर्दा ५ लाख सम्मको योजना तथा कार्यक्रमको गत विगत आ.व मा भएको निर्णय बमोजिम लागत अनुमान तयार गरी स्वीकृत गर्ने, सम्झौता गर्ने, कार्यादेश दिने, अनुगमन गर्ने, कार्यसम्पन्न प्रतिवेदन तयार गरी प्रमाणित गर्ने, भुक्तानी गर्दा गाउँपालिका ईन्जिनियरबाट चेकजाच गराई भुक्तानी गर्ने कार्यलाई निरन्तरता दिदै आएकोमा अब उप्रान्त लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा सम्बन्धित वडा अध्यक्षको रोहवरमा गर्ने र सो भन्दा माथिका योजनाहरुको लागत अनुमान तयार तथा संशोधन, कार्यसम्पन्न प्रतिवेदन तयार गर्दा गाउँपालिका अध्यक्ष र उपाध्यक्षको रोहवरमा मात्र गर्ने निर्णय गरियो।

**निर्णय नं. २५**

प्रस्ताव नं.२५ माथि छलफल गर्दा यस गाउँपालिका अन्तरगत सम्पूर्ण विधालयहरुमा आ.व.२०८२।०८३ मा गाउँपालिकाबाट अनुदान तर्फ तलब भत्ता भुक्तानी हुने प्रकारका नयाँ शिक्षक/कर्मचारी भर्ना तथा नियुक्ति नगर्नुका साथै दरवन्दी सिर्जना नगर्ने र स्वास्थ्य चौकीहरु, स्वास्थ्य इकाईहरुमा समेत दरवन्दी सिर्जना नगर्नुका साथै नयाँ कर्मचारी भर्ना तथा नियुक्ति नगर्ने निर्णय गरियो।

**निर्णय नं. २६**

प्रस्ताव नं. २६ माथि छलफल गर्दा यस गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य चौकी, स्वास्थ्य ईकाइहरुमा कार्यरत ज्यालादारी।करारमा कार्यरत कर्मचारीहरुमध्ये तपसिल अनुसारका कर्मचारीहरुको २०८२ साल श्रावण १ गते देखि २०८२ साल पौष मसान्त सम्मको सेवा करार सम्झौता म्याद थप गर्ने निर्णय गरियो। सडक हेरालुको सम्झौतामा उल्लेख भए बमोजिमको अवधिको लागि र पुल हेरालुको हकमा मिति २०८३ साल असार मसान्त सम्मको लागि म्याद थप

शंकरमान घलान
उपाध्यक्ष

दाता...
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर मोलन
अध्यक्ष

गर्ने निर्णय गरियो। साथै यस गाउँपालिका अन्तरगतका सामुदायिक विद्यालयहरुमा कार्यरत गा.पा. दरवन्दी, राहत शिक्षक तथा कर्मचारीहरुको समेत नियमानुसार विद्यालयबाट सेवा करार सम्झौता गरी सोही बमोजिम मात्र तलब भत्ता निकाशा गर्ने निर्णय गरियो।

**देहायः**

| कार्यालयको नामः घ्याङ्लेख गाउँपालिका, हायुटार, सिन्धुली। | | | | | |
|---|---|---|---|---|---|
| क्र.स. | कर्मचारीको नाम थर | तह वा श्रेणी | करार | लिङ्ग | स्थायी ठेगाना |
| १ | तोयनाथ भट्ट | ईन्जिनियर | करार | पु | दाङ |
| २ | मस्त कुमार वाइबा | रोजगार संयोजक | करार | पु. | घ्याङलेख- ३, सिन्धुली |
| ३ | भरत जंग थापा | सहायक पाँची, प्रशासन | करार | पु. | सुनकोशी- ५, सिन्धुली |
| ४ | सुब्बा सिं थिङ | रोजगार सहायक | करार | पु | घ्याङलेख-५, सिन्धुली |
| ५ | प्रकाश खतिवडा | सहायक पाँची, न्याय | करार | पु. | क.न.पा १, सिन्धुली |
| ६ | मिलन पुलामी | सब. ईन्जिनियर | करार | पु | तीनपाटन ४, सिन्धुली |
| ७ | वीर बहादुर स्याङतान | सव इन्जिनियर | करार | पु | घ्याङलेख ५, सिन्धुली |
| ८ | सुदिप थापा | कम्प्युटर अपरेटर | करार | पु | क.न.पा ४, सिन्धुली |
| ९ | रवि कुमार गोले | एमआइएस अपरेटर | करार | पु | घ्याङलेख १, सिन्धुली |
| १० | छिरिङ दोर्जे लामा | प्रा.स, कृषि,पाँचौ | करार | पु | घ्याङलेख १, सिन्धुली |
| ११ | भिम सागर घलान | सहायक क.अ. | करार | पु | घ्याङलेख -४ , सिन्धुली |
| १२ | बिक्रम थिङ | ना. प से. प्रा. | करार | पु | घ्याङलेख ३, सिन्धुली |
| १३ | चित्र कुमार थिङ | ना. पशु स्वा. प्रा. | करार | पु | घ्याङलेख ३, सिन्धुली |
| १४ | दिर्गराज थिङ | कृषि प्राविधिक, चौथीं | करार | पु | घ्याङलेख ५, सिन्धुली |
| १५ | सरस्वति सुनुवार | कृषि प्राविधिक, चौथीं | करार | म | घ्याङलेख २, सिन्धुली |
| १६ | शर्मिला स्याङ्तान | कृषि प्राविधिक, चौथीं | करार | म | घ्याङलेख २, सिन्धुली |
| १७ | दिल कुमार श्रेष्ठ | कृषि प्राविधिक, चौथीं | करार | पु | घ्याङलेख ४, सिन्धुली |
| १८ | रुका कुमारी विश्वकर्मा | कृषि प्राविधिक, चौथीं | करार | म | क.न.पा ४, सिन्धुली |
| १९ | भक्तहरी श्रेष्ठ | अमिन, चौथी | करार | पु | क.न.पा ४, सिन्धुली |
| २० | राजेश लो | क.अ. चौथो | करार | पु | घ्याङलेख १, सिन्धुली |
| २१ | पशुपति सुनुवार | क.अ. चौथो | करार | पु | घ्याङलेख २, सिन्धुली |
| २२ | सरस्वति लामिछाने | क.अ. चौथो | करार | म | घ्याङलेख ५, सिन्धुली |
| २३ | लाल बहादुर | फिल्ड सहायक | करार | पु | घ्याङलेख ३, सिन्धुली |

शंकरलाल घलान
उपाध्यक्ष

दाताराम ... पुडेल
प्रमुख प्र... अधिकृत

जगत बहादुर मोलन
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| | स्याङ्तान | | | | |
| २४ | राजु भ्लोन | फिल्ड सहायक | करार | पु | घ्याङलेख २, सिन्धुली |
| २५ | कमला सापकोटा | उद्यम सहजकर्ता | करार | म | क.न.पा ११, सिन्धुली |
| २६ | हिरा कुमारी पहाडी | उद्यम सहजकर्ता | करार | म | क.न.पा ११, सिन्धुली |
| २७ | सुमित्रा विश्वकर्मा | पोषण स्वयंसेवक | करार | म | घ्याङलेख १, सिन्धुली |
| २८ | सूर्य बहादुर वाइबा | ब्याक हो लोडर अपरेटर | करार | पु | घ्याङलेख २, सिन्धुली |
| २९ | लघुराम योञ्जन | का.स. | करार | पु | घ्याङलेख २, सिन्धुली |
| ३० | सुप्रति लामा | का.स. | करार | म | घ्याङलेख २, सिन्धुली |
| ३१ | लक्ष्मी जर्गा मगर | का.स. | करार | म | घ्याङलेख २, सिन्धुली |
| ३२ | मान बहादुर लामिछाने | का.स. | करार | पु | घ्याङलेख २, सिन्धुली |
| ३३ | मदन गोले | का.स. | करार | पु | घ्याङलेख ३, सिन्धुली |
| ३४ | फडिन्द्र बहादुर श्रेष्ठ | का.स. | करार | पु | घ्याङलेख ५, सिन्धुली |
| ३५ | मान बहादुर लो | का.स. | करार | पु | घ्याङलेख २, सिन्धुली |
| ३६ | मनोज घलान | का.स. | करार | पु | घ्याङलेख ५, सिन्धुली |
| ३७ | राज कुमार लो | स.क.अ. | करार | पु | घ्याङलेख-२, सिन्धुली |
| ३८ | अरविन्द कुमार यादव | हे.अ. | करार | पु | रामनगर २, सर्लाही |
| ३९ | सोनिका ढकाल | स्टाफ नर्स | करार | म | क.न.पा ५, सिन्धुली |
| ४० | मञ्जु घलान | स्टाफ नर्स | करार | म | घ्याङलेख ४, सिन्धुली |
| ४१ | जीवन श्रेष्ठ | कविराज | करार | पु. | क.न.पा.-७, सिन्धुली |
| ४२ | रेनु कुमारी भोलन | अ.हे.ब. | करार | म | घ्याङलेख १, सिन्धुली |
| ४३ | कृष्ण कुमार घोङ | अ.हे.ब. | करार | पु | घ्याङलेख ४, सिन्धुली |
| ४४ | सुवर्ण थिङ | अ.हे.ब. | करार | पु | घ्याङलेख ५, सिन्धुली |
| ४५ | इन्द्र देब श्रेष्ठ | अ.हे.ब. | करार | पु | घ्याङलेख ३, सिन्धुली |
| ४६ | नबिना पोखरेल | अ.न.मी. | करार | म | फिक्कल गा.पा. |
| ४७ | युवराज देवकोटा | अ.हे.ब. | करार | पु | क.न.पा.-१, सिन्धुली |
| ४८ | विक्रम कु. सुनुवार | अ.न.मी. | करार | म | दुधौली ५, सिन्धुली |
| ४९ | चन्दिरा राउत | अ.न.मी. | करार | म | क.न.पा.-५, सिन्धुली |
| ५० | देवुका घिसिङ | अ.न.मी. | करार | म | क.न.पा.-६, सिन्धुली |
| ५१ | ईश्वरीमाया बम्जन | ल्या.अ. | करार | म | घ्याङलेख १, सिन्धुली |
| ५२ | दिल कुमारी सिंजाली | का.स. | करार | म | घ्याङलेख ५, सिन्धुली |
| ५३ | अनिशा श्रेष्ठ | का.स. | करार | म | घ्याङलेख-४, सिन्धुली |
| ५४ | बसन्ती गोले | का.स. | करार | म | घ्याङलेख-२, सिन्धुली |
| ५५ | विवेक कुमार थामी | का.स. | करार | पु | घ्याङलेख-२, सिन्धुली |
| ५६ | विष्णु माया थिङ | का.स. | करार | म | घ्याङ्लेख-३, सिन्धुली |

शंकरमान घलान
उपाध्यक्ष

दाताराम [illegible]
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर भोलन
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| ५७ | अस्मिता स्याङ्तान | का.स. | करार | म | घ्याङलेख-३, सिन्धुली |
| ५८ | कान्छामान पाख्रिन | का.स. | करार | पु | घ्याङलेख-४, सिन्धुली |
| ५९ | रोम कुमार नेपाली | का.स. | करार | पु | घ्याङलेख-५, सिन्धुली |
| ६० | प्रकाश स्याङतान | का.स. | करार | पु | घ्याङलेख-२, सिन्धुली |
| ६१ | सुनिता कुमारी बम्जन | का.स. | करार | म | घ्याङलेख-१, सिन्धुली |
| ६२ | मेनुका बल | अ.न.मी. | करार | म | घ्याङलेख-३, सिन्धुली |
| ६३ | डा .अमन कुमार साह | मेडिकल अधिकृत | करार | पु | महोत्तरी |
| ६४ | छत्र बहादुर श्रेष्ठ | अ.सब.ईञ्जिनियर | ज्यालादारी | पु | क.न.पा.-६,सिन्धुली |
| ६५ | शंखध्वज धोङ | अ.सब.ईञ्जिनियर | ज्यालादारी | पु | घ्याङलेख -४, सिन्धुली |
| ६६ | एकराज पाख्रिन | क.अ. चौथो | ज्यालादारी | पु | घ्याङलेख ४, सिन्धुली |
| ६७ | योगनारायण स्याङतान | क.अ. चौथो | ज्यालादारी | पु | घ्याङलेख ३, सिन्धुली |
| ६८ | लक्ष्मी स्याङ्तान | क.अ. चौथो | ज्यालादारी | म | घ्याङलेख-२,सिन्धुली |
| ६९ | उमा कुमारी भोलन | फिल्ड सुपरभाइजर | ज्यालादारी | म | घ्याङलेख-१, सिन्धुली |
| ७० | योगेश स्याङ्तान | ह.स.चा. | ज्यालादारी | पु | घ्याङलेख-२, सिन्धुली |
| ७१ | अयज वाईबा | ह.स.चा. | ज्यालादारी | पु | घ्याङलेख-४, सिन्धुली |
| ७२ | छेयाङ थोकर | ह.स.चा. | ज्यालादारी | पु | घ्याङलेख-१, सिन्धुली |
| ७३ | नाराण ध्वज वाईबा | कला संगीत प्रशिक्षक | ज्यालादारी | पु | घ्याङलेख-४, सिन्धुली |
| ७४ | अर्जुन कुमार श्रेष्ठ | अ.हे.ब. | ज्यालादारी | पु | घ्याङलेख ४ सिन्धुली |
| ७५ | एलिना स्याङतान | अ.हे.ब. | ज्यालादारी | म | घ्याङलेख १, सिन्धुली |
| ७६ | निलम पाख्रिन | अ.हे.ब. | ज्यालादारी | म | घ्याङलेख-१, सिन्धुली |
| ७७ | सन्ध्या वाइबा | अ.न.मी. | ज्यालादारी | म | घ्याङलेख २, सिन्धुली |
| ७८ | सर्मिला मोक्तान | का.स. | ज्यालादारी | म | घ्याङलेख १, सिन्धुली |
| ७९ | सन्तमाया जर्गा मगर | का.स. | ज्यालादारी | म | घ्याङलेख २, सिन्धुली |

**निर्णय नं.२७**

प्रस्ताव नं.२७ माथि छलफल गर्दा यस गाउँ कार्यपालिकाको कार्यालय, पालिकाको मातहतमा कार्यरत कर्मचारी तथा पालिका अन्तरगतका विद्यालयमा कार्यरत शिक्षक/शिक्षिका,

शंकरमान बलान
उपाध्यक्ष

दाताराम ...
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर भोलन
अध्यक्ष

व्यवसायी, कृषक, खेलाडी, उपभोक्ता समितिहरु मध्ये उत्कृष्ट कार्य गर्ने देहाय बमोजिमका व्यक्तिहरुलाई जवही कर कट्टी समेत रु १०,०००।– र सम्मान पत्र सहित पुरस्कृत गर्ने मिति २०८२।०३।०९ गतेको निर्णय नं.२ अनुसार गर्ने निर्णय गरियो।

१. कर्मचारी:- बिर बहादुर स्याङ्तान (सब. ईन्जिनियर)

२. वि.व्य.स.- ईक बहादुर आले (आ.वि. गोठडाँडा, चैनपुर)

३. विषयगत शिक्षक:- गङ्जु गोले (आ.वि. भोट्थुम)

४. प्रधानाध्यापक:- संगिता लुङ्गेली (आ.वि. बस्तीपुर)

५. कृषक:- प्रतिक ठोकर (वडा नं.२)

६. पशु:- राज कुमार ड्यासुर (वडा नं.५)

७. स्वयम् सेविका:- प्रजिना योञ्जन (वडा नं.५)

८. उपभोक्ता समिति:- खानिखोला फलामे पुल निर्माण उपभोक्ता समिति (वडा नं. ५)

९. कला, संस्कृति:- नम्रता थामी (वडा नं.२)

१०. खेलाडी:- जनक वाईबा (वडा नं.२)

११. स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी:- बिष्णु राना मगर (अमले स्वास्थ्य चौकी)

शंकरलाल घलान
उपाध्यक्ष

दाताराम प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

**निर्णय नं. २८**

प्रस्ताव नं. २८ माथि छलफल गर्दा यस गाउँपालिकामा गाउँसभाको अधिवेशन नबसेको समयमा हुने अत्यावश्यक विषयको निर्णय गाउँ कार्यपालिका बैठकलाई दिने र सो निर्णयलाई का.पा. बैठक मार्फत गाउँसभाको अधिवेशनमा अनुमोदन हुने गरी निर्णय गरियो।

**निर्णय नं. २९**

प्रस्ताव नं. २९ माथि छलफल गर्दा यस गाउँपालिका अन्तरगत कार्यरत देहायका कर्मचारी तथा शिक्षकको तलब निर्धारण देहाय अनुसार नै गर्ने निर्णय गरियो।

**देहायः**

| क्र.स. | पदको विवरण | मासिक तलब | कै. |
|---|---|---|---|
| १ | सहायक कम्प्युटर अपरेटर (सहायकस्तर चौथौं) | २८,७८०।- | |
| २ | फिल्ड सुपरभाईजर | २८,७८०।- | |
| ३ | गा.पा. अनुदान प्रा.शि. | २०,०००।- | |
| ४ | गा.पा. अनुदान मा.शि. | ३०,०००।- | |
| ५ | बालबिकास सहजकर्ता | १७,०००।- | |
| ६ | गा.पा. नि.मा.शि. | २२,०००।- | |
| ७ | का.स. (गा.पा.) | १७,२५०।- | |
| ८ | का.स. (विद्यालय) | १७,०००।- | |
| ९ | लेखा सहायक (विद्यालय) | १७,०००।- | |

**निर्णय नं. ३०**

प्रस्ताव नं.३० माथि छलफल गर्दा आगामी आ.व. देखि सबै कर्मचारीहरुले आफूले सम्पादन गरेका दैनिक कामको विवरण मासिक रुपमा हाजिरी प्रमाणित सँगै अनिवार्य रुपमा पेश गर्नु पर्ने र यसरी कार्य सम्पदानको विवरण मासिक रुपमा पेश नगर्ने कर्मचारीहरुको तलब/भत्ता लगायतका सुविधा रोक्का राख्ने निर्णय गरियो।

निर्णय नं.३१

प्रस्ताव नं. ३१ माथि छलफल गर्दा यस गाउँपालिकाका लागि अति आवश्यक पर्ने पदमा कर्मचारी आवश्यक भएको समयमा नियमानुसार पदपूर्ति गर्ने निर्णय गरियो।

शंकरमान घलान
उपाध्यक्ष

दाताराम प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर मोलन
अध्यक्ष